# परमेश्वरको उपस्थितिको अभ्यास
# र
# आत्मिक नीतिहरू

दाजु लरेन्स

# परमेश्वरको उपस्थितिको अभ्यास
# र
# आत्मिक नीतिहरू

- दाजु लरेन्स -

## The Practice of the Presence of God
## &
## Spiritual Maxims

Brother Lawrence (1614 - 1691)

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
Visit us @ www.togmission.com
email: togmission@gmail.com

पहिलो प्रकाशन : वि.सं. २०८२ (२०२५ A.D.)
अनुवादक : के.एम.दास
टाइपिङ्ग : सहदेव श्रेष्ठ

All our books are freely available for download on our website.

The contents of this book can be used only for non-commercial purposes.
© All rights reserved.

# विषय सूची


| विषय | पृष्ठ |
| --- | --- |
| **संवादहरू** | |
| • पहिलो संवाद | ७ |
| • दोस्रो संवाद | १० |
| • तेस्रो संवाद | १५ |
| • चौथो संवाद | १८ |
| **पत्रहरू** | |
| • पहिलो पत्र | २४ |
| • दोस्रो पत्र | २६ |
| • तेस्रो पत्र | ३१ |
| • चौथो पत्र | ३३ |
| • पाँचौँ पत्र | ३६ |
| • छैटौँ पत्र | ३८ |
| • सातौँ पत्र | ४० |
| • आठौँ पत्र | ४२ |
| • नवौँ पत्र | ४४ |
| • दसौँ पत्र | ४६ |
| • एघारौँ पत्र | ४८ |
| • बाह्रौँ पत्र | ५० |
| • तेह्रौँ पत्र | ५२ |
| • चौधौँ पत्र | ५४ |
| • पन्ध्रौँ पत्र | ५५ |
| **आत्मिक नीतिहरू** | ५९ |
| **दाजु लरेन्सका गुण** | ७५ |

# धन्यवाद

जे जति असल कुराहरू गरिएका छन् ती सबै उहाँकै ज्ञान र सामर्थ्यले गरिएका हुन्, र जे जति असल परिणामहरू यसबाट आउँछन् ती सबै उहाँकै आत्मा र अनुग्रहले नै आउनेछन् । सबै धन्यवाद र महिमा उहाँलाई नै चढाउँछौँ ।

**Bibliography (सन्दर्भ सामग्री)**

The Practice of the Presence of God & Spiritual Maxims
by Brother Lawrence
The Character of Brother Lawrence by M. Beaufort

# प्रस्तावना

दाजु लरेन्स सन् १६१४ मा फ्रान्सको लोरेन प्रान्तको हेर्मनिलमा जन्मनुभएको थियो। उहाँको वास्तविक नाम निकोलस हर्मन थियो। उहाँको जन्मसम्बन्धी विवरण भएको मण्डलीका अभिलेखहरू फ्रान्समा त्यति बेला ३० वर्षसम्म चलेको युद्धमा नष्ट भए, जुन युद्धमा उहाँ आफै पनि सिपाहीको रूपमा लड्नुभएको थियो। त्यही युद्धको बेलामा लागेको एउटा घातक चोटले उहाँको खुट्टाको एउटा नसोलाई गम्भीर रूपमा असर पाऱ्यो। यो चोटले उहाँलाई बाँकी जीवनभरि अपाङ्ग बनायो, र पूर्ण पीडामा छोड्यो।

उहाँको प्रारम्भिक जीवनका विवरणहरू अपूर्ण छन्। यद्यपि हामीलाई यो थाहा छ, कि उहाँले घरमा आफ्ना अभिभावक र मण्डलीको पादरीद्वारा, जसलाई जवान निकोलसले धेरै सम्मानका साथ हेर्थे, र जसको पहिलो नाम पनि लरेन्स थियो, शिक्षा पाउनुभएको थियो। उहाँले राम्ररी पढ्नुभएको थियो, र सानैदेखि परमेश्वरप्रतिको विश्वास र प्रेमको जीवनतिर आकर्षित हुनुहुन्थ्यो।

हामीलाई यो पनि थाहा छ, कि सिपाहीको रूपमा आफ्नो कर्तव्यको अचानक अन्त, र इसाई भिक्षु जीवनको प्रवेशको बिचका समयहरूमा उहाँले मरुभूमिका पादरीहरूजस्तै उजाडस्थानमा जीवन बिताउनुभएको थियो। साथै इसाई मठमा प्रवेश गर्नुभन्दा अगि र सम्भवतः तयारीको रूपमा उहाँले एक निजामती कर्मचारीको रूपमा काम गर्नुभएको थियो, जसको बारेमा उहाँको आफ्नै आत्म–तिरस्कार शैलीमा यसरी भन्नुभएको थियो: “एक नोकर, जो बेढङ्गी र सबै फुटाउँथ्यो।”

सन् १६४० मा २६ वर्षको उमेरमा पेरिस स्थित नयाँ स्थापित मठमा उहाँ प्रवेश गर्नुभयो, जहाँ त्यो समुदायको लागि उहाँ भान्से बन्नुभयो, जुन समुदायको सदस्य सङ्ख्या बढेर एक सयभन्दा बढी हुन पुग्यो। १५ वर्षपछि उहाँको काम चप्पल मर्मत गर्नुमा सऱ्यो, तर त्यति बेला पनि उहाँ प्रायः व्यस्त रहने भान्सा कोठामा मदत गर्न जानुहुन्थ्यो। अहिलेका समयहरूजस्तै दुःखका घडीहरूमा दाजु लरेन्सले परमेश्वरको उपस्थितिमा निरन्तर हिँड्न एउटा शुद्ध

र सजिलो तरिका पत्ता लगाउनुभयो, र पछ्याउनुभयो। चालिस वर्षभन्दा बढी उहाँले परमेश्‍वरको छेउमा उहाँको साथ जिउनुभयो, र हिँड्नुभयो। यद्यपि उहाँका आफ्नै शब्दहरूले हामी यो पनि थाहा पाउँछौँ, कि दाजु लरेन्सको पहिलो दस वर्ष कठिन परीक्षा र चुनौतीहरूले भरिएको थियो।

दाजु लरेन्स रमाइलो मनोभावको भलादमी मानिस, बाहिरी बहकाइले "सबै कुरालाई बिगार्छ" भनी थाहा पाएर, ध्यानाकर्षण र ख्यातिबाट अलग रहनुभयो। उहाँको मृत्युपछि मात्रै उहाँले लेखेका केही पत्रहरू सङ्कलन भए।

*स्थानीय प्रधान बिशपको प्रतिनिधि जोसप डि बुफोर्ट (Joseph De Beaufort) ले यी पत्रहरूलाई सानो पर्चाको रूपमा पहिलोपल्ट प्रकाशन गर्नुभयो । पछिल्लो वर्ष आफूसित भएको दाजु लरेन्सको चारपल्टको संवादलाई पनि समावेश गरेर "परमेश्वरको उपस्थितिको अभ्यास" भन्ने शीर्षक दिएर पुनः प्रकाशन गर्नुभयो ।*

यो छोटो पुस्तकमा पत्रहरू र संवादहरूमार्फत दाजु लरेन्सले सरल र सुन्दर तरिकाले निरन्तर परमेश्‍वरसित कसरी हिँड्नु भन्ने कुरालाई व्याख्या गर्नुभएको छ – दिमागबाट होइन, तर हृदयबाट। दाजु लरेन्सले परमेश्‍वरको शान्ति र उपस्थितिलाई थाहा गर्न खोज्ने जसको लागि पनि हुने गरी जीवनको एउटा तरिकालाई इनामस्वरूप छोडेर जानुभएको छ; ताकि जुनसुकै व्यक्ति जस्तोसुकै उमेर वा परिस्थितिमा भए तापनि परमेश्‍वरको उपस्थितिलाई जहाँ पनि जहिले पनि अभ्यास गर्न सकोस्। दाजु लरेन्सले जिउँदो परमेश्‍वरको उपस्थितिमा जानको लागि एउटा प्रत्यक्ष तरिकालाई पनि इनामस्वरूप छोडेर जानुभएको छ, जसलाई तीन सय वर्ष अगाडि जसरी नै अहिले पनि अभ्यास गर्न सकिन्छ।

दाजु लरेन्सले परमेश्‍वरको उपस्थितिलाई चालिस वर्षभन्दा बढी अभ्यास गरेपछि सन् १६९१ मा प्रभुमा सुत्नुभयो। उहाँको शान्तपूर्ण मृत्यु पनि उहाँको भिक्षु जीवनजस्तै नै थियो, जहाँ हरेक दिन र हरेक घडी परमेश्‍वरलाई पूर्ण हृदयले प्रेम गर्ने प्रतिबद्धताको नयाँ र ताजा सुरुवात हो।

# संवादहरू

**परिचयः**

जोसप डि बुफोर्टसँगको अन्तर्वार्ताको समयमा दाजु लरेन्स झन्डै साठी वर्ष पुग्न लाग्नुभएको थियो। जोसप डि बुफोर्टले पछि भन्नुभएको थियो, कि अपाङ्ग दाजु, जो सय वटाभन्दा बढी चप्पलहरूलाई स्याहारसम्भार गर्ने जिम्मेवारीमा हुनुहुन्थ्यो, रूपमा कडा देखिनुहुन्थ्यो तर अनुग्रहमा कोमल हुनुहुन्थ्यो।

## पहिलो संवाद

पहिलोपल्ट मैले दाजु लरेन्सलाई देखेको चाहिँ सन् १६६६ अगस्ट ३ तारिख थियो। उहाँले मलाई भन्नुभयो, कि आफ्नो १८ वर्षको उमेरमा भएको परिवर्तनमा परमेश्वरले उहाँलाई लागि एउटा उल्लेखनीय निगाह देखाउनुभयो।

उहाँले मलाई भन्नुभयो, कि :

हिउँदमा एउटा रूखका पातहरू सबै झरेको देख्दा, र केही समयभित्रै फेरि पातहरू लागेर, फूल फुलेर, फलहरू देखा पर्नेछन् भन्ने कुरालाई विचार गर्दा उहाँले परमेश्वरको दूरदर्शी वास्ता र शक्तिको बारेमा एउटा उच्च धारणा प्राप्त गर्नुभयो। त्यो कुरा त्यति बेलादेखि कहिल्यै उहाँको प्राणबाट मेटिएन। यो धारणाले उहाँलाई पूर्ण रूपमा संसारबाट छुटायो, र परमेश्वरप्रति यस्तो एउटा प्रेम उहाँमा जगायो, जसको बारेमा त्यसपछिको उहाँको चालिस वर्षहरूमा त्यो बढेको थियो कि थिएन भनी उहाँले भन्न सक्नुभएन।

उहाँ खजान्ची एम. फबेर्टको नोकर हुनुहुन्थ्यो, र उहाँ काममा एउटा ठूलो बेढङ्गी हुनुहुन्थ्यो, जसले सबै कुरा फुटाउनुहुन्थ्यो। उहाँले आफूलाई मठमा स्विकारियोस् भनी इच्छा गर्नुभएको थियो, यस विचारमा कि त्यहाँ आफ्नो बेढङ्गका काम र गल्तीहरूको लागि सजाय पाइनेछ; त्यसैले उहाँले आफ्नो जीवनलाई त्यसका आनन्दहरूको साथ परमेश्‍वरमा अर्पण गर्नुपर्छ भनी चाहनुभयो। तर उहाँले त्यो अवस्थामा (मठमा) सन्तुष्टिबाहेक अरू केही नपाउँदा परमेश्‍वरले उहाँलाई निराश पार्नुभयो भनी भन्नुभयो।

उहाँले भन्नुभयो, कि हामीले परमेश्‍वरसित निरन्तर बातचित गरेर आफूलाई उहाँको उपस्थितिको महसुस गर्ने अवस्थामा स्थापना गर्नुपर्छ। उहाँसँगको संवादलाई छोडेर महत्त्वहीन र मूर्ख कुराहरूलाई सोच्नु सरमको कुरा हो।

हामीले आफ्नो प्राणलाई उच्च परमेश्‍वरको गुण र कुराहरूले खुवाउनु र पोषण गर्नुपर्छ; जसले उहाँप्रति समर्पित भएको हुँदा हामीलाई ठुलो आनन्द दिनेछ।

हामीले आफ्नो विश्‍वासलाई जगाउन अथवा जीवित पार्नुपर्छ। यो दुःखलाग्दो थियो, कि हामीसँग (विश्‍वास) त्यो थोरै छ; र मानिसहरूले तिनीहरूको जीवनको आचरणको नियमको रूपमा विश्‍वासलाई लिनुको सट्टामा आफूहरूलाई तुच्छ रितिगत उपासनामा रिजाइरहेका छन्, जुन दैनिक बदलिन्छ। विश्‍वासको बाटो नै मण्डलीको आत्मा हो, र हामीलाई उच्च दर्जाको सिद्धतामा ल्याउनको लागि त्यो पर्याप्त थियो।

लौकिक र आत्मिक दुवै कुराको सन्दर्भमा हामीले आफूलाई परमेश्‍वरमा अर्पण गर्नुपर्छ, र उहाँको इच्छा पूरा गर्नुमा मात्र हाम्रो सन्तुष्टि खोज्नुपर्छ, चाहे उहाँले हामीलाई दुःखद्वारा वा सान्त्वनाद्वारा अगुवाइ गरे पनि, किनभने साँचो रूपमा अर्पित भएको प्राणको लागि दुवै बराबर हुन्छ। प्रार्थनाका ती सुक्खा अथवा खल्लो र दिक्क पार्ने समयहरूमा, जसद्वारा परमेश्‍वरले उहाँप्रतिको हाम्रो प्रेम जाँच्नुहुन्छ, इमानदारीको आवश्यकता छ। त्यही नै

समयहरू हुन्, जब हामीले असल र प्रभावशाली समर्पणका कामहरू गर्न सक्छौँ। त्यस्तामध्ये एउटाले मात्र पनि धेरै पटक हाम्रो आत्मिक उन्नतिलाई प्रवर्धन गर्नेछ।

दाजु लरेन्सले भन्नुभयो, कि संसारमा उहाँले दिनहुँ सुनेका दुःख र पापहरूको बारेमा आश्चर्यचकित हुनुबाट उहाँ धेरै टाढा हुनुहुन्थ्यो। त्यसको विपरीत उहाँ दुष्ट पापीहरूले गर्न सक्षम भएका कुराहरूलाई विचार गरेर हेर्दा यस्ता अझ बढी नघटेको देखेर छक्क पर्नुभयो। आफ्नो तर्फबाट उहाँले तिनीहरूको लागि प्रार्थना गर्नुभयो, तर परमेश्वरले तिनीहरूले गरेको दुष्ट्याइँलाई हटाउने काम आफूले चाहेको समयमा गर्नुहुन्छ भन्ने कुरा थाहा पाएर उहाँले आफूलाई (त्यस कुरामा) कुनै थप समस्यामा पर्न दिनुभएन।

परमेश्वरले चाहेको जस्तो समर्पणमा आइपुग्नको लागि हामीले शारीरिक गुणहरूमा जसरी नै आत्मिक कुराहरूमा पनि मिसिन सक्ने सबै प्रकारका आकर्षणहरूलाई ध्यानसित ख्याल गर्नुपर्छ; परमेश्वरले त्यस्ता आकर्षणहरूको बारेमा आफूलाई साँचो रूपमा सेवा गर्न चाहेकाहरूलाई ज्योति दिनुहुन्छ। इमानदारीसाथ परमेश्वरको सेवा गर्नु नै मेरो (दाजु लरेन्स) उद्देश्य हो भने, म जति पटक चाहन्छु त्यति नै पटक, उहाँलाई दुःख दिन्छु कि भन्ने डरविना उहाँको नजिक आउन सक्छु; तर त्यस्तो होइन भने म उहाँलाई कहिल्यै भेट्न जानुहुँदैन।

# दोस्रो संवाद

उहाँले भन्नुभयो, कि उहाँ सधैँ स्वार्थी विचारविना प्रेमद्वारा शासित हुनुहुन्थ्यो; र आफ्नो सम्पूर्ण कार्यहरूको लक्ष्य परमेश्वरको प्रेम हुनुपर्छ भन्ने सङ्कल्पको साथ आफ्ना तरिकाहरूमा सन्तुष्ट रहन उहाँले कारणहरू भेट्टाउनुभएको थियो। उहाँलाई मात्रै खोज्दै – अरू केही होइन, उहाँका उपहारहरू समेतलाई होइन – परमेश्वरको प्रेमको खातिर आफूले एउटा घाँसलाई जमिनबाट निकाल्न सक्दा उहाँ सन्तुष्ट हुनुहुन्थ्यो।

आफू अनन्त दण्डमा पर्छु कि भन्ने एउटा विचारले उहाँको मन लामो समय अगिदेखि विचलित थियो; संसारका सबै मानिसहरूले मिलेर प्रयास गरे पनि उहाँको विचारलाई उल्टाउन सक्दैनथे; तर त्यसको बारेमा उहाँ आफैँ आफूसित यस तरिकाले तर्क गर्नुभयो: "म धार्मिक जीवनमा लाग्नु परमेश्वरको प्रेमको लागि मात्र हो, र उहाँको लागि नै काम गर्न प्रयत्न गरेको हुँ; मलाई जे होस्, चाहे म नष्ट होऊँ, वा उद्धार पाऊँ, म सधैँ निरन्तर विशुद्ध रूपमा परमेश्वरको प्रेमको खातिर काम गर्नेछु। कमसेकम मलाई यो भलाइको रूपमा रहनेछ, कि मृत्युसम्म नै मैले उहाँलाई प्रेम गर्नको लागि सक्ने सबै कुरा गरेको हुनेछु।" यो मनको पीडा चार वर्षसम्म रह्यो, जुन अवधिमा उहाँले धेरै कष्ट भोग्नुभयो, तर अन्तमा यो समस्या विश्वासको अभावबाट आएको भनी उहाँले देख्नुभयो, र त्यो समयदेखि उहाँले आफ्नो जीवनलाई पूर्ण स्वतन्त्रता र निरन्तर आनन्दको साथ बिताउनुभयो। उहाँले आफ्ना पापहरूलाई परमेश्वरको निगाह प्राप्त गर्न आफू योग्य छैनँ भनी भन्ने गरी आफू र परमेश्वरको बिचमा राख्नुभयो, तर परमेश्वरले अझै निरन्तर रूपमा त्यो निगाह प्रशस्त मात्रामा खन्याउनुभयो। परमेश्वरसित निरन्तर संवाद गर्ने बानी बसाल्नको लागि र हामीले गर्ने सबै थोक उहाँको निम्ति गर्नको लागि सुरुमा हामी केही परिश्रमको साथ उहाँको नजिक जानुपर्छ, तर केही वास्तासहितको प्रयास पछि कुनै कठिनाइविना उहाँको प्रेमले भित्रबाट सो गर्न

उत्तेजित पारेको हामी भेट्टाउँछौँ।

उहाँले परमेश्वरले आफूलाई आनन्दका दिनहरू दिनुभएपछि आफूले पीडा र कष्टको पालो पाउनुपर्छ भनी चाहना गर्नुहुन्थ्यो, तर उहाँले आफूबाट केही गर्न सक्दैन, र परमेश्वरले त्यसलाई सहन आफूलाई बल दिनुमा असफल बन्नुहुन्न भन्ने कुरा प्रस्ट जानेर त्यसको बारेमा असजिलो मान्नुहुन्न थियो। कुनै असल काम गर्ने अवसर प्राप्त हुँदा उहाँले आफूलाई परमेश्वरतिर लानुहुन्थ्यो र भन्नुहुन्थ्यो, "प्रभु, यदि तपाईंले मलाई सक्षम बनाउनु भएन भने मैले यो गर्न सक्दिनँ।" त्यसपछि उहाँले आवश्यकता भन्दा पनि अझ बढी बल पाउनुहुन्थ्यो।

जब उहाँ आफ्नो कर्तव्यमा असफल बन्नुहुन्थ्यो, उहाँले आफ्नो गल्तीलाई मात्र स्वीकार गर्नुहुन्थ्यो, र परमेश्वरलाई भन्नुहुन्थ्यो, "यदि तपाईंले मलाई आफ्नै तरिकाले छोड्नुभयो भने म कहिल्यै अर्कै तरिकाले गर्न सक्नेछैनँ; मलाई लड्नबाट जोगाउनुपर्ने र जे बिग्रेको छ त्यसलाई सुधार्नुपर्ने तपाईं नै हो।" त्यसपछि उहाँले त्यसको बारेमा कुनै असहजताको महसुस गर्नुहुन्न थियो।

हामीले परमेश्वरसित अति सरलतासहित व्यवहार गर्नुपर्दछ; खुलस्त र सरल तरिकाले उहाँसँग बोलेर र घट्ने हाम्रा मामिलाहरूमा उहाँको सहायताको लागि अनुरोध गर्नुपर्छ। उहाँले बारम्बार अनुभव गरे जसरी नै परमेश्वर कहिल्यै त्यो प्रदान गर्न असफल बन्नुहुन्न।

उहाँलाई केही समय अगि समाजको लागि दाखरस किन्न बर्गन्डी पठाएको थियो, जुन काम उहाँलाई मन नपर्ने काम थियो, किनभने किनबेचमा उहाँ सिपालु हुनुहुन्न थियो, र उहाँ लङ्गडो हुनुभएकाले नाउमा यताउता गर्नको लागि पिपाहरूमाथि पल्टिँदै गर्नुपर्थ्यो (यो करिब ३०० किलोमिटरको नदीमार्फत गर्ने यात्रा थियो) । यद्यपि उहाँले न त दाखरस किन्नुबारे न त यात्राबारे आफूलाई कुनै असजिलो मान्न दिनुभयो। उहाँले परमेश्वरलाई

भन्नुभयो, कि उहाँले गर्न गइरहेको काम परमेश्वरको काम हो, पछि उहाँले त्यो काम असल तरिकाले पूरा भएको पाउनुभएको थियो। उहाँलाई त्योभन्दा एक वर्ष अगाडि सोही कामको लागि (करिब ४५० किलोमिटर दुरीमा रहेको) ओवेन (Auvergne) पठाएको थियो, त्यो कसरी पूरा भयो भनी उहाँले भन्न सक्नुभएन, तर धेरै राम्रो तरिकाले पूरा भयो।

त्यसरी नै उहाँको भान्साको काममा पनि (जसप्रति उहाँमा स्वाभाविक रूपमा घृणा थियो), सबै कुरा परमेश्वरको प्रेमको लागि गर्ने बानी आफूलाई परेको र कामलाई असल तरिकाले गर्न परमेश्वरको अनुग्रहको लागि सबै अवसरहरूमा प्रार्थनासहित काम गर्दा आफूले त्यहाँ काम गरेको १५ वर्षभरि नै उहाँले सबै कुरा सहज पाउनुभएको थियो।

उहाँ आफूले अहिले गरिरहेको काममा अति सन्तुष्ट हुनुहुन्थ्यो, तर उहाँ पहिलेको जसरी नै यसलाई पनि छोड्न तयार हुनुहुन्थ्यो, किनभने सबै परिस्थितिमा परमेश्वरको प्रेमको खातिर साना कामहरू गरेर उहाँले सधैँ आफूलाई नै सन्तुष्ट पारिरहनुभएको थियो।

उहाँको लागि मठमा तोकिएको प्रार्थनाका समयहरू अन्य समयहरूभन्दा फरक थिएनन्; उहाँका वरिष्ठ अगुवाहरूको निर्देशनअनुसार नै तोकिएको समयमा एकान्त रूपमा प्रार्थना गर्नुभयो, तर उहाँले त्यस्ता समयहरू चाहनुहुन्न थियो, र त्यसको माग पनि गर्नुहुन्न थियो, किनभने उहाँको सबैभन्दा ठुलो कामले पनि परमेश्वरप्रतिको उहाँको ध्यानलाई बिगार्दैन थियो।

सबै कुरामा परमेश्वरलाई प्रेम गर्नुपर्ने आफ्नो दायित्व उहाँलाई थाहा थियो, र उहाँले त्यसरी नै गर्न प्रयास गर्नुहुन्थ्यो; उहाँलाई सल्लाह दिन निर्देशकको आवश्यकता थिएन, तर आफ्ना गल्तीहरूलाई सुनेर क्षमाको लागि प्रार्थना गरिदिने व्यक्तिको धेरै खाँचो थियो। उहाँले आफ्ना गल्तीहरूलाई गहिरो रूपमा महसुस गर्नुहुन्थ्यो, तर तिनीहरूबाट निराश हुनुभएन; उहाँले ती सबै परमेश्वरको अगाडि स्वीकार गर्नुहुन्थ्यो, तर ती सबैको केही कारण देखाएर

क्षमा गरिदिनुपर्छ भनी परमेश्वरको विरुद्ध बिन्ती गर्नुभएन। त्यसो गरेपछि उहाँले शान्तिपूर्वक आफ्नो सदा गरिने प्रेम र प्रशंसाको अभ्यासलाई पुनः सुरु गर्नुहुन्थ्यो।

आफ्नो मनका लडन्तहरूमा उहाँले कसैसँग सल्लाह गर्नुभएन, तर विश्वासको ज्योतिद्वारा मात्रै परमेश्वर उपस्थित हुनुहुन्थ्यो भनी थाहा पाएर आफ्ना सम्पूर्ण कार्यहरूलाई परमेश्वरतिर फर्काएर उहाँले आफूलाई सन्तुष्ट पार्नुहुन्थ्यो, जसको अर्थ ती सबै परमेश्वरलाई प्रसन्न पार्ने इच्छाले मात्र गरिनु र यसको परिणाम जे होस्!

व्यर्थका विचारहरूले सबै बिगार्छ; दुराचार त्यहाँबाट सुरु हुन्छ, तर हामीले आत्मामा भएको काम अथवा हाम्रो उद्धारसम्बन्धी त्यसको अनुचिततालाई बुझ्ने बित्तिकै त्यसलाई इन्कार गर्नुपर्छ, र परमेश्वरसँगको हाम्रो सम्बन्धमा फर्किनुपर्छ।

सुरुका समयहरूमा उहाँले तोकिएको प्रार्थनाका समयहरूलाई प्रायः बरालिने विचारलाई इन्कार गर्नु र फेरि त्यसैमा पर्नुमा नै बिताउनुभयो। उहाँले कहिल्यै पनि आफ्नो भक्तिलाई अरू कसैले गर्ने जसरी केही विधिहरूद्वारा नियमित गर्न सक्नुभएन। तैपनि सुरुमा उहाँले केहीबेर ध्यान गर्नुभयो, पछि त्यो हरायो, यस्तो तरिकाले हरायो कि त्यो कसरी भयो भनी उहाँले विवरण दिन सक्नुभएन।

सबै शारीरिक मृत्यु (अङ्गहरूलाई वशमा राख्नु) र व्यायामहरू बेकारका छन्, जब तिनीहरूले प्रेमद्वारा परमेश्वरसँगको मिलनमा पुग्न सहायता गर्दैनन्। प्रेमको व्यायाम र सबै कुरा परमेश्वरको खातिर गर्नु – उहाँले यो कुरालाई राम्ररी विचार गरिसक्नुभएको थियो, र परमेश्वर नजिक सोझै जानको लागि सबैभन्दा छोटो बाटोको रूपमा भेट्टाउनुभएको थियो।

हामीले समझका क्रियाहरू र (परमेश्वरका) इच्छाका क्रियाहरूको बिचमा एउटा ठुलो भिन्नता बनाउनुपर्छ; यहाँसम्म कि पहिलेको तुलनात्मक

रूपमा थोरै महत्त्वको र दोस्रो हाम्रो सबै थोक। हाम्रो एक मात्र काम परमेश्वरलाई प्रेम गर्नु र उहाँमा आनन्दित हुनु मात्र हुनुपर्छ।

सम्भव भएका सबै किसिमका शारीरिक मृत्युहरूले, यदि ती परमेश्वरको प्रेमविनाका छन् भने, एउटा मात्र पापलाई पनि मेटाउन सक्दैन। हामीले विनाचिन्ता हाम्रो पापको क्षमाको आशा ख्रीष्ट येशूको रगतमा मात्र राख्नुपर्छ, हाम्रो पूर्ण हृदयले उहाँलाई मात्र प्रेम गर्न प्रयास गर्नुपर्छ। परमेश्वरले आफ्नो दयाको अझ उल्लेखनीय स्मारकको रूपमा महा–पापीहरूलाई महान् निगाहहरू प्रदान गरेको जस्तो देखिन्छ। उहाँले संसारमा अनुभव गर्नुभएका महान् दुःख वा आनन्दहरूलाई आत्मिक अवस्थामा उहाँले अनुभव गरेका यी दुवै किसिमका कुराहरूसँग तुलना गर्न सक्दैन थियो; यसैले उहाँ केही कुराको लागि चिन्तित हुनुहुन्न थियो, र केही कुरासँग डराउनुहुन्न थियो; परमेश्वरबाट एउटा कुरा मात्र चाहनुहुन्थ्यो, अर्थात् उहाँले परमेश्वरलाई दुःखित तुल्याउन नपरेको होस्।

उहाँको कुनै गुनासो थिएन, किनभने उहाँ भन्नुहुन्छ: “जब म मेरो कर्तव्यमा असफल हुन्छु, म त्यसलाई सहजै स्वीकारिँदै, भन्छु, ‘यसो गर्नु नै मेरो बानी हो; यदि मलाई आफैमा भर पर्न दिएको खण्डमा म कहिल्यै फरक तरिकाले गर्न सक्दिनँ।’ यदि म असफल भइनँ भने बल उहाँबाटै आउँदछ भनी स्वीकार गर्दै म परमेश्वरलाई धन्यवाद दिन्छु।”

# तेस्रो संवाद

उहाँले मलाई भन्नुभयो, कि उहाँको आत्मिक जीवनको जग विश्वासद्वारा परमेश्वरप्रति राखिने उच्च धारणा र सम्मान थियो, जसलाई एकपल्ट राम्ररी बुझिसक्नुभएपछि अन्य कुनै पनि कुराको चिन्ता उहाँलाई थिएन, तर अरू हरेक विचारलाई इमानदारीपूर्वक इन्कार गर्नुहुन्थ्यो, ताकि उहाँले आफ्ना सबै कार्यहरू परमेश्वरको प्रेमको खातिर गर्न सक्नुभएको होस्। जब कुनै बेला केही लामो समयको लागि उहाँमा परमेश्वरको सम्झना नै आएन, उहाँले त्यसको लागि आफूलाई विचलित पार्नुभएन, तर आफ्नो नीचतालाई परमेश्वरको सामु स्वीकार गरेपछि उहाँले आफूलाई नीच भेट्टाएको हुनाले अझ ठुलो भरोसासहित परमेश्वरतिर फर्किनुहुन्थ्यो।

उहाँले भन्नुभयो, कि हामीले परमेश्वरमाथि राख्ने भरोसाले उहाँलाई सम्मान ल्याउँछ, र महान् अनुग्रहहरूलाई तल खिच्छ।

परमेश्वरको लागि धोका दिनु मात्र असम्भव होइन, तर उहाँप्रति पूर्ण रूपमा ढल्केको र उहाँको खातिर सबै कुरा सहन सङ्कल्प गरेको प्राणलाई लामो समयसम्म पीडामा हुन दिनु पनि (असम्भव) हो।

उहाँले सबै परिस्थितिहरूमा स्वर्गीय अनुग्रहको तुरुन्तै पाइने सहायतालाई अक्सर अनुभव गर्नुभएको थियो, त्यही अनुभवले गर्दा जब उहाँलाई काम गर्न परेको थियो, उहाँले त्यसको बारेमा पहिलेदेखि सोच्नुहुन्न थियो, तर जब सो गर्ने समय आयो, उहाँले सबै कुरा आफूलाई गर्न सक्ने अवस्थामा सफा ऐनामा देखे जसरी परमेश्वरमा भेट्टाउनुहुन्थ्यो। पछिल्ला समयहरूमा उहाँले पूर्व तयारीको फिक्रीविना उहाँले यसरी काम गर्नुभएको थियो, तर माथि उल्लेख गरिएका अनुभवहरूभन्दा अगि उहाँले आफ्ना कार्यहरूमा पूर्व तयारीको फिक्री गर्नुहुन्थ्यो।

जब उहाँलाई बाहिरी कामहरूले परमप्रभुलाई सम्झिनुबाट फर्काउँछन्, परमेश्वरबाट आउने एउटा ताजा सम्झनाले उहाँको प्राणलाई सक्षम तुल्याउँथ्यो, र यसरी प्रज्वलित र ध्यानमग्न उहाँलाई बनाउँथ्यो, कि आफूलाई नियन्त्रण गर्नु उहाँको लागि कठिन हुन्थ्यो।

उहाँ आफ्नो बाहिरी कामहरूमा लागिरहँदा तोकिएको भक्ति र एकान्तको समयमा भन्दा बढी परमेश्वरसँग एकतामा हुनुहुन्थ्यो।

उहाँले यस समयहरूपछि केही शारीरिक अथवा मानसिक पीडाको अपेक्षा गर्दै हुनुहुन्थ्यो। उहाँलाई हुन सक्ने सबैभन्दा खराब चाहिँ उहाँलाई लामो समयदेखि आनन्दको रूपमा रहँदै आएको परमेश्वरको अनुभूतिलाई गुमाउनु थियो, तर परमेश्वरको भलाइले उहाँलाई आश्वासन दियो, कि परमेश्वरले उहाँलाई पूर्ण रूपमा त्याग्नुहुन्न, र परमेश्वरले उहाँलाई हुन दिने जुनसुकै खराबीलाई सहन सक्ने शक्ति दिनुहुन्छ; र यसैले केहीसँग डराउनुहुन्न थियो, र यो अवस्थाको बारेमा अरू कोहीसित सल्लाह गर्ने अवसर थिएन। जब उहाँले सो गर्न प्रयास गर्नुभएको थियो, उहाँ सधैँ नै अझ बढी अन्योल भएर फर्किनुहुन्थ्यो। परमेश्वरको प्रेमको खातिर आफ्नो जीवनलाई नै दिन उहाँमा भएको तयारीको बारेमा उहाँलाई थाहा थियो, र उहाँलाई कुनै खतराको डर थिएन। परमेश्वरप्रतिको पूर्ण समर्पण स्वर्ग जाने पक्का बाटो हो, जुन बाटोमा हामीले सधैँ नै हाम्रो आचरणको लागि पर्याप्त ज्योति पाउँछौँ।

हाम्रो आत्मिक जीवनको सुरुवातमा हामीले आफ्नो कर्तव्य पूरा गर्नु र हामी आफैलाई इन्कार गर्नुमा विश्वासयोग्य बन्नुपर्छ, तर त्यसपछि अवर्णनीय आनन्दले पछ्याउँछ। कठिन समयहरूमा हामीलाई येशू ख्रीष्टको सहारा मात्र चाहिन्छ, र उहाँको अनुग्रहको लागि बिन्ती गर्नुपर्छ, यसको साथ सबै कुरा सहज हुन पुग्छ।

धेरैले परमेश्वरको प्रेमलाई बेवास्ता गरी, जुन सबै थोकको अन्त हो, क्षमा

माग्नु (penances) र विशेष अभ्यासहरूमा अडिग भएकाले इसाई जीवनमा उन्नति गरेका छैनन्। यो उहाँहरूका कामहरूमा प्रस्ट देखिन्छ, र हामीले बलियो सद्गुणहरू थोरै देख्ने कारण पनि यही हो।

परमेश्वरकहाँ जानको लागि न त कला न त विज्ञान चाहिन्छ, तर केवल एउटा हृदय, जसले आफूलाई उहाँ वा उहाँको लागि बाहेक अरू कुनै कुरामा नलगाउने र उहाँलाई मात्र प्रेम गर्ने दृढतापूर्वक सङ्कल्प गरेको छ।

# चौथो संवाद

उहाँले मसित धेरै पटक ठुलो खुलस्त हृदयको साथ आफ्नो परमेश्वरको नजिक जाने तरिकाको बारेमा बातचित गर्नुभयो, जसको केही अंश पहिले नै बताइसकेको छु।

उहाँले मलाई भन्नुभयो, कि परमेश्वरतर्फ नलाने भनी हामीले महसुस गरेका सबै थोकलाई हार्दिक रूपमा त्याग्नुमा सबै कुरा निर्भर छ, ताकि हामीले उहाँसितको निरन्तर स्वतन्त्र र सरल बातचितमा आफूलाई बानी बसाल्न सकौं। हरेक घडी परमेश्वरसित बातचित गर्नको लागि हामीले केवल घनिष्ठ रूपमा हाम्रो नजिक उपस्थित हुनुभएको परमेश्वरलाई थाहा पाउन आवश्यक छ, ताकि हामीले शङ्कास्पद कुराहरूमा उहाँको इच्छा थाहा पाउन सहायता माग्न सकोस्, र उहाँले हामीबाट आशा गरेका कुराहरू भनी छर्लङ्गै हामीले देख्ने कुराहरूलाई, गर्नुभन्दा अगि उहाँको हातमा समर्पण गर्दै र गरिसकेपछि उहाँलाई धन्यवाद दिँदै, सही तरिकाले गर्न सकोस्।

यो परमेश्वरसँगको बातचितमा उहाँको असीम भलाइ र पूर्णताको लागि निरन्तर उहाँलाई प्रशंसा, आराधना र प्रेम गर्नुमा हामी लागिरहन्छौँ।

हाम्रा पापहरूदेखि निराश नभई हामीले प्रभु ख्रीष्ट येशूको असीम योग्यतामा निर्भर भई पूर्ण निश्चयसित उहाँको अनुग्रहको लागि प्रार्थना गर्नुपर्छ। परमेश्वर हरेक कार्यमा आफ्नो अनुग्रह दिन कहिल्यै असफल हुनुभएको छैन, र यसलाई स्पष्ट रूपमा उहाँले बुझ्नुभएको थियो, र कहिल्यै त्यसमा धोका पाउनुभएको थिएन, त्यो समय बाहेक, जब उहाँका विचारहरू परमप्रभुको उपस्थितिको अनुभूतिबाट टाढा गए, अथवा उहाँले परमेश्वरको सहायता माग्न बिर्सिनुभएको थियो।

जब उहाँलाई प्रसन्न पार्नुबाहेक हाम्रा अरू कुनै उद्देश्य छैन, परमेश्वरले हाम्रा शङ्काहरूमा हामीलाई सधैँ ज्योति दिनुहुन्छ।

हाम्रो पवित्रता हाम्रा कामहरूलाई बदल्नुमा निर्भर भएको होइन, तर हामीले सामान्य रूपमा हाम्रो लागि गर्ने कामहरूलाई उहाँको खातिर गर्नुमा हुन्छ। यो देख्दा दुःख लाग्छ कि कसरी धेरै मानिसहरूले माध्यमलाई नै लक्ष्य सम्झेर गल्ती गर्छन्। उनीहरू केही निश्चित कामहरूमा आफूलाई लिप्त बनाउँछन्, जुन उनीहरू आफ्नो मानवीय वा स्वार्थी मनसायका कारणले गर्दा एकदमै अधुरो रूपमा गर्दछन्।

परमेश्वरको छेउमा जानको लागि उहाँले भेट्टाउनुभएको अति उत्तम तरिका चाहिँ हाम्रा सामान्य कामहरूलाई मानिसहरूलाई प्रसन्न पार्ने उद्देश्यविना (जहाँसम्म हामी सक्षम छौँ) विशुद्ध रूपमा परमेश्वरको प्रेमको खातिर गर्नु थियो।

प्रार्थनाका समयहरू अन्य समयहरूभन्दा फरक हुनुपर्छ भन्ने सोच ठुलो भ्रम हो। हामी कामको समयमा कामद्वारा कडाइको साथ परमेश्वरमा लागिरहन बाध्य छौँ, जसरी प्रार्थनाको समयमा प्रार्थनामा लागिरहन्छौँ।

उहाँको प्रार्थना, परमेश्वरको उपस्थितिको अनुभूतिबाहेक अरू केही थिएन, र त्यस समयमा उहाँको प्राण परमेश्वरको प्रेमबाहेक अरू सबै कुराप्रति अचेत रहन्थ्यो। निर्धारण गरिएको प्रार्थनाका समयहरू पूरा भएपछि उहाँले कुनै भिन्नता भेट्टाउनुभएन, किनभने उहाँ अझ परमेश्वरलाई आफ्नो सारा बलले प्रशंसा गर्नु र धन्यवाद दिनुमा लागिरहनुभयो। यसैले उहाँले आफ्नो जीवन निरन्तर आनन्दमा बिताउनुभयो; यद्यपि आफू अझै बलियो पारिन पर्दा परमेश्वरले आफूलाई केही दुःख भोग्न दिनुहुन्छ भनी उहाँले आशा गर्नुहुन्थ्यो।

हामीले सदाको लागि हृदयबाट नै हाम्रो पूर्ण भरोसा परमेश्वरमाथि राख्नुपर्छ, र उहाँले हामीलाई धोका दिनुहुन्न भन्ने कुरा थाहा पाएर हामीले

आफूलाई पूर्ण रूपमा परमेश्वरमा समर्पण गर्नुपर्छ।

हामीले परमेश्वरको प्रेमको खातिर साना कुराहरू गर्नुमा थकित बन्नुहुँदैन, जसले कामको महानतामा ध्यान दिनुहुन्न, तर त्यस प्रेमलाई हेर्नुहुन्छ, जसको साथ त्यो गरिन्छ। सुरुमा हामी आफ्ना प्रयासहरूमा असफल भएकोमा आश्चर्य मान्नुहुँदैन, तर हामीले अन्तमा यस्तो एउटा बानी प्राप्त गर्छौं, जसले प्रयासविना र हामीलाई अति ठुलो आनन्द हुने गरी स्वाभाविक रूपमा ती कार्यहरूको उत्पादन गर्छन्।

धर्मको सम्पूर्ण तत्त्व विश्वास, आशा र प्रेम थियो, जसको अभ्यासद्वारा हामी परमेश्वरसँग एक हुनेछौँ; तीबाहेक अरू सबै महत्त्वहीनका कुराहरू हुन्, र लक्ष्यमा हामी पुग्न सक्नको लागि माध्यमको रूपमा प्रयोग गरिनुपर्ने, र त्यसपश्चात् विश्वास र प्रेमद्वारा त्यो समाप्त हुनुपर्ने कुराहरू हुन्।

विश्वास गर्नेको लागि त सबै कुरा सम्भव छन्; आशा गर्नेका लागि ती कम कठिन हुन्छन्; प्रेम गर्नेका लागि ती सबै सजिलो हुन्छन्, र यी तीनै वटा सद्गुणहरूलाई अभ्यास गर्दै लागिरहनेका लागि ती अझ बढी सहज हुन्छन्।

यस जीवनमा हामीले आफ्नो लक्ष्य बनाउनु पर्ने चाहिँ आफूमा सकेसम्म परमेश्वरको सबैभन्दा सिद्ध आराधक बन्नु हो, जसरी हामी अनन्तकालसम्म हुने आशा गर्दछौं।

आत्मिक जीवन सुरु गर्दा हामी को हौँ भनी विचार र पूर्ण तलास गर्नुपर्छ। हामीले आफूलाई सबै प्रकारको निन्दाको योग्य, र इसाईहरू भन्ने नाम पाउन पनि योग्य नभएको भेट्टाउनुपर्छ; सबै किसिमका कष्ट र अनगिन्ती दुर्घटनामा पर्न योग्य, जसले हामीलाई सताउँछ, र हाम्रो स्वास्थ्यमा, हाम्रो स्वभावमा, हाम्रो भित्री र बाहिरी मनस्थितिमा सार्वकालीन बदलाबहरू ल्याउँछ; छोटकरीमा भन्नुपर्दा मानिसहरू, जसलाई परमेश्वरले धेरै पीडा र परिश्रमद्वारा भित्र र बाहिर विनम्र तुल्याउनुहुन्छ।

मानिसहरूद्वारा समस्याहरू, परीक्षाहरू, विरोधाभासहरू हामीलाई आएकोमा हामीले अनौठो ठान्नुहुँदैन। यसको विपरीत हामीले आफूलाई तिनीहरूको अधीनमा दिनुपर्छ, र परमेश्वरले चाहनुभएसम्म हाम्रो लागि अत्यन्त लाभदायक कुराहरूको रूपमा ती सबैलाई सहनुपर्छ।

प्राणले चाहेको पूर्णता जति ठुलो छ, त्यति नै त्यो स्वर्गीय अनुग्रहमाथि निर्भर हुन्छ।

उहाँले परमेश्वरको उपस्थितिलाई सधैँ अनुभव गर्ने बानी केद्वारा प्राप्त गर्नुभयो भनी उहाँको आफ्नै मठको एक जनाले प्रश्न गर्दा उहाँले त्यस व्यक्तिलाई भन्नुभयो, कि उहाँ पहिलो पटक मठमा आउनुभएदेखि उहाँले परमेश्वरलाई आफ्नो सम्पूर्ण विचार र चाहनाको अन्त्यको रूपमा मान्नुभएको थियो, एउटा चिह्न, जुन दिशामा ती अगाडि बढ्नुपर्छ, र अन्त हुनुपर्छ।

उहाँले भन्नुभयो कि सुरुमा उहाँ नवआगन्तुक हुँदा उहाँले स्वर्गीय अस्तित्वको बारेमा आफ्नो मनलाई मनाउन र हृदयमा गहिरो प्रभाव ल्याउन तोकिएको व्यक्तिगत प्रार्थनाका घडीहरूलाई परमेश्वरको बारेमा सोच्नुमा बिताउनुभयो; यो उहाँले अध्ययनसहितको सोचविचार र विस्तृत ध्यानद्वारा गर्नुको सट्टामा भक्तिपूर्ण भावनाहरू र विश्वासको ज्योतिमा समर्पित हुनु भन्नेद्वारा गर्नुभयो। यो छोटो र निश्चित विधिद्वारा उहाँले आफूलाई परमेश्वरको ज्ञानमा र प्रेममा अभ्यास गराउनुभयो; निरन्तर परमेश्वरको उपस्थितिको अनुभूतिमा जिउन आफूले सक्ने उच्च प्रयास गर्ने र यदि सम्भव भएमा परमेश्वरलाई कहिल्यै नबिर्सने सङ्कल्प गर्नुभयो।

यसरी आफ्नो मनलाई प्रार्थनाद्वारा अनन्त परमेश्वरसम्बन्धी भावनाले भरिसकेपछि उहाँ भान्सा घरमा काम गर्न जानुहुन्थ्यो। त्यहाँ आफ्नो कामको मागअनुसार हरेक थोकलाई कहिले कसरी गर्ने भनी पूर्ण रूपमा विचार गरिसकेपछि सबै मध्यान्तरहरूलाई साथै कामको अघिका र पछिका समयहरूलाई प्रार्थनामा बिताउनुभयो।

जब उहाँले काम सुरु गर्नुहुन्थ्यो, उहाँले परमेश्वरलाई एउटा बालकले आफ्नो बुवामाथि राख्ने भरोसाको साथ यसरी भन्नुभयो, "हे मेरा परमेश्वर, तपाईं मेरो साथमा हुनुहुँदा र तपाईंका आज्ञाहरूको पालनस्वरूप अहिले मैले मेरो मनलाई यी बाहिरी कुराहरूमा लगाउनुपरेको हुँदा म तपाईंलाई बिन्ती गर्छु, तपाईंको उपस्थितिमा नै रहन मलाई अनुग्रह प्रदान गर्नुहोस्। तपाईंको सहायताद्वारा यसलाई पूरा गर्न मलाई सक्षम बनाउनुहोस्, मेरा सबै कामहरूलाई स्वीकार गर्नुहोस्, र सबै प्रेमलाई लिनुहोस्।"

उहाँ काम गर्दै जाँदा आफ्नो सृष्टिकर्तासँगको आफ्नो परिचित संवादलाई उहाँको अनुग्रहको लागि बिन्ती गर्दै र आफ्ना सबै क्रियाहरूलाई उहाँमा समर्पण गर्दै निरन्तरता दिँदै जानुभयो।

जब उहाँले आफ्नो कर्तव्यलाई पूरा गर्नुहुन्थ्यो, त्यसलाई कसरी निभाउनुभएको छ भनी आफैलाई जाँच्नुहुन्थ्यो; यदि असल भेट्टाउनुभएको खण्डमा उहाँले परमेश्वरलाई धन्यवाद दिनुभयो, अन्यथा उहाँले क्षमा माग्नुभयो, र निराश नभईकन आफ्नो मनलाई फेरि सही ठाउँमा राख्नुहुन्थ्यो, र आफ्नो परमप्रभुको उपस्थितिको अभ्यासलाई त्यसबाट नहटेको जस्तो गरी निरन्तरता दिनुहुन्थ्यो। उहाँले यसरी भन्नुहुन्थ्यो, "यसरी मेरा असफलताहरू पछि फेरि उठ्नुद्वारा र बारम्बार ताजा तुल्याएको विश्वास र प्रेमका कार्यहरूद्वारा म यस्तो एउटा स्थितिमा आउँछु, कि सुरुमा परमेश्वरको बारेमा सोचिरहने बानी ममा बसाल्नको लागि जति कठिन थियो,  त्यति नै अहिले उहाँको बारेमा नसोचीकन रहनु हुन पुग्दछ।"

दाजु लरेन्सले परमेश्वरको उपस्थितिमा हिँड्नु भन्ने कुरामा यति उपलब्धि भेट्टाउनुभएको थियो, कि अरूलाई यो कुरालाई सहजसँग सिफारिस गर्नु उहाँको लागि स्वाभाविक कुरा हुन पुग्यो; तर उहाँले प्रस्ताव गर्न सक्ने कुनै पनि तर्क भन्दा उहाँको उदाहरण बलियो प्रेरणा थियो। उहाँको मुहार नै भक्ति वृद्धि ल्याउने खालको थियो, यति सुमधुर र शान्त भक्ति त्यसमा देखिन्थ्यो, कि दर्शकहरूलाई त्यसले प्रभाव नपारीकन रहन सक्दैन थियो। यो कुरा पनि

देखिन्थ्यो, कि भान्साको काममा उहाँ अति व्यस्त हुँदा पनि उहाँको सम्झना र स्वर्गीय विचारलाई त्यति बेला पनि उहाँले सुरक्षित राख्नुहुन्थ्यो। उहाँले कहिल्यै हतार गर्नुभएन,  न त समयलाई खेर फाल्नुभयो, तर हरेक कुरालाई समान रहने निर्बोध धैर्यता र शान्तिको आत्माको साथ आफ्नो समयमा गर्नुभयो। उहाँले भन्नुभएको थियो, “मेरो लागि कामको समय प्रार्थनाको समयभन्दा फरक छैन, र भान्साको हल्ला र कोलाहलको बिचमा, जबकि धेरै व्यक्तिहरूले एकै समयमा विभिन्न कुराहरू मागिरहेका हुन्छन्, म प्रभु-भोजको समयमा घुँडा टेकिरहेको हुँदाको जस्तो ठुलो शान्तिमा परमेश्वरलाई अनुभव गरिरहेको हुन्छु।”

# - पत्रहरू -

## पहिलो पत्र

हाम्रो प्रभुले आफ्नो अनुग्रहको खातिर ममा राखिदिन प्रसन्न हुनुभएको परमेश्वरको उपस्थितिलाई अनुभूति गर्ने यो आदतमा म कुन माध्यमद्वारा आइपुगेँ भन्ने बताउनुपर्छ भनी तपाईं यति उत्कट इच्छा राख्नुभएको हुँदा, तपाईंलाई मैले भन्नुपर्छ, कि म ठुलो कठिनाइको साथ तपाईंका बिन्तीहरूद्वारा प्रभावित भएँ। अहिले म सो बताउँदैछु, यो सर्त साथ कि तपाईंले मेरो पत्रलाई अरू कसैलाई देखाउनु हुँदैन। यदि तपाईंले अरूलाई देखाउनुहुन्छ भनी मलाई थाहा थियो भने तपाईंको प्रगतिप्रति मैले बोकेको सम्पूर्ण इच्छाले पनि यस कुरा तपाईंलाई बाँड्न मलाई चित्त बुझाउन सक्दैन। मैले तपाईंलाई दिन सक्ने विवरणचाहिँ :

परमेश्वरकहाँ जानको लागि धेरै वटा किताबहरूमा विभिन्न प्रकारका विधिहरू भेट्टाएपछि, र आत्मिक जीवनका विविध अभ्यासहरू पछि मैले बुझेँ, कि यी सब मैले जे खोजिरहेको छु, जुनचाहिँ पूर्ण रूपमा परमेश्वरको हुनुबाहेक अरू केही होइनँ, त्यसको लागि सहयोग गर्नुको सट्टामा अलमल्ल पार्न मात्र उपयोग हुन्छ। यसले मलाई सबै थोक हुनुभएको उहाँलाई सबै थोक दिने सङ्कल्पमा पुऱ्यायो। यसैले आफूलाई पूर्ण रूपमा परमेश्वरलाई दिएपछि, ताकि उहाँले मेरो पापलाई हटाउन सकून्, मैले उहाँको प्रेमको खातिर उहाँबाहेक सम्पूर्ण थोकलाई त्यागेँ, र संसारमा उहाँ र मबाहेक अरू कोही नभएको जस्तो जिउन सुरु गरेँ।

कोही बेला मैले आफूलाई उहाँको सामु न्यायाधीशको पाउमा परेको दयनीय अपराधी जस्तो मूल्याङ्कन गरेँ; अरू कोही बेला म मेरो हृदयमा उहाँलाई मेरो पिता र मेरो परमेश्वरको रूपमा देखेँ। मेरो मनलाई उहाँको पवित्र उपस्थितिमा राखेर र त्यो उहाँबाट टाढा गएको मैले भेट्टाउँदा बारम्बार त्यसलाई फेरि उहाँतिर फर्काएर सकेसम्म मैले अक्सर उहाँलाई आराधना गरेँ।

यो अभ्यासमा मैले सानो पीडा पनि भेट्टाइनँ। मेरो मन इच्छा विपरीत बरालिँदा आफूलाई विचलित अथवा अशान्ति हुन नदिएर भएका सबै कठिनाइहरूको बाबजुद म त्यसमा लागिरहेँ। तोकिएको प्रार्थनाका समयहरूमा जसरी नै मैले यसलाई मेरो दिनभरिको कामको रूपमा बनाएँ, किनभने हरेक समय, हरेक घण्टा, हरेक मिनेट मेरो कामको व्यस्तताको बिचमा पनि मेरो परमेश्वरप्रतिको सोचलाई बाधा पुर्‍याउन सक्ने सबै थोकलाई मेरो मनबाट हटाएँ।

म भक्तिको जीवनमा प्रवेश गरेदेखि नै मेरो सामान्य अभ्यास यस्तो नै रहँदै आएको छ; र मैले यसलाई अति अपूर्ण तरिकाले गरेको भए तापनि मैले यसद्वारा ठुला फाइदाहरू पाएको छु। यो मलाई प्रस्ट थाहा छ, कि यी सबको श्रेय परमेश्वरको अनुग्रह र भलाइलाई दिनु पर्ने हो, किनभने हामी उहाँविना केही पनि गर्न सक्दैनौँ, र अझ म अरूभन्दा तुच्छ छु। तर जब हामी आफूलाई उहाँको पवित्र उपस्थितिमा राख्नुमा इमानदारी छौँ, र उहाँलाई हाम्रो सामु सधैँ राख्छौँ, यसले हामीले उहाँलाई दुःखित तुल्याउनु र उहाँ अप्रसन्न हुने कुनै पनि कुरा गर्नुलाई, कमसेकम स्वेच्छाले, अवरोध गर्नु मात्र नभएर यसले हामीमा एउटा पवित्र स्वतन्त्रता ल्याउँदछ, र यदि म यसरी भन्न मिल्छ भने, परमेश्वरसित एउटा परिचय ल्याउँदछ, जसद्वारा हामीले सफलतापूर्वक हामीलाई आवश्यक पर्ने अनुग्रहहरू माग्न सक्छौँ। छोटकरीमा अक्सर यी कार्यहरूलाई दोहोर्‍याउनुद्वारा ती आदत हुन पुग्दछन्, र परमेश्वरको उपस्थिति हामीलाई स्वाभाविक हुने गरी दिइन्छ। यदि तपाईं मेरो कुरामा सहमत हुनुहुन्छ भने मप्रतिको उहाँको ठुलो भलाइको लागि, जसलाई मैले कहिल्यै पर्याप्त रूपमा प्रशंसा गर्न सक्दिनँ, र मजस्तै पापीप्रति उहाँले गर्नुभएको धेरै निगाहको लागि उहाँलाई धन्यवाद दिनुहोस्। आमेन !

म, प्रभुमा तपाईंको

# दोस्रो पत्र

रेभरेन्ड ________ लाई,

मैले अपनाएको जीवनशैली किताबहरूमा त भेटिँदैन, यद्यपि मलाई यसमा कुनै कठिनाइ छैन। तैपनि, थप निश्चिन्तताको लागि यसबारे तपाईंको विचार जान्न पाए म खुसी हुने थिएँ।

भर्खरै एक जना धार्मिक मानिससँग भएको कुराकानीमा उहाँले मलाई भन्नुभयो, कि आत्मिक जीवन एउटा अनुग्रहको जीवन हो, जुनचाहिँ दासत्वको डरसँग सुरु हुन्छ, अनन्त जीवनको आशाद्वारा वृद्धि हुन्छ, शुद्ध प्रेमद्वारा सिद्ध तुल्याइन्छ। उहाँले भन्नुभयो, कि यी तीन वटा स्थितिहरूमा आफ्नै चरणहरू छन्, जसद्वारा अन्तमा एउटा मानिस त्यो आशिष्मय सिद्धतामा आइपुग्दछ।

मैले यी विधिहरूलाई पछ्याएको छैनँ। ठिक विपरीत, के कारणले मलाई थाहा छैनँ, यी कुराहरूले मलाई निरुत्साहित तुल्याएको भेट्टाएँ। यही कारणले नै मेरो धार्मिक जीवनको प्रवेशमा उहाँको प्रेमको लागि मैले फिर्ता दिन सक्ने उत्तम कुराको रूपमा आफूलाई पूर्ण रूपमा परमेश्वरलाई दिने र उहाँको प्रेमको खातिर उहाँबाहेक अरू सबै त्याग्ने सङ्कल्प गरेँ।

पहिलो वर्ष मैले भक्तिको लागि तोकिएका समयहरूमा (मठहरूमा प्रार्थना गर्नको लागि तोकिने समयहरू) सामान्यतया मृत्यु, न्याय, स्वर्ग, नरक र मेरा पापहरूको विचार गर्दै त्यसमा आफूलाई लगाएँ। यसरी नै दिनका बाँकी भागहरूमा र मेरो कामको बिचमा पनि आफ्नो मनलाई ध्यानसित परमेश्वरको उपस्थितितिर लगाएँ, जसलाई सदा मसित रहेको प्रायः ममा रहेको मान्थेँ। यसरी केही वर्षहरू बिताएँ।

समय बित्दै जाँदा आफूलाई थाहा नहुँदा–नहुँदै सोही कुरालाई मेरो तोकिएको प्रार्थनाको समयमा पनि गर्न थालें, जसले ममा आनन्द र सान्त्वना उत्पन्न गऱ्यो। यो अभ्यासले ममा यति उच्च सम्मान परमेश्वरप्रति ल्यायो, कि विश्वासले मात्र मलाई सन्तुष्टि दिन त्यो घडीमा सक्षम थियो। मेरो सुरुवात यस प्रकारको नै थियो, र यद्यपि मैले तपाईंलाई भन्नुपर्छ, कि पहिलेको दस वर्ष मैले धेरै दुःख पाएँ। मैले चाहेजस्तो परमेश्वरप्रति म समर्पित हुन सकिनँ भन्ने कुराको बुझाई, वर्तमानका समयमा विगतका पापहरू मेरो मनमा रहनु, र परमेश्वरले योग्य नहुँदा पनि मप्रति देखाउनुभएको निगाह यी नै मेरो दुःखको विषय र स्रोत थिए। यस समयहरूमा म प्रायः लडें, र तुरुन्तै फेरि उठें। मलाई यस्तो लाग्थ्यो, कि सारा प्राणीहरू, विचार र परमेश्वर आफै मेरो विरोधमा हुनुहुन्छ, र विश्वास मात्र मेरो पक्षमा छ। म कोही बेला यस्तो सोचाइले विचलित हुन्थें, कि यस्ता निगाहहरू पाएँ भन्ने विश्वास मेरो घमण्डको परिणाम हो, जसले अरूहरू कठिनाइले पुग्ने ठाउँमा आफू तुरुन्तै आइपुगेको झुटो दाबी गर्छ। अरू बेला भने, यो जानाजानी रोजिएको भ्रम हो र मेरो लागि कुनै उद्धार छैन भन्ने विचारले मलाई सताउँथ्यो।

जब मैले यी समस्याहरूमा नै मेरा दिनहरू अन्त हुन्छ भन्ने कुराबाहेक अरू केही सोचेको थिइनँ (जसले मैले परमेश्वरमा गरेको भरोसालाई कम गरेन, तर मेरो विश्वास बढाउन मात्र काम गऱ्यो), तब अचानक मैले आफूलाई बदलेको भेट्टाएँ, र मेरो प्राणले, जुनचाहिँ त्यो समयसम्म समस्यामा थियो, आफ्नो विश्रामको केन्द्र र स्थानमा रहेको जस्तो गहिरो शान्तिको अनुभव गऱ्यो।

त्यति बेलादेखि म परमेश्वरको सामु साधारण रूपमा विश्वासद्वारा नम्रता र प्रेमको साथ हिँडिरहेको छु, र उहाँलाई अप्रसन्न पार्ने केही नगर्न र नसोच्न आफूलाई ध्यानसित म लगाउँदछु। मलाई आशा छ, कि जब मैले गर्न सक्ने गरिसकेको हुन्छु, उहाँले ममा उहाँलाई जे इच्छा लाग्छ सो गर्नुहुनेछ।

वर्तमान समयमा जे ममा भइरहेको छ, त्यसबारे भन्नुपर्दा म त्यसलाई व्यक्त

गर्न सक्दिनँ। मेरो परिस्थितिको बारेमा मलाई कुनै पीडा अथवा कठिनाइ छैन, किनभने ममा परमेश्वरको इच्छा बाहेक अरू कुनै इच्छा छैन, जुनलाई मैले सबै कुरामा पूरा गर्न प्रयास गर्दछु, र जसप्रति म यति समर्पित छु, कि मैले उहाँको आदेश विपरीत अथवा उहाँप्रतिको प्रेमको खातिर बाहेक अरू कुनै उद्देश्यले एउटा पराललाई पनि जमिनबाट उठाउँदिनँ।

मेरो अवस्थाले मलाई बाध्य बनाउनेबाहेक म अरू सबै प्रकारको (नियमबद्ध) उपासना र (तोकिएको) प्रार्थनाका समयहरूबाट अलग भइसकेको छु। र उहाँको पवित्र उपस्थितिमा रहिरहनुलाई मात्र मेरो कामको रूपमा लिएको छु, जहाँ एउटा साधारण ध्यान लगाउनु र परमेश्वरप्रतिको एउटा सामान्य प्रेमसहितको आदरद्वारा आफैलाई राख्छु, जसलाई मैले वास्तविक परमेश्वरको उपस्थिति भनी भन्न सक्छु। अथवा अझ उत्तम तरिकाले भन्नुपर्दा, यो परमेश्वरसितको प्राणको एउटा बानी बसालिएको शान्त र रहस्यमय कुराकानी हो। यसले अक्सर ममा भित्री आनन्द र भारी भावनाहरू उत्पन्न गर्छ, र कोही बेला बाहिरी रूपमा पनि, यति विशाल रूपमा हो कि ती अरूलाई देखिनुबाट रोक्नलाई मैले त्यसलाई नियन्त्रण गर्न केही माध्यमहरूलाई प्रयोग गर्न बाध्य हुन्छु।

छोटकरीमा यी तीस वर्षभन्दा माथि मेरो प्राण परमेश्वरसित रहँदै आएको छ भन्ने कुरामा सबै शङ्का भन्दा माथि मैले निश्चय पाएको छु। मैले यहाँ धेरै कुराहरू छुटाएको छु, ताकि म हजुरको लागि झिजो नबनूँ, यद्यपि म आफूलाई परमेश्वरको सामु कुन तरिकाले हेर्दै छु भनी बताउनु सुहाउँदो हुन्छ भनी मलाई लाग्छ, जसलाई मैले मेरो राजाको रूपमा हेर्छु।

म आफूलाई मानवमध्ये अति दयनीय ठान्दछु, घाउहरू र भ्रष्टचारले भरिएको, र जो राजाको विरुद्धमा सबै प्रकारको अपराध गरेको मानिस। गहिरो अफसोसको छुवाइले म उहाँको सामु मेरा सबै अधर्महरू स्वीकार गर्छु, उहाँलाई क्षमा माग्छु, म आफूलाई उहाँका हातहरूमा छोडिदिन्छु, ताकि उहाँले ममा आफूलाई जे प्रसन्न लाग्छ त्यही गरून्। दया र भलाइले पूर्ण

भएको राजा, मलाई ताडना दिनुबाट धेरै टाढा, मलाई प्रेमले अँगाल्नुभयो, उहाँको टेबुलमा मलाई भोजन गर्न लगाउनुभयो, आफ्नै हातहरूले मेरो सेवा गर्नुभयो, आफ्नो खजानाको साँचो मलाई दिनुभएको छ; मसँग कुराकानी गर्नुहुन्छ, र निरन्तर र हजारौँ–हजारौँ तरिकाले मसित आनन्द मान्नुहुन्छ, र मलाई सबै प्रकारले आफूलाई मनपर्ने व्यक्तिको रूपमा व्यवहार गर्नुहुन्छ। यसरी नै उहाँको पवित्र उपस्थितिमा समय–समयमा म आफूलाई ठान्दछु।

मेरो अति उपयुक्त तरिका चाहिँ साधारण ध्यान लगाउनु र परमेश्वरप्रतिको सामान्य प्रेमसहितको सम्मान हो, जससँग म आमाको स्तनमा जोडिएको बच्चाभन्दा धेरै आनन्द र मिठासको साथ आफूलाई अक्सर जोडिएको पाउँछु। यसैले यदि यसबारे म अभिव्यक्ति प्रयोग गर्न हिम्मत गरेँ भने, मैले त्यहाँ चाख्ने र अनुभव गर्ने अवर्णनीय मिठासको खातिर यो अवस्थालाई 'परमेश्वरको छातीमा रहनु' भनी भन्नुपर्छ।

यदि कुनै बेला आवश्यकताले वा दुर्बलताले मेरा विचारहरू त्यहाँबाट बरालिँदा यति आकर्षक र स्वादिष्ट भित्री भावनाहरूद्वारा, जसलाई बताउन मलाई लाज लाग्छ, म तुरुन्तै त्यहाँ फर्काइन्छु। मजस्तै पूर्ण अयोग्य र अकृतज्ञलाई परमेश्वरले गर्नुभएका महान् निगाहहरूको बारेमा आफ्नो विचार बताउनुभन्दा हजुर रेभरेन्डले मेरो ठुलो दयनीय अवस्थाको बारेमा बताएको म चाहन्छु, जसको बारेमा तपाईंलाई पूर्ण रूपमा थाहा छ।

मेरो तोकिएको प्रार्थनाको समयको बारेमा कुरा गर्नुपर्दा ती त्यही अभ्यासको निरन्तरता मात्र हुन्। कोही बेला म आफैलाई त्यहाँ कर्मीको अगाडिको ढुङ्गाजस्तो ठान्छु, जसबाट तिनले एउटा प्रतिमा बनाउनुपर्छ; परमेश्वरको अगि आफैलाई त्यसरी प्रस्तुत गर्दै उहाँले मेरो प्राणमा आफ्नो सिद्ध स्वरूप बनाएको र मलाई पूर्ण रूपमा उहाँजस्तै बनाएको चाहन्छु।

अरू कुनै बेला जब म आफैलाई प्रार्थनामा दिन्छु, मेरो पूर्ण आत्मा र मेरो पूर्ण प्राण आफैले आफैलाई मबाटको कुनै वास्ता र प्रयासविना नै माथि

उठाएको म महसुस गर्छु, र आफ्नो केन्द्र र विश्रामको ठाउँमा रहेको जस्तै स्वतन्त्र रूपमा झुन्ड्याइएको र परमेश्वरमा स्थिर गराएको जसरी जारी रहन्छ।

मलाई थाहा छ, कि कसैले यो स्थितिलाई निष्क्रियता, भ्रम र स्वप्रेम भनी आरोप लगाउँछन्। मैले स्वीकार गर्छु, कि यो एउटा पवित्र निष्क्रियता हो, र यदि प्राण त्यो स्थितिमा रहन सक्षम छ भने त्यो एउटा आनन्दमय स्वप्रेम हुनेछ। किनभने जब प्राण त्यस्तो विश्राममा हुन्छ, त्यसलाई पहिले बानी परेका कार्यहरूले बाधा पुऱ्याउन सक्दैनन्; वास्तवमा, जुन कार्यहरू पहिले त्यसको लागि सहयोगी थिए, तिनले अब सहयोग गर्नुको सट्टा बाधा मात्र पुर्‍याउँछन्।

यद्यपि यसलाई भ्रम भन्नुपर्छ भन्ने कुरालाई म सहन सक्दिनँ, किनभने यस प्रकारले परमेश्वरमा आनन्द लिने आत्माले यस स्थितिमा उहाँबाहेक अरू केही चाहँदैन। यदि ममा यो एउटा भ्रम हो भने यसको उपचार गर्ने काम परमेश्वरको हो। उहाँलाई मसँग जे गर्न प्रसन्न लाग्छ त्यही गरून्;  म उहाँलाई मात्र चाहन्छु र पूर्ण रूपमा उहाँमा नै समर्पित हुन चाहन्छु। यद्यपि, आफ्नो धारणा पठाएर मलाई सहायता गर्नुहुनेछ भन्ने आशा गर्दै। म तपाईंको धारणालाई सधैं उच्च सम्मान दिनेछु, किनभने म हजुरलाई धेरै आदर गर्दछु।

म प्रभुमा तपाईंको

# तेस्रो पत्र

हामीसँग एक जना परमेश्वर हुनुहुन्छ, जो असीम अनुग्रही र हाम्रो आवश्यकता जान्नुहुन्छ। मैले सधैँ सोचेको थिएँ, कि उहाँले तपाईंलाई नितान्त खाँचोमा पुर्‍याउनु हुन्छ। उहाँ आफ्नै समयमा आउनुहुनेछ, र जब तपाईंले त्यसको आशा अति कम मात्रामा गर्नुभएको हुन्छ। पहिले भन्दा धेरै उहाँमा आशा गर्नुहोस्, उहाँले तपाईंको लागि गर्नुहुने निगाहहरूको लागि मसित मिलेर धन्यवाद दिनुहोस्, विशेष गरी तपाईंका दुःखहरूमा उहाँले तपाईंलाई दिनुहुने मनोबल र धैर्यको लागि। उहाँले तपाईंप्रति राख्नुहुने वास्ताको लागि त्यो एउटा स्पष्ट चिह्न हो। त्यस्तो हुँदा आफूलाई उहाँमा सान्त्वना दिनुहोस्, र सबै कुराको लागि उहाँलाई धन्यवाद दिनुहोस्।

म श्रीमान् __________को मनोबल र साहसलाई प्रशंसा गर्छु। परमेश्वरले उनलाई असल गुण र असल हृदय दिनुभएको छ, तर उनमा अझै पनि थोरै मात्रामा संसार र धेरै मात्रामा जवानीपन छ। म आशा गर्छु, यो दुःख, जुन परमेश्वरले पठाउनुभएको छ, उनको लागि स्वास्थ्यकर उपचारको रूपमा प्रमाणित हुनेछ, र उनलाई आफूभित्र हेर्न लगाउँछ। यो एक यस्तो घटना हो, जसले उनलाई जतातत्तै साथ दिनुहुने उहाँमा सम्पूर्ण भरोसा राख्न लगाउँछ। उनले जति सक्छ त्यति नै उहाँको बारेमा सोचोस्, विशेष गरी ठुला खतराहरूमा। हृदयलाई थोरै मात्र उचाल्दा पुग्छ। परमेश्वरको एउटा सानो सम्झना, एउटा सानो भित्री उपासना, युद्धको यात्रामा हुँदा र हातमा एउटा तलवार हुँदा भए पनि गरिएका प्रार्थनाहरू, जुन जति छोटो भए पनि परमेश्वरको सामु अति स्वीकार्य छन्, र खतराको समयमा एक सिपाहीको साहसलाई कम गर्नुभन्दा टाढा तिनीहरू अझ उत्तम रूपमा बलियो बनाउन उपयोगी हुन्छन्।

आफूले सकेसम्म उनले परमेश्वरको बारेमा सोचोस्। चरण चरणद्वारा

तिनले यो सानो तर पवित्र अभ्यासमा बानी बसालोस्। कसैले यसलाई ध्यान दिनेछैनन्, र यी भित्री प्रशंसालाई दिनमा अक्सर दोहोऱ्याउनुभन्दा सजिलो अरू केही छैन। यदि तपाईं स्वीकार गर्नुहुन्छ भने यहाँ बताएको तरिकाले उनले सकेसम्म परमेश्वरलाई सम्झिन सुझाव दिनुहोस्। यो एक सिपाहीको लागि अति मिल्ने र अति आवश्यक छ, जो दैनिक रूपमा जीवनका खतराहरूमा पर्छ। म आशा गर्छु, कि परमेश्वरले तिनलाई र सारा परिवारलाई मदत गर्नुहुनेछ, जसलाई उनीहरूको र तपाईंको भएर म मेरो सेवा अर्पण गर्दछु।

तपाईंको विश्वासयोग्य सेवक

# चौथो पत्र

मैले हाम्रो समाजको एक जनाको अनुभव र भावनाहरूको बारेमा, उनले परमेश्वरको उपस्थितिबाट निरन्तर पाउने सहयोग र प्रशंसनीय प्रभावको बारेमा, तपाईंलाई बताउन यो अवसरलाई लिएको छु,। तपाईं र म दुवैले यसबाट लाभ उठाऔँ।

तपाईंले थाहा पाउनुपर्छ, कि तिनले धार्मिक जीवनमा बिताएको विगतका झण्डै चालिस वर्षहरूमा तिनको निरन्तर चाहना सदा परमेश्वरको साथमा रहनु र उहाँलाई अप्रसन्न तुल्याउने केही नगर्नु, नबोल्नु र नसोच्नु, र यो सबै परमेश्वरप्रतिको विशुद्ध प्रेमको खातिर बाहेक अरू कुनै धारणाले नगर्नु थियो, किनभने उहाँ [परमेश्वर] असीम रूपमा अझ धेरै कुराको योग्य हुनुहुन्छ।

तिनी स्वर्गीय उपस्थितिमा यति अभ्यस्त भएका छन्, कि तिनले सबै परिस्थितिहरूमा त्यसबाट निरन्तर सहयोग पाइरहेका छन्। झण्डै तीस वर्ष तिनको प्राण निरन्तर रहने आनन्दले भरिएको छ, र कोही बेला यति विशाल रूपमा कि तिनी त्यसलाई नियन्त्रण गर्न र त्यो बाहिरी रूपमा देखिनुबाट रोक्न कुनै माध्यमहरू प्रयोग गर्न बाध्य छन्।

यदि कहिलेकाहीँ तिनी स्वर्गीय उपस्थितिबाट अलि बढी अनुपस्थित भए भने परमेश्वरले तिनलाई फर्काउनको लागि तुरुन्तै आफूलाई तिनको प्राणमा महसुस गराउनुहुन्छ, जुन कुरा प्रायः तिनी बाहिरी कामहरूमा अति व्यस्त भएर लागिरहेको हुँदा घट्छ। तिनले आफ्नो हृदयलाई परमेश्वरतिर उचालेर अथवा एउटा विनम्र र प्रेमिलो सम्मानद्वारा अथवा यी घडीहरूमा प्रेमले उत्पन्न गराउने शब्दहरूद्वारा सठिक इमानदारीसाथ ती भित्री खिचाइहरूको जवाफ दिन्छन्, उदाहरणको लागि "मेरो परमेश्वर, म यहाँ छु। प्रभु, मलाई तपाईंको

हृदयअनुसार बनाउनुहोस्।" त्यसपछि उनलाई यस्तो लाग्छ (परिणामस्वरूप तिनले यो महसुस गर्छन्), कि यो प्रेमको परमेश्वर त्यस्ता थोरै शब्दहरूले सन्तुष्ट भएर तिनको प्राणको सार र केन्द्रमा फेरि शान्तिसँग रहनुहुन्छ। यी कुराहरूका अनुभवहरूले तिनलाई यस्तो निश्चय दिँदछ, कि परमेश्वर आफ्नो प्राणको सार अथवा गहिराइमा सदा हुनुहुन्छ, जसले तिनलाई कुनै पनि तरिकाले यसलाई शङ्का गर्न असक्षम बनाउँदछ।

यसबाट मूल्याङ्कन गर्नुहोला, उनले कस्तो खुसी र सन्तुष्टिको आनन्द लिन्छन्, जबकि उनले निरन्तर आफैँमा यति ठुलो खजाना फेला पार्छन्। तिनी अब यस पछिको चिन्ताजनक खोजमा छैनन्, तर यो तिनको अगाडि खुला भेटाएका छन्, र तिनले त्यसबाट चाहेअनुसार लिन सक्छन्।

तिनी हाम्रो अन्धोपनको बारेमा धेरै गुनासो गर्छन्, र प्रायः भावुक भएर कराउँछन्, कि हामी दयनीय मानिन पर्नेहरू, जो यति थोरैले आफूलाई सन्तुष्ट पार्छौं। तिनी भन्छन्, "परमेश्वरसित खन्याउनको लागि असीम खजाना छ, र हामी एउटा अल्प महसुस हुने भक्तिमा सन्तोक हुन्छौँ, जुन केही क्षणको मात्र हुन्छ। हामी अन्धो नै छौँ, हामी परमेश्वरलाई अवरोध गर्छौं, र उहाँको अनुग्रहको प्रवाहलाई रोक्छौँ। तर जब उहाँले जिउँदो विश्वासले छेडिएको एउटा प्राण भेट्टाउनुहुन्छ, उहाँले त्यसभित्र आफ्ना अनुग्रहहरू र निगाहहरू प्रशस्त मात्रामा खन्याउनुहुन्छ; त्यहाँ ती भेलजस्तो बग्छन्, जुनचाहिँ आफ्नो सामान्य बाटोमा बग्नुबाट जबरजस्ती रोकिएपछि, जब त्यसले एउटा बाटो भेटाउँछ त्यहाँ आफैलाई तीव्रता र प्रचुरतासाथ फैलाउँछ।"

हो, हामीले यो भेललाई त्यसमाथि राखिने थोरै महत्त्वद्वारा अक्सर रोक्छौँ। तर अब उप्रान्त त्यसलाई नरोकौं; हामी आफैँभित्र प्रवेश गरौँ, र त्यसलाई बाधा पुऱ्याउने ढिस्कोहरूलाई भत्काइदिऊँ। अनुग्रहको लागि बाटो बनाऔँ; गुमाएको समयको पूर्ति गरौँ, किनभने सायद हामीसँग थोरै बाँकी छ होला। मृत्युले हामीलाई नजिक रूपमा पछ्याइरहेको छ; त्यसको लागि राम्ररी तयार

भएर बसौँ; किनभने हामी एकपल्ट मर्छौं, र एउटा गर्भपातलाई पुनः सुधार्न सकिँदैन।

म फेरि भन्छु, हामी आफैँभित्र प्रवेश गरौँ। समयले बाध्य बनाइरहेको छ, हामीसँग ढिलो गर्न अवसर छैन, हाम्रा प्राणहरू जोखिममा छन्। मलाई विश्वास छ, कि तपाईंले यस्ता प्रभावकारी उपायहरू लिनुभएको छ, कि तपाईं छक्क पर्नुहुनेछैन। म तपाईंलाई त्यसको लागि प्रशंसा गर्छु; त्यो नै एउटा आवश्यक कुरा हो। यद्यपि हामीले त्यसमा सधैँ परिश्रम गर्नुपर्छ, किनभने आत्मिक जीवनमा प्रगति नहुनुको अर्थ पछि पर्नु हो। तर ती मानिसहरू, जोसँग पवित्र आत्माको अनुकूल हावा छ, तिनीहरू निद्रामा पनि अघि बढिरहेका हुन्छन्। यदि प्राण भन्ने हाम्रो जहाज एकै ठाउँमा हावा र आँधीको झट्कामा परेको छ भने प्रभुलाई उठाऔँ, जो त्यसमा शान्तसँग विश्राम लिनुभएको छ, र उहाँले तुरुन्तै समुद्रलाई शान्त पार्नुहुनेछ।

मैले यी असल भावनाहरू तपाईंलाई प्रदान गर्न स्वतन्त्रता लिएको छु, कि तपाईंले यी कुराहरूलाई आफ्नोसँग तुलना गर्नुभएको होस्। यदि दुर्भाग्यवश तपाईंका भावनाहरू थोरै मात्र भए पनि सेलाएका छन् भने (परमेश्वरले त्यसो हुन नदिऊन्, किनकि त्यो साँच्चै ठूलो दुर्भाग्य हुनेछ), यी कुराहरूले तिनीहरूलाई फेरि सल्काउन र प्रज्वलित पार्न मद्दत गर्नेछन्। आउनुहोस्, हामी दुवै सुरुको जोसमा फर्कौं। यो दाजुका उदाहरण र भावनाहरूद्वारा लाभ उठाऔँ, जो संसारमा थोरै चिनिएका छन्, तर परमप्रभुद्वारा चिनिएका छन्, र उहाँबाट ज्यादै लालन पाएका छन्। म तपाईंको लागि प्रार्थना गर्नेछु, तपाईंले पनि मेरो लागि निरन्तर प्रार्थना गर्नुहोस्, जो प्रभुमा तपाईंको हुँ।

प्रभुमा तपाईंको

***अनुवादकको टिप्पनी:*** *यो पत्र दाजु लरेन्सले लेख्नुभएको होइन, तर उहाँको बारेमा अरू कसैले लेखेको हो ।*

# पाँचौँ पत्र

एक जना बहिनीबाट आजको दिनमा मैले दुइटा किताबहरू पाएँ, जो स्त्री–भिक्षु हुनको लागि तयार हुँदै छिन्, र त्यस कुराको लागि तपाईंको पवित्र समाजबाट र विशेष तपाईंबाट प्रार्थनाको अपेक्षा गर्दै छिन्। म बुझ्दै छु, कि तिनले उनीहरूमाथि ठुलो भरोसा राखेकी छिन्; प्रार्थना गर्नुहोस्, उनलाई निराश नतुल्याउनुहोस्। परमेश्वरलाई बिन्ती गर्नुहोस्, कि तिनले उनको यो बलिदान उहाँको प्रेमको खातिर मात्र गरेकी होस्, र बलियो सङ्कल्पको साथ पूर्ण रूपमा उहाँमा समर्पित हुन सकेकी होस्।

म तपाईंलाई ती किताबहरूमध्ये एउटा पठाउँछु, जुनचाहिँ *परमेश्वरको उपस्थितिको* विषयमा छ; एउटा विषय, जुनचाहिँ मेरो धारणामा, पूर्ण आत्मिक जीवनलाई समेटेको छ, र मलाई लाग्छ, कि यसलाई सही तरिकाले अभ्यास गर्ने जो–कोही चाँडै आत्मिक बन्नेछ।

मलाई थाहा छ, कि यसको सही अभ्यासको लागि हृदय अरू सबै थोकबाट खाली भएको हुनुपर्दछ, किनभने परमेश्वरले हृदयलाई मात्र पक्रिनु हुनेछ, र उहाँले त्यसलाई अरू थोकबाट खाली नगरीकन त्यसलाई मात्र पक्रिन सक्नुहुन्न, त्यसरी नै न त उहाँले त्यहाँ काम गर्न सक्नुहुन्छ र आफूलाई जे प्रसन्न लाग्छ त्यो त्यहाँ गर्न सक्नुहुन्छ, जबसम्म त्यो उहाँको लागि खाली छोडिँदैन।

परमेश्वरसँग निरन्तर बातचित गर्नुभन्दा बढी मिठास र आनन्द ल्याउने खालको जीवन यो संसारमा छैन: जसले यसको अभ्यास गर्छन् र अनुभव गर्छन्, तिनीहरूले मात्र यसलाई बुझ्न सक्छन्। यद्यपि त्यो लक्ष्य बोकेर यसो गर्न सल्लाह म दिँदिनँ; यो अभ्यासमा हामीले खोज्नुपर्ने आनन्द होइन; तर प्रेमको सिद्धान्तद्वारा हामीले यो गरौँ, किनभने परमेश्वरले हामीलाई स्वीकार

गर्नुहुन्छ। यदि म एउटा प्रचारक भएको भए, मैले अरू सबै कुराभन्दा बढी परमेश्वरको उपस्थितिको अभ्यासलाई प्रचार गर्नुपर्छ, र यदि म एउटा निर्देशक भएको भए, मैले सारा संसारलाई सो गर्ने सल्लाह दिनुपर्छ, यसलाई म यति आवश्यक ठान्दछु र यति सजिलो पनि।

ओहो ! हामीमा भएको परमेश्वरको अनुग्रह र सहायताको खाँचोको बारेमा हामीले थाहा पाएको भए हुन्थ्यो, हामीले कहिल्यै उहाँप्रतिको ध्यानलाई गुमाउनु हुँदैन – होइन, क्षणिकको लागि पनि होइन। मेरो कुरा विश्वास गर्नुहोस्; अब उप्रान्त कहिल्यै स्वेच्छाले उहाँलाई नबिर्सिने र तपाईंका बाँकी दिनहरूलाई, यदि उहाँले उचित ठान्नुहुन्छ भने उहाँको प्रेमको खातिर सबै सान्त्वनाबाट वञ्चित भएर, उहाँको पवित्र उपस्थितिमा बिताउने एउटा पवित्र र बलियो सङ्कल्प तुरुन्तै गर्नुहोस्।

पूर्ण हृदयको साथ यो कामलाई सुरु गर्नुहोस्, र यदि तपाईंले गर्नुपर्ने तरिकाले यो गर्नुभयो भने निश्चित हुनुहोस्, कि तपाईंले चाँडै नै यसका प्रभावहरूलाई देख्नुहुनेछ। मैले मेरा तुच्छ प्रार्थनाहरूद्वारा तपाईंलाई मदत गर्नेछु। म उत्कटतासाथ तपाईंको र तपाईंको पवित्र समाजलाई मेरो लागि प्रार्थना गरिदिन आग्रह गर्दछु।

म तपाईंको

# छैटौँ पत्र

तपाईंले मेरो लागि श्रीमती __________ लाई दिएका कुराहरू मैले उहाँबाट पाएँ। मलाई आश्चर्य लाग्छ, कि मैले तपाईंलाई पठाएको सानो पुस्तिकाको बारेमा, जसलाई तपाईंले पाएको हुनुपर्छ, तपाईंको विचार मलाई बताउनु भएन। प्रार्थना र पूर्ण हृदयसहित यो अभ्यासमा तपाईंको वृद्ध उमेरमा लाग्नुहोला; ढिलो सुरु गर्नु कहिल्यै नगर्नुभन्दा उत्तम हो।

मैले कल्पना गर्न सकिनँ, कि कसरी भक्ति गर्ने मानिसहरू परमेश्वरको उपस्थितिको अभ्यास नगरीकन सन्तुष्टि साथ जिउन सक्छन्। मेरो पक्षबाट मैले मेरो प्राणको गहिरो अथवा मध्य भागमा मैले जति सक्छ त्यति धेरै आफूलाई उहाँको साथ राख्छु; र त्यसरी म उहाँको साथ रहँदा मलाई केहीको डर लाग्दैन, तर उहाँबाट थोरै अर्कोतिर फर्किनु पनि असहनीय हुन्छ।

यस अभ्यासले शरीरलाई धेरै थकान दिँदैन; यद्यपि त्यसलाई कोही बेला, होइन, बारम्बार धेरै साना सुखहरूबाट, जुन निर्दोष र न्यायसङ्गत हुन्छन्, वञ्चित गराउन उचित हुन्छ, किनभने पूर्ण रूपमा उहाँप्रति नै समर्पित हुन इच्छुक प्राणलाई उहाँको साथ रहनुभन्दा अन्य सुखहरूमा रमाउन परमेश्वरले अनुमति दिनुहुन्न; यो व्यावहारिकभन्दा पनि अझ बढी सही कुरा हो।

यसैले हामीले आफैमाथि कुनै जबरजस्ती साथको नियन्त्रण लगाउनुपर्छ भनी म भन्दिनँ। होइनँ, हामीले एउटा पवित्र स्वतन्त्रता साथ परमेश्वरको सेवा गर्नुपर्छ; हामीले हाम्रो मनलाई, जब–जब त्यो उहाँबाट फर्किएको भेटाउँछौँ, नरम र शान्ततासाथ परमेश्वरतिर फर्काउँदै हाम्रा कामहरू व्याकुलता अथवा अशान्तिविना इमानदारीसाथ गर्नुपर्छ।

हाम्रा सबै चिन्ताहरूलाई र केही विशेष रूपका भक्तिका अभ्यासहरूलाई

पनि छोडेर  हाम्रो पूर्ण भरोसा परमेश्वरमाथि राख्नु आवश्यक छ। यी अभ्यासहरू आफैमा असल भए तापनि यसमा अक्सर एक जनाले अनुचित रूपमा संलग्न हुने खालका छन्, किनभने यी भक्तिका अभ्यासहरू लक्ष्यमा पुग्नको लागि सिर्फ माध्यमहरू मात्र हुन्। जब हामी परमप्रभुको उपस्थितिको अभ्यासद्वारा उहाँसँग हुन्छौँ, जो हाम्रो लक्ष्य हुनुहुन्छ, फेरि पनि माध्यमहरूतिर फर्किनु बेकार हुन्छ। तर केही समय प्रशंसा, आराधना अथवा उहाँप्रतिको तृष्णाद्वारा, केही समय उहाँसित एकान्तमा समय बिताएर अथवा धन्यवाद दिएर र हाम्रो आत्माले पत्ता लगाउन सक्ने सबै माध्यमहरूद्वारा, उहाँको पवित्र उपस्थितिमा लगनशीलता साथ रहँदै, हामीले उहाँसितको हाम्रो प्रेमको आदानप्रदानलाई निरन्तरता दिन सक्छौँ।

प्राकृतिक रूपमा यसप्रति हुने गहिरो तिरस्कारदेखि निरुत्साहित नहुनू, तपाईंले आफैलाई बलजफती गर्नुपर्छ। सुरुमा एक व्यक्तिले प्रायः यसलाई समयको बरबाद भनी ठान्छ, तर तपाईं अगि बढिरहनुपर्छ, र आउन सक्ने सबै कठिनाइहरूको बाबजुद मृत्युसम्म यसमा लागिरहने सङ्कल्प गर्नुपर्छ। तपाईंको पवित्र समाज र विशेष तपाईंलाई मेरो लागि प्रार्थना गरिदिनुहुन आग्रह गर्दछु।

म हाम्रो प्रभुमा तपाईंको

# सातौँ पत्र

तपाईंप्रति मलाई बढी दया लाग्छ। यदि तपाईंले आफ्ना कामहरूको जिम्मा ___________ लाई दिएर तपाईंको जीवनको बाँकी समयलाई परमेश्वरलाई आराधना गर्नुमा बिताउनु अति महत्त्वपूर्ण हुनेछ। उहाँले हामीबाट ठुला केही कुराहरू चाहनुहुन्न: समय–समयमा उहाँको अलिकति सम्झना, छोटो आराधना, कोही बेला उहाँको अनुग्रहको लागि प्रार्थना, कोही बेला आफ्ना पीडाहरूलाई उहाँलाई चढाउनु, र कोही बेला तपाईंको कष्टको बिचमा उहाँले दिनुभएको र दिइरहनुभएको निगाहको लागि उहाँलाई धन्यवाद दिन उहाँकहाँ फर्कनु, र जति बढी सक्छ त्यति बढी उहाँको साथमा आफैलाई सान्त्वना दिनु। आफ्नो हृदयलाई उहाँतिर उठाउनुहोस्, कोही बेला भोजनको समयमा र मानिसहरूको साथमा हुँदा; अति छोटो सम्झना पनि सधैँ नै उहाँको सामुन्ने ग्रहणयोग्य रहनेछ। तपाईं धेरै ठुलो स्वरले चिच्याउनु पर्दैन; हामीले महसुस गरिरहेको भन्दा अझ बढी उहाँ हाम्रो नजिक हुनुहुन्छ।

परमेश्वरसित सधैँ रहनको लागि सधैँ मण्डलीमा रहनुपर्ने आवश्यकता छैन। हामीले हाम्रो हृदयमा नै एउटा गुप्त कोठा बनाउन सक्छौँ, जहाँ हामी समय–समयमा नरमता, विनम्रता र प्रेममा उहाँसँग कुरा गर्न जान सक्छौँ। हरेक व्यक्ति परमेश्वरसँग यस्तो परिचित कुराकानी गर्न सक्षम छन्, कोही बढी कोही थोरै। हामी के गर्न सक्छौँ भनी उहाँलाई थाहा छ। त्यसो भए सुरु गरौँ। सायद उहाँ हाम्रो तर्फबाट एउटा पूर्ण सङ्कल्पको अपेक्षा गर्नुहुन्छ। हिम्मत गर्नुहोस्। हामीलाई बाँच्न थोरै समय बाँकी छ; तपाईं झन्डै ६४ वर्ष पुग्नुभयो र म ८० वर्षको छु। हामी परमेश्वरसँगै बाँचौँ र मरौँ। हामी उहाँको साथमा हुँदा पीडाहरू मिठो र सुखद हुनेछन्। अति ठुला सुखदहरू पनि उहाँविना क्रूर दण्ड हुनेछ। पाएको सम्पूर्ण आशिष्को लागि उहाँ धन्यको हुनुभएको होस्। आमेन !

क्रमशः बढ्दै जाने गरी उहाँलाई यसरी आराधना गर्न, उहाँको अनुग्रहको लागि बिन्ती गर्न, आफ्ना कामहरूको बिचमा समय–समयमा आफ्नो हृदय उहाँलाई चढाउन, यदि सक्नुहुन्छ भने हरेक क्षण पनि, आफूमा बानी बसाल्नुहोस्। कुनै विधिहरू अथवा विशेष रूपका भक्तिका अभ्यासहरूमा अति सावधानीपूर्वक आफूलाई सीमित नराख्नुहोला, तर प्रेम र विनम्रतासाथ परमेश्वरमाथि राख्ने सामान्य भरोसाको साथ काम गर्नुहोला। तपाईं _______ लाई मेरो तुच्छ प्रार्थना पाउने र म उहाँहरूको, विशेष तपाईंको, सेवक हुँ भन्ने निश्चय दिन पाउनुहुन्छ।

प्रभुमा तपाईंको

# आठौँ पत्र

तपाईंले मलाई नयाँ केही भन्नुभएको छैन; घुमिरहने विचारहरूले दुःख पाइरहेको चाहिँ तपाईं एक जना मात्र होइन। हाम्रो मन अति नै घुमफिर गर्ने खालको छ; तर इच्छा नै हाम्रो सम्पूर्ण बोधहरूको मालिक्नी भएकाले तिनले ती सबैलाई नियन्त्रणमा ल्याउनुपर्छ, र ती सबैलाई तिनीहरूको अन्तिम गन्तव्यको रूपमा परमेश्वरकहाँ लानुपर्छ।

हाम्रो पहिलोपल्टको भक्तिको अभ्यासमा मनचाहिँ केन्द्रित गराउनुद्वारा पाइने पर्याप्त शान्तिको अभावले गर्दा घुमफिर गरिरहने र तितरबितर हुने भन्ने केही नराम्रा बानीहरूमा परेको छ, ती जित्नका लागि कठिन कुराहरू हुन्, र सामान्य रूपमा हाम्रो इच्छाको विपरीत पनि हामीलाई सांसारिक कुराहरूतिर खिच्छ।

मलाई विश्वास लाग्छ, कि यसको एक उपाय चाहिँ परमेश्वरको सामु आफ्ना भुलहरूलाई स्वीकार गरी आफूलाई विनम्र तुल्याउनु हो। धेरै शब्दहरू र लामो बातचितहरू नै मन घुमफिर हुन प्रायः अवसर दिनाले म तपाईंलाई प्रार्थनामा धेरै शब्दहरू प्रयोग गर्ने सल्लाह दिँदिनँ। प्रार्थनामा परमेश्वरको सामु आफूलाई धनी मानिसको ढोका अगाडि भएको एउटा गुँगो अथवा पक्षाघाती भिखारी जस्तो उपस्थित गराउनुहोस्। परमप्रभुको उपस्थितिमा आफ्नो मनलाई केन्द्रित गराउनु नै तपाईंको काम होस्। यदि त्यो कोही बेला उहाँबाट आफै घुमफिर गऱ्यो अथवा हट्यो भने त्यसको लागि आफूलाई धेरै अशान्त नतुल्याउनुहोस्: व्याकुलता र अशान्तिले ध्यानलाई केन्द्रित गराउनुको सट्टामा अलमल्याउनको लागि नै मदत गर्छ; इच्छाले त्यसलाई शान्त रूपमा फर्काउनुपर्छ। यदि तपाईं यस तरिकाले दृढ रहनुभयो भने परमेश्वरले तपाईंप्रति दया देखाउनुहुनेछ।

प्रार्थनाको समयमा मनलाई केन्द्रित गराउन र त्यसलाई बढी शान्त अवस्थामा राख्न एक सजिलो तरिकाचाहिँ त्यसलाई अन्य समयहरूमा धेरै टाढासम्म घुमफिर गर्न नदिनु हो। तपाईंले त्यसलाई कडा रूपमा परमेश्वरको उपस्थितिमा राख्नुपर्छ, र उहाँलाई बारम्बार सम्झिने बानी भइसकेपछि तपाईंले प्रार्थनाको समयमा मनलाई शान्त राख्न सजिलो भेटाउनुहुनेछ, अथवा कमसेकम त्यसलाई त्यसको घुमफिरबाट फर्काउन।

परमप्रभुको उपस्थितिको अभ्यासबाट हामीले पाउन सक्ने फाइदाहरूको बारेमा मैले मेरा अगिका पत्रहरूमा तपाईंलाई पहिले नै विस्तारित रूपमा भनिसकेको छु। यसमा गम्भीर रूपमा लागौँ र एक अर्काको लागि प्रार्थना गरौँ।

प्रभुमा तपाईंको

# नवौँ पत्र

यहाँ समावेश भएको चाहिँ मैले ______बाट पाएको पत्रको उत्तर हो; बिन्ती गर्छु, तिनीकहाँ यो पुऱ्याइदिनुहोला। तिनी पूर्ण रूपमा असल इच्छाले भरेको देखिन्छिन्, तर तिनी अनुग्रहभन्दा छिटो अगाडि जाँदैछिन्। मानिस एकै चोटि पवित्र बन्दैन। म तिनलाई तपाईंलाई जिम्मा लगाउँदै छु; हामी हाम्रो सल्लाहद्वारा एक अर्कोलाई मदत पुऱ्याउनुपर्छ, र अझ बढी हाम्रो असल उदाहरणहरूद्वारा। कृपया तिनको बारेमा समय–समयमा मलाई जानकारी दिनुहोला, विशेष गरी उनी धेरै जोशिलो र धेरै आज्ञाकारी छिन् कि छैनन् भनी।

हामी बारम्बार यसरी सोचौँ, कि यो जीवनमा हाम्रो एक मात्र काम परमेश्वरलाई प्रसन्न तुल्याउनु हो, र त्यो बाहेक अरू सबै सिर्फ मूर्खता र व्यर्थता हुन्। तपाईं र मैले झण्डै चालिस वर्ष भक्तिको जीवन बिताइसकेका छौँ (मठको जीवन)। के हामीले ती समयहरूलाई परमेश्वरलाई प्रेम गर्नु र उहाँको सेवा गर्नुमा, जसले आफ्नो अनुग्रहले यो स्थान र त्यही लक्ष्यको लागि बोलाउनुभयो, प्रयोग गरेका छौँ त? जब मैले एकपट्टि परमेश्वरले गर्नुभएको र अनवरत निरन्तर रूपमा गरिरहनुभएको निगाहलाई सम्झिँदै अर्कोपट्टि मैले त्यसलाई गरेको असन्तुष्ट प्रयोग र परिपक्वतातिरको मेरो सानो प्रगतिलाई सम्झिँदा म सरम र अन्योलले भरिन्छु।

उहाँको दयाले उहाँले हामीलाई अझै छोटो समय दिने भएकाले उत्कटतासाथ सुरु गरौँ; हाम्रो गुमिएको समयलाई सुधारौँ; दयाका पिताकहाँ पूर्ण निश्चयसाथ फर्कौँ, जो सधैँ नै हामीलाई प्रेमसाथ स्वीकार गर्न तयार हुनुहुन्छ। उहाँ नभएको सम्पूर्ण कुराहरूलाई उहाँको प्रेमको खातिर त्यागौँ, र उदारतापूर्वक त्यागौँ; उहाँ असीम रूपमा अझ बढीको योग्य हुनुहुन्छ। सदाकाल उहाँकै बारेमा सोचौँ। हाम्रो सम्पूर्ण भरोसा उहाँमै राखौँ। मलाई

शङ्का लाग्दैन, कि हामीले चाँडै नै त्यसका प्रभावहरूलाई उहाँको प्रशस्त अनुग्रह प्राप्त गर्नुमा भेट्टाउने छौँ, जसको साथ हामीले सबै कुरा गर्न सक्छौँ, र जसविना हामीले पापबाहेक अरू केही गर्न सक्दैनौँ।

जीवनमा प्रशस्त मात्रामा हुने खतराहरूबाट परमेश्वरको वास्तविक र निरन्तर सहायताविना हामी उम्किन सक्दैनौँ। यसैले त्यसको लागि निरन्तर उहाँलाई प्रार्थना गरौँ। उहाँको साथ नरहीकन कसरी उहाँलाई प्रार्थना गर्न सक्छौँ? उहाँलाई बारम्बार नसम्झीकन कसरी उहाँको साथ रहन सक्छौँ? यसको लागि पवित्र बानी नबसालीकन कसरी हामीले उहाँलाई बारम्बार सम्झिन सक्छौँ? म सधैँ एउटै कुरा गर्दैछु भनी तपाईंले मलाई भन्नुहुनेछ। त्यो सत्य हो, किनभने यो नै मैले जानेको उत्तम र सजिलो तरिका हो; र मैले अरू कुनै तरिका प्रयोग नगर्दा, म सारा संसारलाई यही गर्न सल्लाह दिन्छु। हामीले (परमेश्वरलाई) प्रेम गर्नुभन्दा अगि (उहाँलाई) चिनेको हुनुपर्छ। परमेश्वरलाई चिन्नको लागि हामीले बारम्बार उहाँलाई सम्झिनुपर्छ; र जब हामीले उहाँलाई प्रेम गर्न आइपुग्छौँ तब पनि उहाँलाई हामीले बारम्बार सम्झिने छौँ, किनभने हाम्रो हृदय हाम्रो धनको साथमा हुन्छ। यो एक तर्क हो, जुन तपाईंले विचार गर्न अति योग्य छ।

म तपाईंको

# दसौँ पत्र

श्रीमान् _________ लाई पत्र लेख्ने ठाउँमा आफूलाई ल्याउनको लागि मलाई धेरै गाह्रो भएको थियो, र अहिले म तपाईं र श्रीमती _________ ले मबाट त्यो आशा गरेको कारणले मात्र सो गर्दछु। परमेश्वरमाथि तपाईंले राख्नुभएको भरोसामा म धेरै खुसी छु; म चाहन्छु, कि उहाँले तपाईंमा त्यसलाई अझ धेरै बनाउनुभएको होस्। हाम्रो साथ यति असल र विश्वसनीय साथी हुनु कहिल्यै आवश्यकभन्दा बढी हुँदैन, जसले हामीलाई यस संसारमा, न त पछिकोमा कहिल्यै त्याग्नुहुन्छ।

यदि श्रीमान् _________ ले आफूले भोग्नुभएको घाटामा फाइदा उठाउनुभयो, र आफ्नो पूर्ण भरोसा परमेश्वरमाथि राख्नुभयो भने उहाँले श्रीमान् _________लाई अझ शक्तिशाली र अझ सेवा गर्ने मनोभाव भएको अर्को साथी दिनुहुनेछ। उहाँले आफ्नो इच्छाअनुसार हाम्रो हृदयसँग व्यवहार गर्नुहुन्छ। सायद हुन सक्छ, श्रीमान् _________ आफूले गुमाएको मित्रसँग धेरै नै घनिष्ठ हुनुभएको थियो होला। हामीले हाम्रा साथीहरूलाई प्रेम गर्नुपर्छ, तर परमेश्वरप्रतिको प्रेमलाई अतिक्रमण नगरी गर्नुपर्छ, जुन प्रमुख हुनुपर्छ।

बिन्ती गर्छु, मैले तपाईंलाई दिएको सल्लाहलाई सम्झनुहोस्, जुनचाहिँ अक्सर परमेश्वरको बारेमा सोच्नु हो, दिनमा, रातमा, तपाईंका कामहरूमा र तपाईंको फुर्सदको समयमा पनि। उहाँ सधैँ तपाईंको नजिक र तपाईंको साथ हुनुहुन्छ; उहाँलाई एक्लो नछोड्नुहोस्। तपाईंले एउटा साथीलाई, जो तपाईंलाई भेट्न आउनुभएको छ, एक्लो छोड्नु अशिष्ट भनी ठान्नुहुन्छ; त्यसो भए किन परमेश्वरलाई बेवास्ता गर्नुपर्छ? त्यसो भए उहाँलाई नबिर्सनुहोस् र अक्सर उहाँलाई सम्झनुहोस्, निरन्तर उहाँलाई आराधना गर्नुहोस्, उहाँसँगै बाँच्नुहोस् र मर्नुहोस्; यही नै एउटा इसाईको लागि महिमित रोजगारी हो।

एउटै शब्दमा : यही नै हाम्रो पेसा हो; यदि हामीलाई यो थाहा छैन भने, हामीले सिक्नै पर्छ। म तपाईंलाई मेरो प्रार्थनाद्वारा मदत पुऱ्याउन प्रयास गर्नेछु।

प्रभुमा तपाईंको

# एघारौँ पत्र

तपाईंको पीडाबाट तपाईं छुटकारा पाउनुभएको होस् भनी म प्रार्थना गर्दिनँ, तर म परमेश्वरलाई उत्कटतासाथ प्रार्थना गर्दछु, कि उहाँलाई चाहेको समयसम्म ती कुराहरूलाई सहन तपाईंलाई बल र धैर्यता दिनुभएको होस्। उहाँमा आफूलाई सान्त्वना दिनुहोस्, जसले तपाईंलाई क्रूसमा बाँधेर राख्नुभएको छ। उहाँलाई उचित लाग्ने बेला उहाँले तपाईंलाई छुटकारा दिनुहुनेछ। उहाँसँग दुःख उठाउनेहरू धन्यका हुन्। यस तरिकाले दुःख उठाउन आफूलाई अभ्यास गराउनुहोस्, र उहाँले तपाईंको लागि आवश्यक भनी निर्णय गर्ने ती कुराहरू र त्यो समयसम्म सहन उहाँबाट धेरै शक्ति खोज्नुहोस्। संसारका मानिसहरूले यी सत्यहरूलाई बुझ्दैनन्, न त त्यसलाई देखेर आश्चर्य मान्नुपरेको छ, किनभने तिनीहरू आफू जस्ता छन् त्यसरी दुःख भोग्दछन्, र इसाईहरूजस्तो होइन। तिनीहरूले रोगलाई मानव जीवनमा आउने एउटा पीडाको रूपमा ठान्छन् र परमेश्वरले पठाउने निगाहको रूपमा होइन, र त्यो ज्योतिमा मात्र यसलाई देखेर तिनीहरूले त्यसमा पीडा र व्याकुलता बाहेक अरू केही भेट्टाउँदैनन्। तर ती मानिसहरू, जसले रोगलाई परमेश्वरको अनुग्रहको परिणामस्वरूप तिनीहरूको उद्धारको लागि उहाँले प्रयोग गर्ने माध्यमको रूपमा परमेश्वरको हातबाट आएको ठान्छन्, तिनीहरूले त्यसमा सामान्य रूपमा ठुलो मिठास र वास्तविक सान्त्वना भेट्टाउँछन्।

म चाहन्छु कि तपाईंले आफैलाई विश्वस्त पार्न सक्नुभएको होस्, कि परमेश्वर प्रायः (कुनै तरिकाले) हाम्रो नजिक हुनुहुन्छ, र स्वस्थमा भन्दा रोगमा अझ प्रभावकारी रूपमा हाम्रो साथमा हुनुहुन्छ। अरू कुनै चिकित्सकमा भर नपर्नुहोस्, किनभने मेरो बुझाइअनुसार तपाईंको उपचारलाई उहाँले आफ्नो अधिकारमा राख्नुभएको छ। त्यसो भएपछि तपाईंको पूर्ण भरोसा उहाँमाथि राख्नुहोस्, र तपाईंले चाँडै नै त्यसको प्रभावलाई आफ्नो

स्वास्थ्यलाभमा देख्नुहुनेछ, जसलाई हामी प्रायः परमेश्वरमा भन्दा चिकित्सकमाथि बढी भरोसा राखेर रोक्छौँ।

तपाईंले जतिसुकै उपायहरू प्रयोग गरे पनि त्यो उहाँले अनुमति दिएसम्म मात्र सफल हुनेछ। जब पीडा परमेश्वरबाट आउँछ, उहाँले मात्र त्यसलाई निको पार्न सक्नुहुन्छ। उहाँ अक्सर शरीरका रोगहरूलाई प्राणका रोगहरू निको पार्नका लागि पठाउनुहुन्छ। प्राण र शरीर दुवैका महान् चिकित्सकमा आफूलाई सान्त्वना दिनुहोस्।

परमेश्वरले तपाईंलाई राख्नुभएको अवस्थामा सन्तुष्ट रहनुहोस्; तपाईंले मलाई जति बढी खुसीमा भएको सम्झे पनि म तपाईंप्रति डाही छु। पीडा र कष्टहरू मेरो लागि स्वर्गलोक हुनेछन्, जब म मेरा परमेश्वरको साथमा कष्ट भोग्नुपर्छ, र महान् आनन्दहरू मेरो लागि नरक हुनेछन्, जब म त्यसलाई परमेश्वरविना नै प्राप्त गर्न सक्छु। मेरो सम्पूर्ण सान्त्वना उहाँको खातिर केही भोग्नुमा हुनेछ।

अबको थोरै समयमा म परमेश्वरकहाँ जानुपर्छ। यो जीवनमा मलाई सान्त्वना दिने कुरा के हो भने म अहिले उहाँलाई विश्वासद्वारा देखिरहेको छु; र मैले उहाँलाई यस तरिकाले देख्दै छु, कि मलाई कोही बेला यसरी भन्न लगाउँछ, "अब उप्रान्त म विश्वास गर्दिनँ, तर म देख्दछु।" विश्वासले हामीलाई सिकाउने कुरालाई म अनुभव गर्दै छु, र त्यो निश्चय र त्यो विश्वासको अभ्यासमा म उहाँसँग बाँच्नेछु र मर्नेछु।

निरन्तर परमेश्वरसँगै रहनुहोस्; यही नै तपाईंको पीडाको लागि एक मात्र सहारा र सान्त्वना हो। म उहाँलाई तपाईंसँग रहनुभएको होस् भनी बिन्ती गर्नेछु। मेरो सेवा तपाईंलाई।

म तपाईंको

# बाह्रौँ पत्र

यदि हामी सबै परमप्रभुको उपस्थितिको अभ्यासमा असल तरिकाले बानी बसालेका थियौँ भने हाम्रो शरीरका सबै रोगहरू सहन अति सजिलो हुन पुग्थे। हाम्रो प्राणलाई शुद्ध पार्न र उहाँको साथ निरन्तर रहन बाध्य हुने गरी हामीले थोरै दुःख भोगोस् भनी परमेश्वरले अक्सर अनुमति दिनुहुन्छ।

साहसी हुनुहोस्; आफ्ना पीडाहरूलाई निरन्तर उहाँलाई चढाउनुहोस्; ती कुराहरूलाई सामना गर्न सहने बलको लागि उहाँलाई प्रार्थना गर्नुहोस्। सबैभन्दा माथि परमेश्वरसँग अक्सर रमाउने बानी बसाल्नुहोस्, र आफूले सकेसम्म उहाँलाई कम बिर्सनुहोस्। तपाईंको दुर्बलतामा उहाँलाई प्रशंसा गर्नुहोस्, समय समयमा आफूलाई उहाँमा अर्पण गर्नुहोस्, र आफ्नो पीडाको उचाइमा उहाँको पवित्र इच्छाअनुसार तपाईंलाई उहाँले बनाउनुभएको होस् भनी उहाँलाई विनम्रता र प्रेमसाथ (एउटा बालकले आफ्नो बुबालाई जसतै) बिन्ती गर्नुहोस्। मेरो तुच्छ प्रार्थनाले तपाईंलाई मदत पुऱ्याउन म प्रयास गर्नेछु।

परमेश्वरसँग हामीलाई आफूकहाँ खिच्न धेरै माध्यमहरू छन्। कोही बेला उहाँ आफूलाई हामीबाट लुकाउनुहुन्छ, तर विश्वास मात्र, जुनले हामीलाई आवश्यकताको घडीमा निराश तुल्याउने छैन, हाम्रो सहारा र हाम्रो भरोसाको जग हुनुपर्छ, जुन सबै परमेश्वरमा नै हुनुपर्छ।

परमेश्वरले मसँग कस्तो व्यवहार गर्नुहुन्छ भनी मलाई थाहा छैन। म सधैँ आनन्दित छु। सारा संसार दुःख भोगिरहेछ, र म, जो अति कठोर अनुशासनको योग्य छु, यति निरन्तर र यति ठुलो आनन्दको अनुभव गर्दै छु, कि म त्यसलाई बिरलै नियन्त्रण गर्न सक्छु।

म स्वेच्छाले परमेश्वरलाई तपाईंको पीडाको एक भाग माग्न सक्छु, तर

मलाई मेरा कमजोरीहरू थाहा छ, जुनचाहिँ यति ठुलो छ, कि यदि उहाँले मलाई एक क्षणको लागि पनि आफ्नै तरिकामा छोड्नुभयो भने बाँचिरहेकामध्ये अति दयनीय मानिस म नै हुन्छु। र यद्यपि उहाँले कसरी मलाई एक्लै छोड्न सक्नुहुन्छ भनी मलाई थाहा छैन, किनभने विश्वासले मलाई इन्द्रियले जतिकै एउटा बलियो निश्चय दिन्छ, कि हामीले उहाँलाई पहिले नत्यागीकन उहाँले हामीलाई कहिल्यै त्याग्नुहुन्न। उहाँलाई त्याग्ने कुरादेखि डराऔँ। सधैँ उहाँको साथमा रहौँ। उहाँको उपस्थितिमा नै बाँचौँ र मरौँ। मैले तपाईंको लागि प्रार्थना गरेझैँ मेरो लागि प्रार्थना गरिदिनुहोस्।

म तपाईंको

# तेह्रौँ पत्र (त्यही व्यक्तिलाई)

तपाईं यति लामो समय दुःख भोगेको देखेर म पीडामा छु। तपाईंका दुःखहरूप्रति भएको मेरा भावनाहरूमा मलाई थोरै आराम दिने र खुसी ल्याउने कुरा के हो भने यी तपाईंप्रतिको परमेश्वरको प्रेमका प्रमाणहरू हुन्। त्यो दृष्टिकोणले यसलाई हेर्नुहोस्, र तपाईंले अझै सजिलोसँग यसलाई सहनु हुनेछ। तपाईंको अवस्थालाई हेर्दा यो मेरो धारणा हो, कि तपाईंले सबै मानवीय उपायहरूलाई छोडिदिनुपर्छ, र पूर्ण रूपमा आफूलाई परमेश्वरको दूरदर्शी वास्तामा दिनुपर्छ। तपाईंलाई निको पार्नुमा सायद उहाँले यो समर्पण र पूर्ण भरोसाको लागि पर्खिरहनुभएको होला। तपाईंको सबै प्रयासको बाबजुद चिकित्सक अहिलेसम्म असफल भएको हुनाले र तपाईंको रोग अझ बढिरहेको हुनाले आफूलाई पूर्ण रूपमा उहाँको हातमा छोडिदिनु र उहाँबाटै सबै कुराको आशा गर्नु परमेश्वरलाई परीक्षा गरेको जस्तो हुनेछैन।

तपाईंलाई मैले अघिको पत्रमा भनेझैँ नै उहाँ कोही बेला प्राणका रोगहरूलाई निको पार्न शरीरमा रोगहरूको अनुमति दिनुहुन्छ। साहसी हुनुहोस्, आवश्यकतालाई विशेषता बनाउनुहोस्। परमेश्वरलाई आफ्नो पीडाबाट छुटकारा होइन, तर उहाँको प्रेमको खातिर उहाँले इच्छा गरेको सबै र उहाँले इच्छा गरेको समयसम्म दृढतापूर्वक त्यसलाई सहन बल माग्नुहोस्।

त्यस्ता प्रार्थनाहरू साँच्ची नै मानव स्वभावको लागि कठिन हुन्छन्, तर परमेश्वरको सामु अति ग्रहणयोग्य हुन्छन्, र उहाँलाई प्रेम गर्नेहरूका लागि मिठा हुन्छन्। प्रेमले पीडालाई मिठो तुल्याउँछ; र जब एक जनाले परमेश्वरलाई प्रेम गर्छ, तब ऊ उहाँको खातिर आनन्द र हर्षसाथ दुःख भोग्छ। तपाईं त्यसो गर्नुहोस्, तपाईंलाई म बिन्ती गर्छु; आफूलाई उहाँमा सान्त्वना दिनुहोस्, जो मात्र हाम्रा सबै रोगको लागि चिकित्सक हुनुहुन्छ। उहाँ पीडितहरूका पिता हुनुहुन्छ, हामीलाई सहायता गर्न सधैँ तत्पर हुनुहुन्छ।

हामीले कल्पना गरेको भन्दा उहाँले हामीलाई असीम प्रेम गर्नुहुन्छ। उहाँलाई प्रेम गर्नुहोस्, त्यसपछि अरू कुनै ठाउँबाट सान्त्वना नखोज्नुहोस्। म आशा गर्छु, तपाईंले चाँडै नै त्यो प्राप्त गर्नुहुनेछ। बिदाइ। म तपाईंलाई हाम्रो परमप्रभुमा मेरो प्रार्थनाद्वारा मदत गर्नेछु, ती तुच्छ छन्, र सधैँ त्यसै रहनेछन्।

म तपाईंको

# चौधौँ पत्र (त्यही व्यक्तिलाई)

म परमप्रभुलाई तपाईंको इच्छाअनुसार तपाईंलाई थोरै आराम दिएकोमा धन्यवाद चढाउँदछु। म धेरैपल्ट मृत्युको नजिक गएको थिएँ, तर त्यो घडीमा जस्तो म कहिल्यै सन्तुष्टिको अनुभव गरेको थिइनँ। तदनुसार मैले कुनै आरामको लागि प्रार्थना गरिनँ, तर साहस, विनम्रता र प्रेमसँग दुःख भोग्न बलको लागि प्रार्थना गरेँ। ओहो, परमेश्वरको साथ दुःख भोग्नु कति मिठो कुरा ! दुःख जति ठुलो भए तापनि प्रेमको साथ त्यसलाई स्वीकार गर्नुहोस्। दुःख भोग्नु र उहाँको साथमा रहनु स्वर्गलोकमा रहनु हो; यसैले यदि हामीले स्वर्गलोकको शान्तिमा यो जीवनमा रमाउन चाहन्छौँ भने हामीले उहाँसितको घनिष्ठ, विनम्र र प्रेमसाथको बातचितको बानी हामीमा बसाल्नुपर्छ। हाम्रा आत्माहरू उहाँबाट घुमफिर गर्ने कुनै पनि परिस्थितिमा हामीले त्यसलाई रोक्नुपर्छ। हामीले हाम्रो हृदयलाई एउटा आत्मिक मन्दिर बनाउनुपर्छ, जहाँ हामी उहाँलाई निरन्तर आराधना गर्न सक्छौँ। उहाँलाई अप्रसन्न तुल्याउने कुनै पनि कुरा नगर्न अथवा नबोल्न अथवा नसोच्न हामीले आफूलाई निरन्तर जोगाउनुपर्छ। जब हाम्रा मनहरू यसरी परमेश्वरका कुराहरूमा लागेका हुन्छन्, दुःख भोग्नु अभिषेक र सान्त्वनाले भरपूर हुनेछ।

मलाई थाहा छ, कि यस ठाउँमा आइपुग्नको लागि सुरु गर्नु अति कठिन छ, किनभने हामी पूर्ण रूपमा विश्वासले चल्नुपर्छ। तर यो कठिन भए तापनि हामीलाई यो पनि थाहा छ, कि हामी परमेश्वरको अनुग्रहको साथ सबै कुरा गर्न सक्छौँ, जसलाई उहाँले उत्कटतासाथ माग्नेहरूलाई कहिल्यै इन्कार गर्नुहुन्न। ढकढक्याउनु, ढकढक्याउनुमा दृढतापूर्वक लागिरहनु, र म यसको जवाफ दिन्छु, कि उहाँले आफ्नो उचित समयमा तपाईंको लागि खोल्नुहुनेछ, र धेरै वर्षहरूदेखि उहाँले दिन स्थगित गर्नुभएका सबै कुराहरूलाई एकैपल्ट तपाईंलाई दिनुहुनेछ। बिदाइ। मेरो लागि उहाँकहाँ प्रार्थना गरिदिनुहोस्, जसरी तपाईंको लागि म प्रार्थना गर्दै छु। उहाँलाई चाँडै देख्ने आशा गर्छु।

म तपाईंको

# पन्ध्रौँ पत्र

हामीलाई के आवश्यक छ भनेर परमेश्वरलाई राम्रोसँग थाहा छ, र उहाँले गर्ने सम्पूर्ण कुराहरू हाम्रो भलाइको लागि हो। यदि उहाँले हामीलाई कति प्रेम गर्नुहुन्छ भनी थाहा भएको भए हामी बराबर रूपमा र कुनै पक्षपातविना उहाँको हातबाट मिठा र तिता कुराहरूलाई स्वीकार गर्न सधैँ तयार हुनुपर्छ। उहाँबाट आएका सबै कुराहरूले हामीलाई प्रसन्न तुल्याउँछ। अति पीडायुक्त कष्टहरू पनि कहिल्यै असहनीय देखिँदैन, बाहेक जब हामी ती सबैलाई गलत प्रकाशमा देख्छौँ। जब हामी ती सबैलाई परमेश्वरको हातबाट दिएको देख्छौँ, जब हामीलाई होच्याउने र दुःख दिने चाहिँ हाम्रो प्रिय पिता भनी हामीलाई थाहा हुन्छ, हाम्रा कष्टहरूले आफ्नो तितोपन गुमाउँछन्, र अझै सान्त्वनाका स्रोतहरू बन्नेछन्।

हाम्रो सम्पूर्ण प्रयासहरू परमप्रभुलाई चिन्नको लागि होऊन्; जति बढी एक जनाले उहाँलाई चिन्छ, त्यति अझ बढी उहाँलाई चिन्न इच्छा गर्छ। ज्ञान सामान्यतया प्रेमको नाप भएकाले हाम्रो ज्ञान जति गहिरो र फराकिलो हुनेछ, त्यति ठुलो हुनेछ हाम्रो प्रेम; र यदि परमेश्वरप्रतिको हाम्रो प्रेम महान् थियो भने, हामीले पीडा र सुखहरूमा उहाँलाई बराबर प्रेम गर्नुपर्छ।

इन्द्रियहरूद्वारा अनुभव गरिने निगाहहरूको लागि मात्र, त्यो जति उच्च भए पनि, परमेश्वरलाई प्रेम गर्नुमा आफूलाई तृप्त हुन नदिऊँ, जुन उहाँले गर्नुभएको छ र हाम्रो लागि गर्नुहुन्छ। त्यस्ता निगाहहरू ती जति महान् भए पनि, हामीलाई उहाँको नजिक ल्याउन सक्दैन, जसरी विश्वासले एक साधारण क्रियाद्वारा गर्छ। उहाँलाई अक्सर विश्वासद्वारा खोजौँ, उहाँ हामीभित्र हुनुहुन्छ; अरू कतै उहाँलाई नखोजौँ। यदि हामी साँच्चै उहाँलाई मात्र प्रेम गर्छौं भने, के उहाँलाई मन नपर्ने र सायद उहाँलाई दुःखित तुल्याउने सानातिना कुराहरूमा व्यस्त रहनु अशिष्टता र दोषको कुरा होइन र? यो

डराउनुपर्ने कुरा हो, कि सानातिना कुराहरूले एक दिन हामीलाई अति महँगो घाटा ल्याउन सक्छन्।

असल उत्कटतासाथ उहाँप्रति भक्ति गर्न सुरु गरौँ। अन्य सबै थोकलाई हाम्रो हृदयबाट फालिदिऔँ। हाम्रा हृदयहरूको स्वामित्वमा उहाँ मात्र हुनुपर्छ। उहाँबाट यो निगाह माग्नुहोस्। यदि हाम्रो पक्षबाट के गर्न सक्छ सो गऱ्यौँ भने चाँडै नै हामीले लक्ष्यको रूपमा पछ्याइरहेको त्यो परिणाम हामीमा ल्याइएको देख्नेछौँ। उहाँले तपाईंलाई प्रदान गर्नुभएको विश्रामको लागि म उहाँलाई पर्याप्त रूपमा धन्यवाद दिन सक्दिनँ। म उहाँको कृपाबाट केही दिनमा उहाँलाई देख्ने आशा गर्दछु। [दुई दिनपछि दाजु लरेन्स अस्वस्थ हुनुभयो, र एक हप्तामा प्रभुमा सुत्नुभयो।] हामी एक–अर्काको लागि प्रार्थना गरौँ।

हाम्रो प्रभुमा म तपाईंको

# आत्मिक नीतिहरू
# र
# दाजु लरेन्सका गुण

# आत्मिक नीतिहरू

१. हामीले सधैँ नै गर्ने, र बोल्ने, र जिम्मेवार लिने सबै कामहरूमा परमेश्वर र उहाँको महिमालाई मध्यनजर राख्नुपर्छ। हामीले अनन्तकालभरि गर्ने आशा गरेको जसरी नै यस जीवनमा पनि परमेश्वरलाई एउटा सिद्ध आराधनाको बलिदान चढाउनु नै हाम्रो जीवनको लक्ष्यको रूपमा हामीले हाम्रो अगाडि राख्नुपर्छ। धेरै कठिनाइहरू, जुन हाम्रो आत्मिक जीवनमा आउनेछन्, ती सबैलाई परमेश्वरको अनुग्रहको सहायताको साथ पार गर्ने दृढ सङ्कल्प हामीले गर्नुपर्छ।

२. हामी आत्मिक जीवनमा प्रवेश गर्दा हामीले आफू को हौँ भनी पूर्ण रूपमा विचार गर्नुपर्छ, गहिरो रूपमा जाँच्नुपर्छ। हामीले थाहा पाउनेछौँ, कि हामी पूर्ण रूपमा दोष–योग्य छौँ, ख्रीष्टको नामको लागि अयोग्य छौँ, सबै प्रकारका समस्यामा र अनगिन्ती कमजोरीहरूमा पर्न सक्ने गरी असुरक्षित छौँ, जसले हामीलाई दुःख दिन्छ र प्राणको स्वस्थपनलाई बिगार्छ, अन्तमा हामीलाई मनोभावना र स्वभावमा असन्तुलित र ढलपल भएको बनाउँछ; यथार्थमा हामी प्राणीहरू, जसलाई भित्री र बाहिरी अनगिन्ती कष्ट र दुःखहरूद्वारा विनम्र तुल्याउनु परमेश्वरको इच्छा हो।

३. त्यस्ता अनुशासनहरू हाम्रो भलाइको लागि हो, र हामीलाई ताडना दिनु परमेश्वरको इच्छा हो, र हाम्रा प्राणहरूलाई सबै प्रकारका कठिन अनुभवहरू र परीक्षाका घडीहरूद्वारा जान दिनु र परमेश्वरप्रतिको प्रेमको खातिर उहाँलाई आवश्यक लाग्ने समयसम्म विभिन्न प्रकारका पीडा र कठिनाइहरू भोग्न दिनु उहाँको स्वर्गीय दूरदर्शी वास्ताको मार्ग हो भनी हामीले कहिल्यै शङ्का नगरीकन दृढतापूर्वक विश्वास गर्नुपर्छ। किनभने परमेश्वरको इच्छाप्रतिको यो हृदय र आत्माको समर्पणविना भक्ति र पूर्णताको अस्तित्व नै हुँदैन।

४. एउटा प्राण जति उच्च सिद्धता पाउने इच्छा गर्छ त्यति बढी

अनुग्रहमाथि निर्भर हुन्छ; र परमेश्वरको अनुग्रहको आवश्यकता हरेक क्षणको लागि अझ बढी हुन्छ, किनकि त्योविना प्राणले केही गर्न सक्दैन। संसार, शरीर र शैतान एकजुट भएर प्राणलाई यति सिधै र यति अथकित रूपमा आक्रमण गर्छन्, कि परमेश्वरको सधैँ हाजिर हुने सहायतामाथिको विनम्र भरोसाविना ती सबै प्रकारको प्रतिरोधको बाबजुद प्राणलाई तल खिच्छन्। त्यसरी भरोसा राख्नु मानवीय स्वभावको लागि कठिन देखिन्छ, तर अनुग्रहले त्यसलाई सहज तुल्याउँछ, र त्यसको साथ आनन्द ल्याउँछ।

## आत्मिक जीवन प्राप्त गर्नको लागि आवश्यक पर्ने अभ्यासहरूको बारेमा :

१. आत्मिक जीवनको लागि सबैभन्दा आवश्यक पर्ने, र सबैभन्दा सामान्य र सबैभन्दा पवित्र अभ्यास चाहिँ परमेश्वरको उपस्थितिको अभ्यास हो। यो हाम्रो सम्पूर्ण परीक्षा र सङ्कटका समयहरूमा, हाम्रो सम्पूर्ण प्राणको सुख्खापन र परमेश्वरप्रतिको अरुचिका समयहरूमा, हो, हामी अविश्वास र पापमा लड्दा पनि कुनै पनि तोकिएको विधि अथवा उल्लेख गरिएका माध्यमहरूविना सबै समय र हरेक क्षणमा उहाँसँग विनम्रता र प्रेमसहितको कुराकानीमा सधैँ रहँदै *प्राणलाई उहाँसँगको स्वर्गीय मित्रतामा आफ्नो आनन्द पाउन सिकाउनु हो ।*

२. हामी यो एउटा लक्ष्यको लागि निरन्तर लागि रहनुपर्छ : आफ्ना सबै क्रियाहरूलाई यस प्रकारले नियन्त्रण गर्नुपर्छ कि ती परमेश्वरसँगको सङ्गतिको साना क्रियाहरू बन्न सकून्; तर यी जबरजस्तीले ल्याइनु हुँदैन, तर ती हृदयको शुद्धता र सरलताबाट स्वाभाविक रूपमा आउनुपर्छ।

३. हामीले सम्पूर्ण कामहरू उत्ताउलोपना र हतारविना, जसले अनुशासनहीन मनलाई जनाउँछ, सोचपूर्वक र विचारपूर्वक गर्नुपर्छ। हामी हाम्रा परिश्रमहरू शान्त रूपमा चुपचाप र प्रेमसाथ उहाँलाई हाम्रा हातका प्रयासहरूलाई सफल तुल्याइदिन बिन्ती गर्दै गर्नुपर्छ; यसरी हृदय र मनलाई परमेश्वरमा केन्द्रित तुल्याएर हामीले दुष्टको शिरलाई कुल्चनेछौँ, र उसका हतियारहरूलाई निष्क्रिय तुल्याउनेछौँ।

४. जब हामी व्यस्त हुन्छौँ, अथवा आत्मिक कुराहरूको बारेमा सोचिरहेका हुन्छौँ, हाम्रो तोकिएको भक्तिका समयहरूमा पनि, र हाम्रो स्वर प्रार्थनामा उठिरहेको हुँदा पनि, हामीले सकभर अक्सर एक छोटो समयको लागि ती कुराहरूलाई रोक्नुपर्छ, ताकि हाम्रो अस्तित्वको गहिराइदेखि नै परमेश्वरलाई आराधना गर्न सकौं, र उहाँलाई चाखेर हेर्न र रहस्यमा उहाँलाई

छुन सकौं, त्यो क्षणिकको लागि भए पनि। तपाईंले पक्का रूपमा थाहा पाउनुभएको छ, कि तपाईंले गर्ने हरेक काममा परमेश्वर तपाईंको साथमा हुनुहुन्छ, कि उहाँ तपाईंको प्राणको गहिराइ र केन्द्रमा हुनुहुन्छ। त्यसो भएपछि उहाँलाई तपाईंको प्राणको भित्री भागमा आराधना गर्न, प्रशंसा गर्न, उहाँको सहायताको लागि बिन्ती गर्न, तपाईंको हृदयको सेवालाई उहाँमा चढाउन, र उहाँको सम्पूर्ण प्रेमसहितको दया र नरम कृपाहरूको लागि धन्यवाद दिन किन समय–समयमा तपाईंले आफ्ना बाहिरी काम र प्रार्थना समेतलाई केही क्षणको लागि रोक्नुहुँदैन?

यसरी दिनभरि बाहिरी कामहरूलाई एकछिन छोडेर प्राणका गुप्त ठाउँहरूमा उहाँलाई आराधना गर्न जानुभन्दा परमेश्वरको सामु अझ ग्रहणयोग्य भेटी अरू के छ र? त्यति मात्र नभएर त्यसो गरेर हामीले स्वप्रतिको प्रेमलाई नाश पार्दछौँ, जुनचाहिँ इन्द्रियहरूसँग जोडिएका कुराहरूसँग मात्र वास गर्छ, र जसबाट यो परमेश्वरसँगको एकान्त समयहरूले झन्डै हामीलाई थाहा नहुने अवस्थामा नै यी कुराहरूबाट छुटाउँछ।

वास्तवमा हाम्रो आनन्दको लागि सिर्जिएका कुराहरूबाट सृष्टिकर्तातिर, एक क्षणको लागि भए पनि, फर्किनुभन्दा उहाँप्रतिको हाम्रो भरोसा र विश्वासयोग्यताको लागि अझ ठुलो प्रमाणको चिन्ह हामीले परमेश्वरलाई चढाउन सक्दैनौँ। यद्यपि हाम्रो वरिपरि भएका बाहिरी कामहरूलाई पूर्ण रूपमा र सदाको लागि बेवास्ता गर्ने सल्लाह म तपाईंलाई दिँदैछु भनी नठान्नुहोला। त्यो असम्भव हुन्छ। सद्गुणहरूका आमा विवेक तपाईंको मार्गदर्शक हुनुपर्छ। यद्यपि म पक्का छु, कि परमेश्वरलाई आफ्नो प्राणको गहिराइबाट आराधना गर्न र उहाँसँगको छोटो सङ्गतिबाट हुने शान्तिमा रमाउन आफू जुन काममा लागिरहेको छ त्यो कामबाट एक क्षणको लागि विश्राम लिने अभ्यासलाई बेवास्ता गर्नु भक्ति गर्ने मानिसहरूको बिचमा सामान्य रूपमा देखिने एउटा भुल हो। यो विनासन्दर्भको सन्देश लामो भइसक्यो, यद्यपि यस विषयको बारेमा यस्तो लेख्नु आवश्यक छ भनी मलाई लाग्यो।

हामी हाम्रो विषयतिर फर्कौं।

५. यी हाम्रो आराधनाका कामहरू विश्वासद्वारा प्रेरित र निर्देशित हुनुपर्दछ। हामीले विनाकपट विश्वास गर्नुपर्छ, कि परमेश्वर साँच्ची नै हाम्रो प्राणमा हुनुहुन्छ, र कि हामीले उहाँलाई आत्मा र सत्यतामा आराधना गर्नुपर्छ, र प्रेम गर्नुपर्छ, र सेवा गर्नुपर्छ; कि उहाँले सबै देख्नुहुन्छ, र उहाँको सामु सबै हृदयहरू खुला छन्, हाम्रो र सम्पूर्ण प्राणीहरूको; कि उहाँको अस्तित्व उहाँ स्वयम्मा छ, त्यही समय सम्पूर्ण उहाँका सृष्टिहरू उहाँमा नै जीवित छन् र हिँडडुल गर्छन् र अस्तित्व पाएका छन्; कि उहाँको सिद्धता असीम र अति महान् छ, र हामी स्वयम्, हाम्रो प्राणहरू र शरीरहरूको पूर्ण आत्मसमर्पणको माग गर्दछ। सामान्य नियम चाहिँ हामी हाम्रो सम्पूर्ण सोच र क्रियाहरूमा उहाँको ऋणी छौँ। हाम्रो ऋणलाई तिर्ने कुरामा ध्यान दिऊँ।

६. हामी कुन सद्‌गुणहरूको अभावमा छौँ र कुनचाहिँ प्राप्त गर्न अति कठिन छ भन्ने कुराहरूलाई आफूलाई ध्यानसित जाँचेर पत्ता लगाउनु पर्ने कर्तव्य हामीमा छ; हामीलाई सजिलैसित अल्झाउने पापहरू र त्यो घडी र परिस्थितिहरू, जसमा हामी अक्सर लड्‌छौँ, ती कुराहरूलाई खोजेर पत्ता लगाउन हामीले प्रयास गर्नुपर्छ। लडन्तका समयहरूमा पूर्ण भरोसासाथ स्वर्गीय राजाको उपस्थितिमा स्थिर रहँदै हामी परमेश्वरतिर फर्किनुपर्छ; विनम्र भयको साथ उहाँको सामु हामीले हाम्रो दुःख र असफलताहरूलाई बताउनुपर्छ, र उहाँको अनुग्रहको सहायतालाई प्रेमसाथ माग्नुपर्छ; र हाम्रो दुर्बलतामा हामीले उहाँमा आफ्नो बल भेट्टाउँछौँ।

## कस्तो प्रकारले आत्मा र सत्यतामा आराधना गर्न हामीलाई माग गरिएको छ भन्ने बारेमा

यो प्रश्नमा तीन बुँदाहरू छन्, जसको जवाफ दिनुपर्छ :

१. परमेश्वरलाई आत्मा र सत्यतामा आराधना गर्नुको अर्थचाहिँ उहाँप्रतिको हाम्रो ऋणी आराधना उहाँलाई चढाउनु हो। परमेश्वर आत्मा हुनुहुन्छ, यसैले हामी उहाँलाई आत्मा र सत्यतामा आराधना गर्नुपर्छ – भन्नाले हाम्रो अस्तित्वको गहिराइबाट एउटा साँचो र विनम्र आत्मिक आराधना उहाँलाई चढाउनुपर्छ। परमेश्वरले मात्र यो आराधनालाई देख्न सक्नुहुन्छ, जुनचाहिँ निरन्तर चढाइन्छ, र अन्तमा प्राकृतिक स्वभाव बन्नेछ, र यस्तो किसिमले हो कि उहाँ हाम्रो प्राणको साथ एक भए जस्तो र हाम्रो प्राण उहाँसँग एक भए जस्तो। अभ्यासले यसलाई प्रस्ट पार्नेछ।

२. परमेश्वरलाई सत्यतामा आराधना गर्नुचाहिँ उहाँ जो हुनुहुन्छ त्यस्तो उहाँलाई स्वीकार गर्नु, र हामीलाई वास्तविक रूपमा जो छौँ त्यस्तो स्वीकार गर्नु हो। उहाँलाई सत्यतामा आराधना गर्नुको अर्थचाहिँ परमेश्वर सत्यतामा जस्तो हुनुहुन्छ त्यसरी हार्दिक इमानदारीसाथ स्वीकार गर्नु हो – भन्नाले असीम रूपमा परिपक्व, असीम आराधनाको योग्य, असीम रूपमा पापबाट अलग पारिएको र यसरी सबै स्वर्गीय गुणहरूलाई स्वीकार गर्नु हो। त्यो मानिस अति थोरै विवेकद्वारा सञ्चालित छ, जसले आफ्नो सम्पूर्ण बललाई यो महान् परमेश्वरलाई उहाँले पाउन योग्य आराधनालाई दिन प्रयोग गर्दैनभनी स्वीकार गर्नु हो।

३. यस बाहेक परमेश्वरलाई सत्यतामा आराधना गर्नु भनेको चाहिँ हामीले हाम्रो जीवन पूर्ण रूपमा उहाँको इच्छा विपरीत, र यदि हामी इच्छुक भएमा उहाँले आनन्द साथ हामीलाई आफूजस्तै बदल्नु हुन्छ भन्ने हाम्रो ज्ञानको विपरीत जिइरहेका छौँ भनी स्वीकार गर्नु हो। उहाँप्रतिको हाम्रो ऋणी भय, प्रेम, सेवा, र अटुट आराधनालाई एक क्षणको लागि भए पनि नचढाउने मूर्खताको दोष कसमाथि पर्नेछ?

# परमेश्वरसँगको प्राणको मिलनको बारेमा

परमेश्वरसँगको प्राणको मिलनमा तीन अवस्थाहरू छन्। पहिलो अवस्था चाहिँ सामान्य मिलन, दोस्रो चाहिँ आभासी (आभास) मिलन, तेस्रो चाहिँ वास्तविक मिलन।

१. प्राण परमेश्वरसँग पूर्ण रूपमा अनुग्रहद्वारा मिलन भएको हुँदा एक जनाले अनुभव गर्ने मिलन चाहिँ सामान्य अवस्थाको मिलन हो।

२. आभासी मिलन (जुनचाहिँ प्रभावमा मिलन, यद्यपि वास्तवमा चाहिँ होइन,) हाम्रो यस्तो अवस्था हो, जसमा सुरु गरिने कुनै कामद्वारा हामी परमेश्वरसित मिलनमा रहन्छौँ, हामी त्यही कामले गर्दा त्यो काम पूरा नहुने समयसम्म उहाँसँग मिलनमा रहन्छौँ।

३. वास्तविक मिलन नै सिद्ध मिलन हो। अन्य मिलनहरूमा प्राण निष्क्रिय हुन्छ, झन्डै निद्रामा भएजस्तो। यो वास्तविक मिलनमा प्राण तीव्र रूपमा सक्रिय हुन्छ; त्यसका क्रियाहरू आगोभन्दा पनि छिटो, सूर्यभन्दा पनि तेजस्वी, पार गरी जाने कुनै बादलले नछेकिएका हुन्छन्। यद्यपि यो मिलनको कुरामा हामी हाम्रा भावनाहरूद्वारा झुक्याइन सक्छौँ; यो एउटा सिर्फ बितिजाने भावना होइन, जसले एउटा क्षणिक रहने यस्तो चिच्च्याहट उत्पन्न गराउँछ, "मेरो परमेश्वर, म तपाईंलाई मेरो हृदयको पूर्ण बलले प्रेम गर्छु।" यसको ठीक विपरीत यो एउटा प्राणको अवस्था हो (मलाई शब्दहरू पाउन गाह्रो भइरहेको छ), जुनचाहिँ गहिरो रूपमा आत्मिक छ, यद्यपि अति सरल पनि छ, जसले एउटा शान्तपूर्ण आनन्द र अति विनम्र र अति भक्तिपूर्ण प्रेमले हामीलाई भर्छ, जसले प्राणलाई उच्च स्थानहरूमा उचाल्छ, जहाँ परमेश्वरको प्रेमको महसुसले उहाँलाई उपासना गर्न बाध्य तुल्याउँछ, र वर्णन गर्न नसकिने नरमतासाथ उहाँलाई अँगाल्न लगाउँछ, र जसलाई अनुभवले मात्र बुझ्ने गरी सिकाउन सक्छ।

४. स्वर्गका परमेश्वरसँग मिलन हुन लक्ष्य भएको हरेकले थाहा पाउनुपर्छ, कि इच्छालाई खुसी ल्याउन सक्ने जुनसुकै कुराहरू यथार्थमा त्यसको लागि मनपर्दो छ, अथवा कमसेकम इच्छाले त्यसलाई त्यसरी ठान्दछ।

सबैले परमेश्वर हाम्रो समझशक्ति भन्दा बाहिर हुनुहुन्छ भन्ने कुरालाई स्वीकार गर्नै पर्छ। यसैले उहाँसँग मिलनमा रहनको लागि इच्छालाई त्यसको सम्पूर्ण रुचि र आनन्द ल्याउने कुराहरू, त्यो शारीरिक अथवा आत्मिक भए पनि, इन्कार गर्नु आवश्यक छ; ताकि यसरी अलग्गिएर त्यसले अरू सबै थोकभन्दा परमेश्वरलाई प्रेम गर्न स्वतन्त्र बन्न सक्छ। किनभने यदि इच्छाले कुनै पनि नापमा परमेश्वरलाई चिन्न सक्छ भने त्यो त्यसले प्रेमद्वारा मात्र गर्न सक्छ।

इच्छाका रुचि र भावनाहरू, र इच्छाको क्रिया बिचको भिन्नता अति ठुलो छ, किनभने इच्छाको रुचि र भावनाहरू प्राणभित्र आफ्नो सीमाभित्र हुन्छन्, तर त्यसका क्रियाहरूले, जुनचाहिँ मूलतः प्रेम हो, आफ्नो एक मात्र गन्तव्य परमेश्वरमा भेट्टाउँदछन्।

# परमप्रभुको उपस्थितिको बारेमा

१. परमेश्वरको उपस्थिति चाहिँ एक प्रकारले हाम्रो आत्मा परमेश्वरतिर लगाउनु हो, अथवा परमेश्वरलाई (वर्तमानमा हामीसँग) उपस्थित हुनुभएको अनुभूति गर्नु हो, जुन कुरालाई विचार अथवा समझशक्तिले हामीमा ल्याउँछ।

२. मेरो एक जना साथी हुनुहुन्छ, जसले विगतका चालिस वर्षहरूदेखि समझशक्तिद्वारा परमेश्वरको उपस्थितिको अनुभूतिलाई अभ्यास गर्दै आउनुभएको छ, त्यसलाई उहाँले अरू थुप्रै नामहरू दिनुहुन्छ; कहिले उहाँले त्यसलाई साधारण क्रिया अथवा एउटा सफा र प्रस्ट परमेश्वरबारेको ज्ञान भनी बताउनुहुन्छ; अरू कोही बेला सिसाद्वारा देखिएको दृश्य, एउटा प्रेमिलो हेराई, एउटा परमेश्वरको भित्री अनुभूति; यद्यपि फेरि उहाँले त्यसलाई परमेश्वरको प्रतीक्षा, एउटा उहाँसितको मौन बातचित, एउटा उहाँमा गरिने विश्राम, प्राणको जीवन र शान्ति भनी नाम दिनुहुन्छ। अझ पनि मेरो साथीले मलाई भन्नुहुन्छ, कि यी सबै नामहरू, जसद्वारा उहाँले आफ्नो परमेश्वरको उपस्थितिको अनुभूतिलाई व्याख्या गर्नुभयो, ती सबै एउटै हो; र कि त्यो उपस्थितिले उहाँको प्राणलाई स्वाभाविक रूपमा भर्दछ, कि यी सबै तरिकाहरूले यो (परमेश्वरको उपस्थितिको अनुभूति) हुन आयो।

३. उहाँ भन्नुहुन्छ, कि अथक प्रयासहरूद्वारा सधैँ नै आफ्नो मनलाई परमेश्वरको उपस्थितितिर फर्काएर उहाँमा यस्तो खालको एउटा बानी बस्यो, कि उहाँले आफ्ना साधारण कामहरूलाई सिद्ध्याउँदा र कतिपय समयहरूमा उहाँ काममा हुँदा पनि उहाँको प्राण उहाँ आफैको वास्ताविना र पूर्व योजनाविना सम्पूर्ण लौकिक कुराहरूबाट आफूलाई माथि उठाउँछ, र परमेश्वरसँग बलियोसँग जोडिएको जस्तो, त्यसको विश्रामको स्थलको केन्द्रमा रहेको जस्तो वास गर्छ, जुन समयहरूमा विश्वास झन्डै सधैँ नै उहाँको मित्रको रूपमा रहन्छ। त्यति बेला उहाँको प्राणको आनन्द पूर्ण हुन्छ – यसलाई नै उहाँले वास्तविक उपस्थिति भनी उल्लेख गर्नुहुन्छ, र यसमा नै अन्य सबै प्रकारका र त्यो भन्दा अझ बढी (प्रकारका उपस्थितिहरू) पनि

समेटिन्छन्। त्यो समयमा उहाँले परमेश्वर र आफू मात्र संसारमा भएको जस्तो महसुस गर्नुहुन्छ, आफ्ना सम्पूर्ण आवश्यकताहरू उहाँबाट पूरा भएको होस् भनी माग्दै र उहाँको उपस्थितिमा आनन्दको पूर्णतालाई अनुभव गर्दै उहाँसँग एउटा अटुट बातचितमा रहनुहुन्छ।

४. यो कुरालाई ध्यानमा राखौँ, कि यो परमेश्वरसँगको बातचित उहाँको अस्तित्वको गहिराइमा हुन्छ, यद्यपि त्यहाँ नै प्राण परमेश्वरसँग बातचित गर्छ, हृदयबाट हृदयसँग, र यसरी बातचित हुँदा प्राणलाई एउटा ठुलो र गहिरो शान्तिले ढाक्दछ। बाहिर भइरहेका सम्पूर्ण कुराहरूले अब प्राणलाई परालमा लागेको आगोले भन्दा बढी असर पार्दैन, आगो जति बढी ज्वलन्त हुन्छ त्यति छिटो परालले आफूलाई भस्म हुन दिन्छ; र साँच्ची नै यो संसारका फिक्रीहरूले त्यो भित्री भागमा रहेको शान्तिलाई बिगार्न बिरलै भित्र प्रवेश गर्छन्।

५. परमेश्वरको उपस्थितिबारेको हाम्रो कुरामा फर्किंदा तपाईंले थाहा पाउन आवश्यक छ, कि परमेश्वरको मुहारको नरम र प्रेमिलो ज्योति प्राणभित्र थाहै नहुने तरिकाले सल्किन्छ, जसले तीव्र चाहनाको साथ त्यसलाई अँगाल्छ। परमेश्वरको प्रेमको आगो यति ठुलो र यति स्वर्गीय छ कि एउटा व्यक्तिले ती भावनाहरूलाई बाहिर देखिनुबाट जबरजस्ती नियन्त्रण गर्न बाध्य हुन्छ।

६. यी समयहरूमा प्राणले कस्तो प्रकारको बातचित परमेश्वरसँग, जो यो सम्भाषणमा अति आनन्द लिएको देखिनुहुन्छ, गर्दै छ भनी यदि हामीले थाहा पायौँ भने हामी आश्चर्यचकित हुन्छौँ। त्यो प्राणलाई, जुन सधैँ उहाँको साथ आनन्दसँग रहन्छ, उहाँले अनगिन्ती निगाहहरू दिनुहुन्छ; र त्यो प्राण कतै फेरि सांसारिक कुराहरूतिर फर्किन्छ कि भनी उहाँ डराएको जस्तो देखिने गरी उहाँले त्यो प्राणलाई प्रशस्त मात्रामा दिनुहुन्छ, ताकि त्यो प्राणले विश्वासद्वारा एउटा स्वर्गीय पोषण, एउटा असीम आनन्दको अनुभव गरेको होस्, जुन उसको सबै विचारभन्दा र चाहनाभन्दा माथिको हुन्छ। र यो

त्यसको आफ्नो पक्षबाटको एउटा पनि प्रयासविना, तर साधारण सहमतिद्वारा दिनुहुन्छ।

७. यसरी परमेश्वरको उपस्थिति प्राणको पोषण र जीवन हो, र उहाँको अनुग्रहको सहायताले प्राणले मैले अब बताउन गइरहेको माध्यमहरू ध्यानसित अपनाएर यो स्थानमा पुग्न सकिन्छ।

## परमेश्वरको उपस्थितिलाई प्राप्त गर्ने माध्यमहरू

१. पहिलो कुराचाहिँ जीवनको ठुलो शुद्धता : परमेश्वरलाई अप्रसन्न तुल्याउने कुराहरू गर्नु अथवा बोल्नु अथवा सोच्नुबाट आफूलाई ध्यानसित जोगाउनुमा; र जब त्यस्ता कुनै कुरा घट्छ, त्यस कुराको लागि पश्चात्ताप गर्नुमा र उहाँको क्षमाको लागि विनम्रतासाथ बिन्ती गर्नुमा ध्यान दिएर।

२. दोस्रोचाहिँ परमप्रभुको उपस्थितिको अभ्यास गर्नुमा, र प्राणको दृष्टिलाई शान्तसँग विनम्रतासाथ प्रेमसित कुनै पनि चिन्ता र अशान्ति ल्याउने कुराहरूलाई प्रवेश नदिईकन परमेश्वरमाथि विश्वासको साथ अडिग राख्नुमा एउटा ठुलो विश्वासयोग्यता।

३. कुनै कामलाई सुरु गर्नुभन्दा अगि, काममा हुँदा र अन्तमा तपाईंले कामलाई सिद्ध्याउँदा परमेश्वरलाई हेर्ने कुरालाई त्यो क्षणिकको लागि भए पनि, आफ्नो बानीको रूपमा बनाउनुहोस्। यो अभ्यासलाई प्राप्त गर्नु समय र ठुलो धैर्यताविना सम्भव नभएकोले तपाईं धेरै पल्ट लड्दा निराश नहुनुहोस्; साँच्ची नै यो बानी कठिनताको साथ मात्र बनाउन सकिन्छ, यद्यपि जब यो बनिन्छ, त्यसमा तपाईंको आनन्द कति महान् हुनेछ।

के हृदय जसले हामीमा जीवन प्राप्त गरेको पहिलो कुराको रूपमा छ र जसले सारा शरीरमाथि शासन गर्छ, त्यो कामको सुरुवातमा र कामको अन्तमा, त्यो आत्मिक होस् अथवा शारीरिक होस्, र सामान्य रूपमा जीवनका सम्पूर्ण कुराहरूमा परमेश्वरलाई प्रेम गर्नु र आराधना गर्नुमा पहिलो र अन्तिम हुनुपर्दैन र? यसैले त्यहाँ हृदयमा नै हो, कि हामीले परमेश्वरमाथि नजर लगाउने बानीलाई स्थापना गर्न प्रयास गर्नुपर्छ; तर हृदयलाई यो आज्ञाकारितामा ल्याउनको लागि आवश्यक पर्ने ती कुराहरूलाई हामीले गर्नुपर्छ, तर मैले अघि नै भने जसरी नै कुनै तनाव र अनावश्यक अध्ययनहरूविना सरल तरिकाले सो गर्नुपर्छ।

४. यो अभ्यासलाई सुरु गर्न लगाएकाहरूलाई गुप्तमा थोरै शब्दहरू बोल्न म सल्लाह दिन्छु, जस्तैः "मेरो परमेश्वर, म पूर्ण रूपमा तपाईंको हुँ। हे प्रेमका परमेश्वर, म तपाईंलाई मेरो सारा हृदयले प्रेम गर्छु। प्रभु, मेरो हृदयलाई तपाईंको जस्तै बनाउनुहोस्;" अथवा त्यो घडीमा प्रेमले प्रेरणा दिने त्यस्ता अरू शब्दहरू। तर तपाईंको मन फेरि संसारतिर फर्केर जानुबाट होसियारी हुनुहोस्, त्यसलाई परमेश्वरमाथि मात्र अडिग बनाउनुहोस्, ताकि यसरी इच्छाद्वारा वशमा परेर त्यो परमेश्वरसित रहन बाध्य होस्।

५. यो परमेश्वरको उपस्थितिको अभ्यास सुरुमा अलिकति कठिन हुन्छ, यद्यपि विश्वासयोग्यतासाथ पछ्याइँदा यसले प्राणभित्र अज्ञात रूपमा अचम्मका प्रभावहरू ल्याउने काम गर्दछ; यसले परमेश्वरको अनुग्रहलाई प्रशस्त मात्रामा तल खिच्छ र थाहा नहुने तरिकाले प्राणलाई परमेश्वरको सधैँ हाजिर रहने प्रिय र प्रेमिलो दर्शनतिर डोऱ्याउँछ, जुनचाहिँ अति आत्मिक र अति वास्तविक छ, अति स्वतन्त्र र अति जीवन दिने प्रार्थनाको तरिकाको रूपमा छ।

६. याद राख्नु कि यो स्थान प्राप्त गर्न हाम्रा इन्द्रियहरूलाई मार्नुपर्छ, त्यसरी नै सांसारिक कुराहरूमा आनन्द लिने कुनै पनि प्राणले परमेश्वरको उपस्थितिमा पूर्ण आनन्दलाई प्राप्त गर्न सकिँदैन; उहाँको साथमा रहनको लागि हामीले सिर्जिएका कुराहरूलाई पछाडि छोड्नुपर्छ।

# परमेश्वरको उपस्थितिले ल्याउने लाभहरू

१. परमेश्वरको उपस्थितिबाट प्राणले प्राप्त गर्ने पहिलो लाभचाहिँ जीवनको सारा घटनाहरूमा विश्वास वृद्धि हुँदै र क्रियाशील हुँदै जान्छ, विशेष गरी जब हामी खाँचोमा हुन्छौँ, किनभने जब हामी परीक्षित हुन्छौँ र हरेक परीक्षाका घडीहरूमा त्यसले उहाँको अनुग्रहको सहायतालाई हाम्रो लागि प्राप्त गर्छ। यो अभ्यासद्वारा विश्वासलाई मार्ग निर्देशकको रूपमा लिन अभ्यस्त भएकोले प्राणले एउटा साधारण सम्झनाद्वारा परमेश्वर उपस्थित हुनुभएको कुरालाई देख्छ र अनुभव गर्छ, र उहाँलाई स्वतन्त्र रूपमा उत्तर पाउने निश्चयसाथ पुकार्छ, र आफ्ना सारा आवश्यकताहरू प्राप्त गर्छ। विश्वासद्वारा प्राण "धन्यको" भन्ने स्थितिको अति नजिक खिचिएको जस्तो देखिन्छ, जति माथि त्यो प्रगति गर्छ त्यति नै विश्वास जिउँदो हुँदै बढ्दै जान्छ, तबसम्म कि अन्तमा विश्वासको आँखा यति छेड्ने हुन्छ कि प्राणले झन्डै भन्न सक्छ – दृष्टिले विश्वास निलिएको छ, म देख्दछु र म अनुभव गर्दछु।

२. परमेश्वरको उपस्थितिको अभ्यासले हामीलाई आशामा बलियो बनाउँदछ, हाम्रो आशा ज्ञानको अनुपातमा बढ्छ; र त्यही नापमा यो पवित्र अभ्यासद्वारा हाम्रो विश्वास परमेश्वरको लुकिएका रहस्यहरूभित्र पस्छ, त्यही नै अनुपातमा त्यसले पृथ्वीको साथै अति पवित्र प्राणहरू र स्वर्गदूतहरूको सुन्दरतालाई असीम रूपमा उछिन्ने एउटा अतुलनीय सुन्दरता उहाँमा भेट्टाउँछ। हाम्रो आशा त्यसले पाउने इच्छा गरिरहेको र अहिले पनि केही अंशमा चाखिरहेको आनन्दको पूर्णताले थामिएर र उत्साहित भएर बढ्दै र अझ बलियो हुँदै जान्छ।

३. आशाले इच्छाभित्र देखिने कुराहरूप्रति एउटा अविश्वासको श्वास फुकिदिन्छ; र त्यसमा भस्म पार्ने स्वर्गीय प्रेमको आगो सल्काइदिन्छ, र परमेश्वरको इच्छा विपरीत भएको सम्पूर्ण थोकलाई जलाएर खरानी बनाउँछ। यसरी सल्काएको प्राण परमेश्वरको उपस्थितिमा बाहेक जीवित रहन सक्दैन,

र यो उपस्थितिले हृदयमा एउटा पवित्र जोस, एउटा पवित्र जलन, र यो परमेश्वरले उहाँका सबै प्राणीहरूमा चिनिनु र प्रेम गरिनु र सेवा र आराधना गरिनुप्रति एउटा बलियो चाहना उत्पन्न गराउँछ।

४. परमेश्वरको उपस्थितिको अभ्यासद्वारा र उहाँमाथिको स्थिर नजरद्वारा प्राणले एउटा पूर्ण र गहिरो परमेश्वरको ज्ञान प्राप्त गर्दछ र एउटा बादलले नछेकिएको दर्शन हासिल गर्दछ; त्यसको सारा जीवन अटुट प्रेमका क्रियाहरूमा र आराधनामा, पापप्रति पछुताउनु र साधारण भरोसामा, प्रशंसा र प्रार्थनामा र सेवामा बित्दछ; कोही बेला साँच्ची नै जीवन उहाँको स्वर्गीय उपस्थितिको एउटा लामो अटुट अभ्यासजस्तो देखिन्छ।

मलाई थाहा छ, यो अवस्थामा पुग्नेहरू धेरै छैनन्; यो एउटा अनुग्रह हो, जुन परमेश्वरले चुनिएका अति थोरै प्राणहरूलाई मात्र दिनुहुन्छ, किनभने यो बादलले नछेकिएको दर्शन उहाँको पूर्ण प्रशस्त हातबाट पाइने एउटा उपहार हो; यद्यपि यो पवित्र अभ्यासलाई अँगाल्न इच्छा भएकाहरूको सान्त्वनाको लागि म भन्न चाहन्छु, कि परमेश्वरले यो उपहारलाई उत्कटता साथ चाहना गर्नेहरूको लागि बिरलै इन्कार गर्नुहुन्छ; र यदि उहाँले यो उच्च अनुग्रहलाई दिनुभएन भने यो कुरामा निश्चित हुनुहोस् कि परमेश्वरको उपस्थितिको अभ्यासद्वारा, सबै–पर्याप्त उहाँको अनुग्रहको साथ प्राणले यस्तो एउटा स्थान प्राप्त गर्न सक्छ, जुन त्यो बादलले नछेकिएको दर्शनको अति नजिकै पुग्छ।

# दाजु लरेन्सको गुण

(जुनचाहिँ उहाँको जीवनको शिक्षा थियो।)

मैले सुनेको र आफैले देखेको दाजु लरेन्सका गुणहरूको बारेमा लेख्दै छु, जो दुई वर्ष अगि पेरिसको कार्मेलइट मठमा प्रभुमा सुत्नुभयो, जसको सम्झना मिठो छ।

एक जना, जो पापीहरूको बिचमा उच्च ओहोदामा रहनुको सट्टामा परमेश्वरको घरको पाले हुन चुनिनुभयो, जसले आफूमाथि येशू ख्रीष्टको जुवा लिनुभयो, र संसारका व्यर्थको सान र आनन्दको सट्टामा त्यसलाई रोज्नुभयो, उहाँले देखिने कुराहरूको साङ्लाबाट स्वतन्त्र भएका ती प्राणहरूको लागि  मैले सङ्कलन गरेको दाजु लरेन्सका विचार र विधिहरू लेख्न मलाई अनुरोध गर्नुभयो। म स्वेच्छासहित यसलाई मान्नेछु। र यो असल दाजुको छोटो जीवनचरित्र र उहाँका चिठीहरूको सङ्कलन अगि नै प्रकाशन भइसकेको भए पनि मलाई लाग्छ कि यो पवित्र मानिसको बारेमा हामीले जोगाइरहेका कुराहरूलाई हामीले बेसी फैलाउन सक्दैनौँ। यो मेरो दृढ विश्वास हो कि यो समयमा, जब प्रायः हरेकले सद्गुणसम्बन्धी महत्त्वलाई त्यो नभएको ठाउँमा राख्छन् र त्यहाँ आइपुग्न गलत बाटो अपनाउँछन्, यो मानिसलाई दृढ भक्तिको नमुनाको रूपमा अगाडि देखाउनुभन्दा मैले ठुलो सेवा अरू गर्न सक्दिनँ।

यी पानाहरूमा बोल्न गइरहेको चाहिँ दाजु लरेन्स आफै नै हुनेछ। “संवादहरू” मा, जुन उहाँ र मेरो बिचमा भएको थियो, मैले तपाईंलाई उहाँका आफ्नै शब्दहरू दिनेछु, जसरी मैले उहाँबाट छुटेर गइसकेपछि त्यसलाई तुरुन्तै लेखिराखेँ। सन्तहरूलाई उहाँहरू आफैले बाहेक अरू कसैले असल तरिकाले व्याख्या गर्न सक्दैनन्। "सन्त अगस्टिनको पाप स्वीकार र पत्रहरू"ले मानिसहरूले लेख्न सक्नेभन्दा अति बढी एउटा जिउँदो वर्णन उहाँको बारेमा हामीलाई दिएको छ। यसैले यो परमेश्वरको सेवकलाई

तपाईंको अगाडि अति स्पष्ट रूपमा ल्याउन सक्ने पूर्ण विनम्र हृदयसाथ बोलिएको उहाँका आफ्नै शब्दहरूबाहेक अरू कुनै हुन सक्दैन।

उहाँका सम्पूर्ण सद्‌गुणहरूको साथ दाजु लरेन्स गहिरो रूपमा मानव नै हुनुहुन्थ्यो। उहाँ खुलस्त स्वभावका हुनुहुन्थ्यो, जसले जब तपाईं उहाँलाई भेट्नुहुन्छ तुरुन्तै तपाईंको विश्वासलाई जित्छ र तपाईंले एउटा साथी भेट्टाएको अनुभव गर्न लगाउँछ, जोसँग तपाईंले आफ्नो हृदयका सबै कुरालाई बताउन सकिन्छ।

उहाँको पक्षबाट भन्नुपर्दा, आफू कोसित व्यवहार गर्दै छु भनी सिधै उहाँलाई थाहा हुन्थ्यो, उहाँ स्वतन्त्रतासाथ बोल्नुहुन्थ्यो र आफ्नो हृदयको भलादमीपनको प्रमाण तुरुन्तै दिनुहुन्थ्यो। जे उहाँ भन्नुहुन्थ्यो त्यो सरल कुरा हुन्थ्यो, तर विषयमा केन्द्रित र अर्थले भरपूर हुन्थ्यो। उहाँको कठोर स्वरूपको पछाडि उल्लेखनीय ज्ञान र एउटा फराकिलो मन थियो, जुनचाहिँ एउटा साधारण गरिब मठको दाजुको क्षमताभन्दा धेरै बाहिरको थियो, सबै अपेक्षाभन्दा माथिको एउटा अन्तर्दृष्टि एउटाले भेट्टाउँथ्यो। सांसारिक मामिलाहरूमा सहभागी भएको मानिसको रूपमा उहाँ अति ठुला मामिलाहरूलाई पनि सामना गर्नुमा र बुद्धिमानी र सुरक्षित सल्लाह दिनुमा सक्षम हुनुहुन्थ्यो। देख्ने सामान्य मानिसहरूलाई प्रभाव पार्ने (उहाँका) गुणहरू यस्ता नै थिए।

उहाँको हृदयको विचार र प्राणको भित्री जीवनको बारेमा उहाँ आफैले "संवादहरू" मा वर्णन गर्नुभएको छ, जसलाई म तपाईंलाई बताउन गइरहेको छु। उहाँको संवाद उच्च विचारबाट उब्जेको थियो, जुन उहाँले परमेश्वरको शक्ति र ज्ञानद्वारा प्राप्त गर्नुभयो, जसलाई उहाँले अन्य सम्पूर्ण विचारहरूलाई हटाएर लगनशीलता र ठुलो विश्वासयोग्यता साथ खोज्नुभएको थियो।

यो परमेश्वरको पहिलो अनुभूति नै दाजु लरेन्सको सिद्धताको सुरुवात भएकोले, किनभने त्यसरी नै त्यो प्रमाणित पनि भएको छ, यो समयको

उहाँका क्रियाहरूलाई नियाल्दा हामीले यहाँ थोरै समय दिनु महत्त्वपूर्ण हुन्छ। उहाँले आफ्नो बाटोको लागि लिएको एउटा बत्ती चाहिँ विश्वास थियो। यसले उहाँलाई परमेश्वरको आफ्नो पहिलो झलक प्राप्त गर्न दिएको मात्र नभएर परमेश्वरको अनेक बाटाहरूमा ज्योति दिन अन्य कुनै पनि बत्तीको चाहना उहाँले कहिल्यै गर्नुभएन। उहाँले अक्सर मलाई भन्नुभएको छ, कि अरूबाट सुनेका सबै कुराहरू, किताबहरूमा उहाँले भेट्टाएका सबै कुराहरू, उहाँ आफैले लेखेका सबै कुराहरू परमेश्वर र येशू ख्रीष्टको अवर्णनीय धनको बारेमा जे विश्वासले उहाँलाई प्रकट गरिएको छ, त्योसँग तुलना गर्दा स्वादहीन, फिक्का र गह्रौं लाग्छ। उहाँले अझै भन्नुभयो, "उहाँले मात्र आफूलाई हामीकहाँ प्रकट गर्न सक्नुहुन्छ; विज्ञान र तर्कहरूमा हामीले हाम्रो मनलाई परिश्रम र अभ्यास गर्न लगाउँछौं। यो कुरालाई बिर्सेर कि त्यहाँ हामीले एउटा नक्कल मात्र देख्न सक्छौं, साथै हामीले अतुलनीय सक्कललाई हेर्न बेवास्ता गर्छौं। हाम्रो प्राणको गहिराइमा परमेश्वरले आफूलाई प्रकट गर्नुहुन्छ, त्यसलाई हामीले अनुभूति गर्न सक्यौं भने कति असल हुन्थ्यो, यद्यपि हामीले त्यहाँ उहाँलाई खोज्दैनौं। हामीले उहाँलाई छोडेर मूर्ख कुराहरूमा समय बिताउँछौं र उहाँसितको सङ्गतिलाई अनादर गर्छौं, जो सदा हाजिर हुनुहुन्छ, जो हाम्रो राजा हुनुहुन्छ।

हामीले किताबहरूबाट जे पढ्छौं त्यसबाट परमेश्वरलाई एउटा सिद्धान्तको रूपमा मात्र चिनेर पुग्दैन, अथवा क्षणिकको चालजस्तो उहाँप्रतिको क्षणिक मात्र रहने प्रेमको भावनाहरू भएर मात्र पुग्दैन, अथवा परमेश्वरको एक झलक मात्र देखेर पुग्दैन, जसले यी कुराहरू उत्पन्न गराउँछ। हाम्रो विश्वास जीवित हुनुपर्छ र हामीले त्यसलाई त्यस्तो बनाउनुपर्छ, र त्योद्वारा पिता र ख्रीष्ट येशूलाई उहाँहरूको पूर्ण स्वर्गीय सिद्धतामा मेटिजाने भावनाहरूमाथि आफूलाई उठाएर आराधना गर्नुपर्छ। यो विश्वासको मार्ग नै मण्डलीको आत्मा हो, र एउटा महान् सिद्धतामा डो-याउँछ पनि हो।

दाजु लरेन्सले विश्वासद्वारा परमेश्वर आफ्नो प्राणमा उपस्थित हुनुहुन्छ भनी मात्र बुझ्नुभएन, तर आफ्नो जीवनका सम्पूर्ण घटनाहरूमा पनि, जुनसुकै

समयमा त्यो घटे पनि, तुरुन्तै उठेर परमेश्वरको उपस्थितिलाई खोज्नुहुन्थ्यो।

उहाँले हेमन्त ऋतुमा देखेको पातविनाको रूखले उहाँको प्राणमा परमप्रभुको सत्यतालाई पहिलोपल्ट चम्कायो; यति ठुलो र यति चकित पार्ने थियो कि त्यो दर्शन, कि चालिस वर्षपछि पनि सुरुमा पाएको जस्तो नै त्यो स्पष्ट र उज्ज्वल थियो। दृश्य कुराहरूद्वारा उहाँ अदृश्य अनन्त परमेश्वरकहाँ डोऱ्याइनु उहाँको जीवनभरिको अभ्यास थियो।

आफ्नो अध्ययनमा दाजु लरेन्सले अन्य सबै किताबभन्दा पवित्र सुसमाचारीय किताबहरूलाई बढी रुचाउनुभयो, किनभने येशू ख्रीष्टका आफ्नै शब्दहरूद्वारा आफ्नो विश्वासलाई अति सरल तरिकाले र अति शुद्ध तरिकाले पोषण गर्न सकिन्छ भनी उहाँले थाहा पाउनुभयो।

यसरी नै दाजु लरेन्सले आफ्नो आत्मिक जीवनलाई सुरु गर्नुभयो, दृढ सङ्कल्पसाथ विश्वासद्वारा देखिएअनुसार चकित पार्ने परमेश्वरको उपस्थितिको अनुभूतिलाई आफ्नो हृदयमा बढाउन विश्वासयोग्यतासाथ पछ्याउनुभयो। त्यही कुरामा परमेश्वरलाई महिमा दिँदै र अनगिन्ती तरिकाहरूले आफ्नो प्रेम उहाँलाई देखाउँदै दृढतासाथ लागिरहनुभयो। उहाँले गरेका सबै कुराहरूमा हाम्रो प्रभुको सहायता माग्नुभयो, साथै त्यो काम पूरा गरिसकेपछि धन्यवाद दिनुभयो; र आफ्नो लापर्बाहीलाई स्वीकार गर्नुको साथ, उहाँको भनाइअनुसार "परमप्रभुलाई बिन्ती गर्नु" (बहानाविना)बिना, विश्वाससाथ त्यसको लागि क्षमा माग्नुभयो। र यो परमेश्वरसँगको संवाद उहाँको दैनिक परिश्रमसँग पूर्ण रूपमा बुनेको र यसले (परिश्रमले) संवादको लागि विषय दिने भएकोले उहाँले आफ्ना कामहरू ठुलो आरामको साथ गर्नुभयो, र अलमलाउनुभन्दा धेरै टाढा त्यसले उहाँलाई सहायता गऱ्यो।

तर उहाँले स्वीकार गर्नुभयो, कि यो सुरुमा गाह्रो थियो, धेरै पटक उहाँले यो अभ्यासमा बेवास्ता गर्नुभएको थियो, तर आफ्नो असफलतालाई विनम्रतासाथ स्वीकार गरेपछि उहाँले फेरि बिना कुनै कठिनाइ यसमा

आफूलाई समर्पित गर्नुभयो।

कहिलेकाहीँ एक अनियन्त्रित काल्पनिक विचारहरूको थुप्रोले उहाँको मनलाई आक्रमण गर्छ, र बलजफतीको साथ परमेश्वरको ठाउँलाई कब्जा गर्छ; जब यस्तो हुन्छ, उहाँले मलाई भन्नुभयो, उहाँ एकदम शान्त रहनुहुन्थ्यो, र तुरुन्तै ती सबैलाई निकाल्नेतिर लाग्नुहुन्थ्यो; त्यसो गरेपछि उहाँ आफ्नो परमेश्वरसँगको संवादमा फर्किनुहुन्थ्यो।

अन्ततः उहाँको विश्वसनीयता र धैर्यताले परमेश्वरको उपस्थितिको एउटा अटुट र अविचलित अनुभूतिमा उहाँको प्राणलाई राख्नुमा आफ्नो इनाम जित्यो। उहाँका सबै कार्यहरू, गुणामा धेरै फरक–फरक र सङ्ख्यामा धेरै, एक स्पष्ट दर्शन, एक चम्किलो प्रेम, एक निर्बाध आनन्दमा परिवर्तन भए।

उहाँले मलाई एक पटक यो भन्नुभएको थियो: "मेरो लागि कामको समय प्रार्थनाको समयभन्दा फरक छैन, र भान्साको हल्ला र कोलाहलको बिचमा, जबकि धेरै व्यक्तिहरूले एकै समयमा विभिन्न कुराहरू मागिरहेका हुन्छन्, म प्रभु–भोजको समयमा घुँडा टेकिरहेको हुँदाको जस्तो ठुलो शान्तिमा परमेश्वरलाई अनुभव गरिरहेको हुन्छु। कहिलेकाहीँ, साँच्चै, मेरो विश्वास यति स्पष्ट हुन्छ कि मैले यसलाई हराएको छु भनेर लगभग कल्पना गर्छु – हाम्रो दृष्टिलाई पर्दा लगाउने छायाहरू प्राय: टाढा भागेको जस्तो देखिन्छ, र त्यहाँ त्यो दिन उदाउन थाल्छ, जुन बादलबिना र अन्तबिना हुनेछ, आउन लागेको जीवनको त्यो गौरवशाली दिन।"

यति उचाइसम्म यो असल दाजुलाई पुर्‍यायो, कि विश्वासयोग्यताले उहाँलाई परमेश्वरसँग अटुट सङ्गत गर्नको लागि अरू सबै विचारहरूलाई पछाडि छोड्न लगायो, र उहाँको प्राणलाई स्वतन्त्र तुल्यायो। अन्तमा यो बानी यतिसम्म एउटा स्वभाव भयो कि उहाँले मलाई भन्नुभयो, कि परमेश्वरबाट अरू कुरातिर फर्किनु, र आफूलाई अरू विषयहरूमा व्यस्त राख्नु उहाँलाई झन्डै असम्भव भयो।

"संवादहरू" मा यो विषयको बारेमा उहाँले एउटा व्याख्या दिनुहुन्छ, जुनचाहिँ महत्त्वपूर्ण छ; मैले बताउन खोजेको चाहिँ जब उहाँले परमेश्वरको उपस्थितिमा समझशक्तिद्वारा भन्दा हृदय र प्रेमद्वारा पुग्न सकिन्छ भनी भन्नुहुन्छ – उहाँका शब्दहरू यी नै थिए: "परमेश्वरको मार्गमा विचारहरू अल्प महत्वका छन्, प्रेम नै सबै थोक हो।"

उहाँ अझै भन्नुहुन्छ: "न त यो आवश्यक छ कि हामीले महान् कामहरू गर्नुपर्छ।" मैले तपाईंलाई भान्सामा काम गर्ने एक जना साधारण दाजुको बारेमा बताइरहेको छु; मलाई उहाँकै शब्दहरूमा बताउन दिनुहोस्: "हामीले परमेश्वरको लागि साना कुराहरू गर्न सक्छौँ; म तावामा पाकिरहेको रोटीलाई उहाँप्रतिको प्रेमको खातिर फर्काउँछु, र त्यो गरिसकेपछि यदि अरू कुनै काम मलाई छैन भने म उहाँको अगाडि आराधनामा घोप्टो पर्छु, जसले मलाई काम गर्न अनुग्रह दिनुभएको छ; त्यस पश्चात् म एउटा राजा भन्दा पनि खुसी भएर उठ्छु। परमेश्वरको प्रेमको खातिर एउटा पराललाई जमिनबाट टिप्न पाए पनि मलाई पुग्छ।

"हामीले परमेश्वरलाई कसरी प्रेम गर्नु भनी सिक्नको लागि तोकिएका तरिकाहरू र माध्यमहरूको खोजी गर्छौं, र त्यो प्रेममा आइपुग्नको लागि हामीले हाम्रो मनलाई अशान्त तुल्याउने तरिकाहरू कति हो मलाई थाहा छैन; हामीले परमेश्वरको उपस्थितिको अनुभूति प्राप्त गर्नको लागि आफूलाई अति ठुलो समस्यामा पार्छौं, र अनेक अभ्यासहरूलाई पछ्याउँछौँ। यद्यपि यो अति सरल छ। हाम्रो दैनिक कामहरूलाई विशुद्ध रूपमा परमेश्वरको प्रेमको खातिर गर्नु र हामीले हात हाल्ने सबै कुरामा उहाँको अभिषेकको चिन्ह लगाउनु र त्यसबाट उहाँसँग हाम्रो हृदयको सङ्गतिद्वारा उहाँको रहिरहने उपस्थितिको अनुभूतिलाई बढाउनु कति हलुको र सजिलो छ! यहाँ न त कला वा विज्ञानको आवश्यक छ; हामी जस्ता छौँ त्यसरी नै सरलतामा र इमान्दार हृदयको साथ उहाँकहाँ जान सक्छौँ।" मैले ध्यानसित उहाँका शब्दहरूलाई जोगाएका छौँ।

यद्यपि परमेश्वरलाई प्रेम गर्न सिक्न हाम्रा कामहरू उहाँलाई सुम्पिदिँदा र उहाँको सहायताको लागि बिन्ती गर्दा र त्योद्वारा हाम्रो प्रेमलाई प्रकट गर्दा पुग्छ भनी हामीले कल्पना गर्नुहुँदैन। दाजु लरेन्सले प्रेमको यो परिपक्वता केवल यसैले प्राप्त गर्न सक्नुभयो, कि सुरुदेखि नै उहाँले परमेश्वरलाई अप्रसन्न तुल्याउने केही पनि गर्नुहुँदैन भन्ने कडा अनुशासन आफूमाथि लगाउनुभएको थियो, साथै स्वलाई बिर्सेर उहाँको लागि सम्पूर्ण कुरालाई त्याग्नुभएको थियो। उहाँका आफ्नै शब्दहरू यहाँ छन्: "भक्तिको जीवनमा प्रवेश गरेदेखि मैले सद्‌गुण र मेरो उद्धारसम्बन्धीका विचारहरूले आफूलाई अलमल्ल पार्न छोडेँ। तर मेरा पापहरूको लागि सकेसम्म प्रायश्चित्त गर्न पूर्ण रूपमा आफूलाई परमेश्वरलाई सुम्पिदिँदै, र उहाँको प्रेमको खातिर उहाँको नभएको सबै कुरालाई त्याग्दै, मैले देख्न आइपुगेछु, कि मेरो एक मात्र कामचाहिँ संसारमा उहाँ र मबाहेक अरू कोही नभएको जस्तो जिउनु हो।"

यसरी दाजु लरेन्सले परमेश्वरको लागि सबै थोकलाई त्यागेर र हरेक कुरा उहाँको प्रेमको खातिर मात्र गरेर जे अति सिद्ध छ त्यो गर्दै सुरु गर्नुभयो। उहाँले पूर्ण रूपमा आफूलाई बिर्सनुभयो: उहाँ अब कहिल्यै स्वर्ग र नरक वा आफ्नो विगतका पापहरूको बारेमा सोच्नुभयो, न त परमेश्वरलाई क्षमा मागेपछि आफूले दैनिक गर्ने पापहरूलाई सम्झिरहनुभयो। ती सबैलाई स्वीकार गरिसकेपछि उहाँले आफ्नो मनलाई फेरि त्यो कुरामा जान दिनुभएन, तर स्वीकार गर्नुको साथ एउटा सिद्ध शान्तिमा प्रवेश गर्नुभयो; जसको पछि उहाँ आफैले भनेझैँ जीवन र मृत्यु, र वर्तमान र अनन्तताको लागि आफूलाई परमेश्वरको हातमा सुम्पिदिनुभयो।

*हामी परमेश्वरका लागि बनिएका हौँ,* र उहाँको लागि मात्र; यसैले हामीले आफ्नो सम्पूर्ण कुरा उहाँमा भेट्टाउनको लागि सम्पूर्ण कुराहरू, हामी स्वयम्‌लाई पनि, त्याग्नुलाई उहाँले खराबको रूपमा लिनुहुन्न। हामीमा के कमी छ भन्ने कुरा हामीले गर्ने जाँचहरूद्वारा भन्दा पनि परमेश्वरमा प्रस्ट देख्छौँ; जुनचाहिँ वास्तवमा बाँकी रहेको, नहटाएको स्वप्रतिको प्रेम हो, जुनचाहिँ हाम्रो आफ्नो सिद्धताप्रतिको जोस भन्ने भेषमा हाम्रो दृष्टिलाई

परमेश्वरतिर उठाउनुको सट्टामा आफूमाथि नै राख्छ।

दाजु लरेन्सले अक्सर भन्नुभएको छ कि उहाँको जीवनका चार वर्षहरूमा, ती चार परीक्षाका वर्षहरूमा, जब आफ्नो प्राण गुम्यो भन्ने बोझलाई उहाँको प्राणबाट कसैले हटाउन नसक्दा उहाँले कहिल्यै आफ्नो पहिलो सङ्कल्पबाट डगमगाउनुभएन; कि भविष्यमा के हुन्छ भन्ने कुरा थाहा पाउन व्यर्थमा प्रयास गर्नु र मनको वर्तमान पीडामा सताइनुको सट्टामा, जुन विचलित भएका प्रायः प्राणहरूले गर्छन्, उहाँले यस्ता केही विचारहरूद्वारा आफैलाई सान्त्वना दिनुहुन्थ्यो – "जे पनि आइ परोस्, मेरो लागि बाँकी भएका दिनहरू जति नै होस्, मैले सबै कुराहरू प्रेमको खातिर गर्नेछु"; यसरी आफूलाई बिर्सनुमा उहाँले वास्तवमा परमेश्वरलाई भेट्टाउनुभयो।

उहाँले मलाई भन्नुभयो, कि उहाँको प्राणमा परमेश्वरको इच्छाप्रति प्रेमले एउटा मानिसले सामान्यतया आफ्नो लागि दिने स्थानलाई लिएको भेट्टाउनुभयो; जीवनका सम्पूर्ण घटनाहरूमा स्वर्गीय इच्छाले काम गरेको उहाँले प्रस्ट देख्नुभयो, र यसले उहाँलाई पूर्ण शान्तिमा रहने बनायो, किनभने उहाँको मन परमेश्वरमा अडिएको थियो। जब उहाँलाई कुनै ठुलो दुष्टताको बारेमा बताइन्थ्यो, उहाँ थोरै पनि आश्चर्य मान्नुहुन्नथ्यो; बरु पापले मानिसलाई पुऱ्याउने तुच्छ अवस्थाको बारेमा विचार गर्दा अझ बढी कुराहरू नसुनिएकोमा आफूलाई आश्चर्य लागेको हो भनी भन्नुहुन्थ्यो; र आफ्नो पक्षबाट उहाँ तुरुन्तै परमेश्वरको सिंहासन अगि जानुहुन्थ्यो, र किनभने परमेश्वरले त्यस्तालाई सुधार्न सक्नुहुन्छ, यद्यपि उहाँको दूरदर्शी वास्तासहितको व्यवस्थामा दुष्टतालाई उहाँले मान्य र उपयोगी कारणहरूले हुन दिनुभएको छ, उहाँ त्यो पापीको लागि प्रार्थना अन्तर्बिन्ती गर्नुहुन्थ्यो, र त्यसो गरेपछि परमेश्वरको शान्तिमा रहनुहुन्थ्यो।

मलाई एउटा घटनाको सम्झना छ। दाजु लरेन्सले एउटा विषयमा आफ्नो मन लगाएर लामो समयदेखि परिश्रम गर्नुभएको थियो, जुन उहाँको लागि निकै महत्त्वपूर्ण थियो। तर एक दिन, उहाँलाई कुनै पूर्वसूचना बिना नै मैले

भने कि उच्च अधिकृतहरूले त्यसको विरुद्धमा निर्णय गरेकाले अब त्यो काम गर्न पाइनेछैन। अति सरल रूपमा उहाँले जवाफ दिनुभयो, "उहाँहरूले त्यो निर्णय गर्नु पछाडि असल कारणहरू छन् भनी हामीले विश्वास गर्नुपर्छ, र अहिले हाम्रो कर्तव्यचाहिँ आज्ञापालन गर्नु र त्यसको बारेमा केही नभन्नु हो।" उहाँले साँच्ची नै त्यसो गर्नुभयो, र पछिको समयमा त्यसको बारेमा बोल्ने धेरै अवसरहरू भए तापनि त्यसको बारेमा उहाँले आफ्नो मुख पनि खोल्नुभएन।

एकपल्ट दाजु लरेन्स धेरै रोगी हुनुहुन्थ्यो, एउटा अति पवित्र जीवन बिताउने मानिस (फ्रान्स्वा फिनेलन - François Fénelon) उहाँलाई भेट्न आउनुभयो, र यदि परमेश्वरले अनुमति दिनुभयो भने पवित्रतामा अझै बढ्नको लागि अझै केही समय बाँच्नु अथवा तुरुन्तै स्वर्गमा स्विकारिनु भन्नेको बिच दाजु लरेन्सले के छान्नुहुनेछ भनी उहाँले सोध्नुभयो। असल दाजु अलि पनि अकमकाउनु भएन; उहाँले जवाफ दिनुभयो, कि उहाँले छनोटलाई परमेश्वरकै हातमा छोड्नुहुन्छ; कि परमेश्वरले आफूलाई उहाँको इच्छा के हो भनी नदेखाउन्जेल शान्तिसँग पर्खिनुबाहेक गर्नु अरू केही छैन।

यो मनोभावले उहाँलाई हरेक कुराप्रति यस्तै एउटा ठुलो निष्पक्षतामा र यस्तै एउटा सिद्ध स्वतन्त्रतामा डोऱ्यायो, त्यो धन्यको मानिसको स्वतन्त्रता जस्तो थियो। उहाँमा कुनै पक्षपात थिएन, उहाँको गुणमा स्वार्थीपनको सानो अंश पनि भेट्टाउन सक्दैन थियो, न त सामान्यतया मानिसहरूमा देखिने प्राकृतिक चाहनाहरूद्वारा उत्पन्न हुने पूर्वाग्रह भेटिन्थ्यो। उहाँ एकदमै विपरीत स्वभावका मानिसहरूको लागि पनि समान रूपमा प्रिय हुनुहुन्थ्यो। उहाँले कुनै व्यक्तित्वको मतलब नगरी सबैको लागि भलाइ चाहनुहुन्थ्यो, उहाँ स्वर्गीय नागरिक हुनुहुन्थ्यो, कुनै पनि कुराले उहाँलाई संसारमा साङ्लो लगाउन सकेन; उहाँको दर्शन समयद्वारा सीमित पारिएको थिएन, अनन्त परमेश्वरप्रतिको लामो चिन्तनले उहाँ अनन्त परमेश्वरजस्तै हुनुभयो।

उहाँको लागि सम्पूर्ण कुराहरू बराबर नै हुन्थे - हरेक स्थान र हरेक

कर्तव्य। असल दाजुले परमेश्वरलाई जहाँ पनि भेटाउनुहुन्थ्यो, समूहसँग मिलेर प्रार्थना गर्दा परमेश्वरको अनुभूति जति नजिक रूपमा गर्नुहुन्थ्यो त्यति नै सबैभन्दा साधारण काममा हुँदा पनि। उहाँले एकान्तमा जान आफूमा कुनै हतार देख्नुहुन्न थियो, किनभने मरुभूमिको शान्ततामा जसरी नै सामान्य कामहरूको बिचमा पनि प्रेम गर्न र आराधना गर्न उहाँले उनै परमेश्वरलाई भेट्नुहुन्थ्यो।

*परमप्रभुकहाँ जान र उहाँको उपस्थितिमा रहनको लागि उहाँको एउटा माध्यमचाहिँ सबै कुरा उहाँको प्रेमको खातिर गर्नु थियो।* उहाँलाई यो काम अथवा त्यो काम भन्ने कुरा बेमतलबको कुरा हुन्थ्यो, साथै त्यसमा उहाँले परमप्रभुको महिमा खोज्नुहुन्थ्यो। उहाँले आफ्नो हातमा भएको कामलाई होइन तर परमेश्वरलाई हेर्नुभयो। उहाँलाई थाहा थियो, कि काम जति बढी उहाँको झुकाव विपरीत छ त्यति नै महान् र अधिक आशिष्मय हुन्छ प्रेम, जसले आफ्नो इच्छालाई परमेश्वरमा बलिदान गर्न लगाउँथ्यो; कामको अल्पताले अलिकति पनि त्यसलाई परमेश्वरमा चढाउने कुरालाई घटाएन, किनभने *परमेश्वरले कामको महानतालाई होइन, तर त्यसलाई उत्प्रेरणा गर्ने प्रेमको ख्याल गर्नुहुन्छ।*

दाजु लरेन्समा भएको अर्को एउटा उल्लेखनीय गुणचाहिँ उहाँको मनको दृढता थियो। यस्तो गुणलाई जीवनको अर्को मार्गमा एउटाले निडरता भनी भन्थ्यो होला, जसले परमेश्वर नभएका अरू सबै कुराप्रतिको डर र आशाभन्दा अतिमाथि उचालिएको एउटा महान् प्राणको प्रमाण दिन्छ। उहाँ कुनै पनि कुरादेखि छक्क पर्नुभएन, कुनै पनि कुराले उहाँलाई चकित पारेन, न त डरको कारण बन्न सक्यो। यो प्राणको स्थिरता उहाँका अरू सबै सद्गुणहरू उम्रेको त्यही नै स्रोतबाट उम्रेको थियो। परमेश्वरप्रति उहाँले बोक्नुभएको उच्च विचारले उहाँको सृष्टिकर्ताको एउटा दृश्यलाई परमेश्वरको पूर्ण सार्वभौम न्याय र असीम दयाको साथ उहाँको हृदयमा प्रकट गरायो। यसमा आधारित भएर उहाँ ढुक्क हुनुहुन्थ्यो, कि परमेश्वरले उहाँलाई कहिल्यै धोका दिनुहुन्न, र उहाँलाई भलाइ हुने खालका कुराहरूलाई

मात्र अनुमति दिनुहुन्छ, किनभने उहाँले आफ्नो पक्षबाट परमेश्वरलाई कहिल्यै दुःखित नतुल्याउने, तर सबै कुरा उहाँको प्रेमको खातिर गर्ने र बोक्ने सङ्कल्प गर्नुभएको थियो।

एक दिन मैले उहाँको निर्देशक को हो भनी सोधेँ। उहाँले उत्तर दिनुभयो,, कि उहाँलाई त्यस्तो कोही छैन, र उहाँले विश्वास गर्नुहुन्थ्यो, कि उहाँलाई त्यस्तो कोही चाहिँदैन; किनभने उहाँको स्थानको विधि र कर्तव्यले बाहिरी कुराहरूमा उहाँको मार्ग तोकिदिएको छ, जसरी सुसमाचारले परमेश्वरलाई उहाँको सारा हृदयले प्रेम गर्नुपर्ने भित्री जीवनको दायित्व तोकिदिएको छ; यो थाहा पाएको हुँदा एउटा निर्देशकको आवश्यकता भएको जस्तो उहाँलाई लागेन, तर उहाँलाई आफ्नो पाप सुनि क्षमाको लागि बिन्ती गरिदिने एउटा सेवकको ठुलो आवश्यकता थियो।

जो आफ्ना विचारहरू र भावनाहरूबाहेक अन्य कुनै पनि निर्देशनलाई स्वीकार गर्दैनन्, र जो आफूमा भक्तिको भावना छ कि छैन भनी आफूलाई जाँच्नुभन्दा महत्त्वपूर्ण काम केही छैन भन्ने कल्पनामा जिउँछन्, त्यस्ताहरूले कुनै स्थिरता पाउँदैनन्, न त केही निश्चित विधि नै तिनीहरूका लागि हुन्छ, किनभने हाम्रा विचारहरू निरन्तर रूपमा बदलिरहन्छन्, कोही बेला आफ्नै अल्छीपनाले, कोही बेला परमप्रभुको आदेशअनुसार, जसले हामीप्रतिको आफ्ना वरदानहरूलाई हाम्रो आवश्यकताअनुसार बदल्नुहुन्छ।

अर्कोपट्टि हाम्रो असल दाजु विश्वासको मार्गमा दृढतापूर्वक लागिरहनुभयो, जुन कहिल्यै बदि्लँदैन। उहाँ सधैँ समान रहनुहुन्थ्यो, किनभने उहाँको प्राथमिकता परमेश्वरले उहाँलाई राख्नुभएको स्थानका कर्तव्यहरूलाई पूरा गर्नुमा थियो, र त्यो स्थानका सद्गुणहरूबाहेक अन्य कुनै पनि कुराहरूलाई उहाँले प्रशंसनीय ठान्नुभएन। उहाँको विचारलाई ध्यान दिनुको सट्टामा अथवा आफूले हिँडेको बाटोलाई जाँच्न रोक्नुको सट्टामा उहाँले आफ्नो नजर सधैँ परमेश्वरमाथि मात्र अडिग राख्नुभयो, जोचाहिँ उहाँको दौडको लक्ष्य हुनुहुन्थ्यो, र दैनिक नम्रता र धार्मिकता र प्रेमका कर्महरूद्वारा

परमेश्वरतिर लम्किरहनुभयो। के गर्ने भनी सोच्नुमा भन्दा पनि गर्नुमा उहाँले आफूलाई लगाउनुहुन्थ्यो।

बलियो जगमाथि निर्माण गरिएको दाजु लरेन्सको भक्तिमा काल्पनिक कुराहरूप्रतिको झुकाव थिएन। उहाँ विश्वस्त हुनुहुन्थ्यो, कि त्यस्ता साँचो कुराहरू (भक्तिहरू) अक्सर प्राणको कमजोरीका लक्षणहरू हुन्, जुन परमेश्वरभन्दा उहाँका वरदानहरूमा सन्तुष्ट रहन्छ। उहाँ नवआगन्तुक भएको बेलादेखि उहाँको आचरणमा त्यस्ता केही थिएन, कमसेकम उहाँको विश्वास जितेका र जोसित उहाँले सामान्यतया आफ्ना मनका कुराहरू पोखाउनुहुन्थ्यो, ती व्यक्तिहरूले त्यस्ता केही सुनेका अथवा देखेका थिएनन्।

उहाँको जीवनभरि नै उहाँले निश्चित र पक्का विश्वासको मार्गमा सन्तहरूका पाइलाहरूलाई पछ्याउनुभयो। उहाँ सबै हिँडेको मार्गबाट बरालिनुभएन, जुनले ती सद्‌गुणहरूको अभ्यासद्वारा उद्धारतिर डोर्‍याउँछ, जुन मण्डलीले आरम्भदेखि नै घोषणा गर्दै आएको थियो; अरू सम्पूर्ण कुरातिर उहाँको दृष्टिकोण शङ्कालु थियो। उहाँको ठुलो सामान्य ज्ञान र सरल विश्वासद्वारा प्राप्त गरेको ज्योतिले ती डुबिएको अवस्थामा रहेका चट्टानहरूको बारेमा चेतावनी दिन्थे, जसलाई एक जनाले आफ्नो आत्मिक यात्रामा भेट्टाउँछ, र जसमाथि धेरै प्राणहरूले जिज्ञासा र कल्पना, र नवीनताको प्रेम र मानवीय अगुवाइको बहाइले आफूलाई बगाउन दिएर आफ्नो विश्वासको जहाज डुबाएका छन्।

यद्यपि यी विनाशहरूबाट जोगिनुजस्तो अरू सजिलो कुरा केही छैन, जब हामी परमेश्वरलाई मात्र खोज्छौँ। धार्मिक विषयहरूमा जे कुरा नयाँ छ ती कुराहरू ध्यानसितको परीक्षणको आवश्यकतामा छ, किनभने सद्‌गुण बिस्तारै बढेर सिद्धतामा पुग्ने कुराहरूको गन्तीमा पर्दैन, तर त्यसको विपरीत सुरुदेखि नै सिद्ध हुन्छ।

यस्ता जीवनद्वारा तयार भएको दाजु लरेन्सले मृत्यु नजिकिँदै आएको

कुरालाई विनाचिन्ता देख्नुभयो। उहाँको धैर्य साँच्ची नै उहाँको जीवनभरि नै ठुलो थियो, तर उहाँ जीवनका अन्तिम समयहरूमा पुग्दा त्यो बढेर अझ बलियो भएको थियो। जब उहाँ अति ठुलो पीडाले सताइनुभएको थियो, उहाँ कहिल्यै अलिकति पनि चिन्तित हुनुहुन्न थियो। आनन्द उहाँको मुहारमा मात्र देखिएन, तर अझ बढी उहाँको बोलीमा देखिन्थ्यो; वास्तवमा यति धेरै थियो, कि उहाँलाई भेट्न आएकाहरूले उहाँ पीडामा हुनुहुन्न हो कि भनी उहाँलाई सोध्न बाध्य भए। उहाँले जवाफ दिनुहुन्थ्यो,

"मलाई माफ गर्नुहोला, हो, म पीडामै छु, मेरो एकपट्टिको घाउको पीडाले मलाई सताइरहेको छ, तर मेरो आत्मा आनन्दित र अति सन्तुष्ट छ।" तिनीहरूले अझै सोधे, "मानौँ, अझै दश वर्ष तपाईं पीडामा रहनु परमेश्वरको इच्छा हो, तब के हुन्छ?" उहाँले जवाफ दिनुभयो, "यदि परमेश्वरको इच्छा त्यही नै हो भने म पीडामा रहनेछु, दश वर्षसम्म मात्र होइन, तर न्यायको दिनसम्म; र म आशा गर्नेछु, कि उहाँले आफ्नो अनुग्रहद्वारा त्यसलाई आनन्दसाथ सहन सहायता निरन्तर दिनुहुनेछ।"

उहाँको एक चाहनाचाहिँ उहाँका सबै पापहरूको लागि परमेश्वरको प्रेमको खातिर उहाँले केही सहन पाएको होस्, र उहाँको अन्तिम अस्वस्थपनामा यो जीवनमा पीडा सहन एउटा अनुकूल अवसर भेट्टाएर उहाँले त्यसलाई हार्दिक रूपमा अँगाल्नुभयो। चाहेर नै भाइहरूलाई आफूलाई दायाँपट्टि फर्काउन भन्नुहुन्थ्यो; उहाँलाई थाहा थियो, कि यस अवस्थाले बढी पीडा दिन्थ्यो, र यसैले उहाँको पीडा सहने तीव्र इच्छालाई सन्तुष्ट पार्नको लागि त्यही अवस्थामा रहन चाहनुभयो। एउटा भाइले, जो उहाँको ओछ्यानको छेउमा उहाँलाई वास्ता पुऱ्याउँथ्यो, केही हदसम्म उहाँलाई विश्राम दिन चाहन्थे; तर दुई पल्ट दाजु लरेन्सले भन्नुभयो, "म तपाईंलाई धन्यवाद दिन्छु मेरो प्रिय भाइ, तर मैले तपाईंलाई बिन्ती गर्छु, परमेश्वरको प्रेमको खातिर थोरै दुःख भोग्न मलाई दिनुहोस्।" अक्सर पीडाका घडीहरूमा उहाँ तीव्रतासाथ कराउनुहुन्थ्यो, "मेरा परमेश्वर, म तपाईंलाई मेरा दुर्बलताहरूको बिचमा आराधना गर्छु। अहिले, अहिले म तपाईंको लागि

केही सहन पाउनेछु, असल भयो, यस्तै होस्, म तपाईंसितै पीडा सहन र मर्न पाऔँ।" त्यसपछि उहाँले भजनसंग्रह ५१ को यी पदहरूलाई दोहोऱ्याउनुहुन्थ्यो, *"हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, मलाई तपाईँको उपस्थितिबाट नहटाउनुहोस् । तपाईँको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस् ।"*

यो जीवन छोड्ने घडी नजिकिँदा उहाँले अक्सर भन्नुभयो, "ओहो, विश्वास, विश्वास;" अन्य कुनै लामो अभिव्यक्तिहरूभन्दा यो साँच्ची नै उहाँको जीवनलाई पूर्ण रूपमा समेट्ने कुरा थियो। परमेश्वरप्रतिको उहाँको आराधना कहिल्यै बन्द भएन; उहाँले त्यो मठको एक जना भाइलाई भन्नुभयो, कि उहाँको प्राणमा परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई अनुभूति गर्न अब उप्रान्त विश्वासको आवश्यकता झन्डै छैन, किनभने दृष्टिद्वारा विश्वास पहिले नै झन्डै पूर्ण रूपमा निलिएको छ।

त्यो अन्धकारमय घाटीमा, जसबाट धेरै जना पछि हट्छन्, उहाँको साहस चकित पार्ने खालको थियो, कि उहाँले सोधेको एक जनालाई भन्नुभयो, कि उहाँ न त मृत्यु, न त नरक, न त परमेश्वरको न्याय, न त दुष्टको आक्रमणसँग डराउनुहुन्छ।

उहाँका शब्दहरू सान्त्वना र अनुग्रहले यति भरिएका थिए, कि त्यहाँका समूहका धेरै भाइहरूले उहाँलाई प्रश्न गर्थे। एक जनाले उहाँलाई सोधे, जीवित परमेश्वरका हातमा पर्नु कति डरलाग्दो कुरा हो भनी उहाँलाई थाहा थियो, कि किनभने कुनै पनि मानिसले, त्यो जो भए पनि ऊ परमेश्वरको प्रेम प्राप्त गर्न योग्य छ कि छैन भन्ने निश्चित रूपमा जान्दैन। दाजु लरेन्सले भन्नुभयो, "म सहमत छु, तर घमन्डमा पर्ने डरको खातिर मैले त्यो जान्न चाहनु हुँदैन: परमेश्वरको हातमा छोडिदिनुभन्दा हामीले गर्न सक्ने उत्तम कुरा केही छैन।"

उहाँले इसाई अन्तिम संस्कार (पश्चात्ताप, तेलको अभिषेक र प्रभु–भोज) स्वीकार गरेपछि एक जना भाइले उहाँलाई सोध्नुभयो, यदि उहाँ आराममा

हुनुहुन्छ, कि र उहाँको मन केही कुरामा व्यस्त छ। उहाँको जवाफ यस्तो थियो: "मैले यो गरिरहेको छु, जुन म अनन्तसम्म गरिरहनेछु – परमेश्वरलाई धन्यवाद दिनु, परमेश्वरलाई प्रशंसा गर्नु, परमेश्वरलाई आराधना गर्नु, मेरो पूर्ण हृदयको प्रेमलाई उहाँलाई दिनु। मेरा भाइहरू, *यो नै हाम्रो एक मात्र काम हो, अरू कुनै कुरालाई नसोचीकन उहाँलाई आराधना गर्नु र उहाँलाई प्रेम गर्नु ।*"

समूहको एक जनाले दाजु लरेन्सलाई प्रार्थनाको अनुरोध गर्नुभयो, र आफूले साँचो प्रार्थनाको आत्मा पाउनको लागि परमेश्वरलाई अन्तर्विन्ती गर्न बिन्ती गर्दा उहाँले जवाफ दिनुभयो, कि त्यस्तो एउटा इनाम पाउन उनलाई योग्य तुल्याउन उनको तर्फबाट पनि परिश्रमको आवश्यकता छ।

यी नै उहाँका अन्तिम शब्दहरू थिए। भोलिपल्ट सोमबार फेब्रुअरी महिना १२ तारिख बिहान ९ बजे कुनै पीडा अथवा तड्पाइविना, उहाँका इन्द्रियहरूको क्षमता अलिकति पनि नगुमाईकन दाजु लरेन्स उहाँको प्रभुको अँगालोमा जानुभयो, र गहिरो निद्रामा परेको मानिसजस्तो शान्ति र शान्ततामा आफ्नो प्राणलाई परमेश्वरको हातमा दिनुभयो।

इसाई दर्शनशास्त्रको अभ्यासको प्रस्ट चित्र दिन सक्ने यो असल दाजुको जीवन र मृत्युभन्दा अरू केही छैन। उहाँ त्यो समूहका एक सदस्य हुनुहुन्थ्यो, जसका मानिसहरूले पुराना समयदेखि नै संसारलाई त्यागेर पूर्ण हृदयका साथ आफ्नो शक्तिलाई आत्मिक जीवनको विकास गर्न र परमेश्वर तथा उहाँका पुत्र येशू ख्रीष्टको ज्ञान प्राप्त गर्न समर्पण गरेका थिए। तिनीहरू समर्पित प्राणहरू थिए, जसले सुसमाचारलाई आफ्नो जीवनको एक मात्र नियम बनाएका थिए र विश्वासयोग्यताका साथ क्रूसको पवित्र दर्शनशास्त्रलाई घोषणा गरेका थिए।

अलाक्जान्ड्रियाको सन्त क्लमन्तले आफ्नो सातौँ किताबमा तिनीहरूको बारेमा यसरी व्याख्या गर्छन्। जब उहाँले एउटा दर्शनशास्त्री अर्थात् एउटा बुद्धिमान् इसाईको महान् कामचाहिँ प्रार्थना हो भनी भन्नुभयो, उहाँले आफ्नो

विचारमा दाजु लरेन्स जस्तो एक जना व्यक्तिलाई राखेर बोल्नुभएको जस्तो लाग्छ। यस्ता एक जनाले हरेक ठाउँमा हरेक समयमा प्रार्थना गर्छ, साँच्ची नै धेरै शब्दहरूद्वारा होइन, न त धेरै बोलेकाले सुनुवाइ हुन्छ भन्ने विचारले, तर आफ्नो साथीसित हिँडिरहँदा वा बातचित गरिरहँदा, अथवा पढिरहँदा, मेचमा रहँदा, काममा हुँदा उनको प्राणको गहिराइमा गुप्तमा प्रार्थना गर्छ। उनको परमेश्वरप्रतिको प्रशंसा अटुट रूपमा माथि उठिरहेको हुन्छ; बिहान र दिउँसो मात्र होइन, तर आफ्ना सम्पूर्ण क्रियाहरूमा सराफहरूले गरेजस्तो परमेश्वरलाई महिमा दिइरहन्छन्। प्रार्थनाद्वारा आत्मिक कुराहरूप्रतिको निरन्तर चिन्तनले उनलाई विनम्र, नरम, धैर्यशाली बनाउँछ, जबकि परीक्षाहरूसँग युद्ध गर्न, सुख वा दुःखले आफूमाथि पक्राउ पाउन नदिईकन, फलामजस्तो बलियो बनाउँछ।

ध्यान गर्नुको आनन्दले, जसबाट उनले अतृप्त रूपमा निरन्तर पोषण पाइरहेको छ, उनलाई खोक्रो आनन्दहरूप्रति निश्चेष्ट तुल्याउँदछ। उनी परमेश्वरसँगको प्रेमद्वारा जीवित छन्, र विश्वासद्वारा ज्योतिहरूको ज्योतिको एउटा दर्शन पाएको हुँदा संसारले दिन सक्ने कुराहरूप्रति उनलाई केही रुचि छैन। प्रेमद्वारा उनले उनलाई के खाँचो छ त्यो अघिबाटै प्राप्त गरिसके, र उनले अरू कुनै कुरा चाहँदैनन्, किनभने यस जीवनमा उनले जति प्राप्त गर्न सक्छ त्यति तिनको हृदयले चाहेको कुरालाई प्राप्त गरिसके।

उनमा डरको कुनै ठाउँ छैन, किनभने यस जीवनको कुनै कुराले उनलाई हानि गर्न सक्दैन, न त तिनको हृदयलाई परमेश्वरको प्रेमबाट फर्काउन सक्छ। उनको मन सबै कुरा मिलेर भलाइ नै उत्पन्न गराउँछ भनी विश्वस्त पारिएकोले विश्राममा हुँदा उनको आत्मालाई शान्त हुन सिकाउनुपर्ने आवश्यकता उनलाई छैन। कुनै कुराले उनलाई अशान्त तुल्याउँदैन, र परमेश्वरको लागि उनमा भएको प्रेमको कारण रीस उनलाई थाहै छैन। डाहा उनमा प्रवेश पाउँदैन, किनभने उनलाई केहीको खाँचो छैन। उनले आफ्नो सह–मानवलाई सिर्फ मानवीय प्रेमले प्रेम गर्दैन, तर प्रेमिलो र प्रेम गर्ने पिताको प्रेम प्राप्त गर्ने पात्रहरूको रूपमा प्रेम गर्छ। उनको आत्मा अटल र

अपरिवर्तनीय छ, किनभने उनले आफ्ना सम्पूर्ण मार्गहरू परमेश्वरलाई समर्पण गरेका छन्, र उहाँमा मात्र विश्राम लिएका छन्।

यो अभिलेखलाई अन्त गर्नुभन्दा अगि मैले एउटा कुरालाई महान् शिक्षकको हातबाट, जो ग्रिसको विज्ञान र दर्शनशास्त्रभन्दा दाजु लरेन्ससँग समान भएको त्यही विश्वासको ज्योतिद्वारा अझ बढी चम्किनुभएको थियो। जब एक जनाले दाजुका सरल शब्दहरू र जीवनमा इसाई सिद्धान्त र अभ्यासको त्यही पूर्ण शुद्धता र सिद्धता भेट्टाउँछ, जसलाई मण्डलीका महान् ज्योतिहरूले हामीलाई प्रदान गरेका छन्, र जुन समान रूपमा सबैले प्रभु येशूबाट प्राप्त गरेका छन्, जो आफूलाई आफ्नै कल्पनामा बुद्धिमान् र विवेकी ठान्नेहरूबाट लुकाउनुहुन्छ र विनम्र र दीनहृदय भएकाहरूलाई प्रकट गर्नुहुन्छ,  एउटा अप्रख्यात साधारण दाजुसँग महान् शिक्षकहरू र शास्त्रीहरूलाई एउटै दर्जामा राखेकोमा कसैले ममाथि दोष लगाउन सक्छ?

नाजियनजसको सन्त ग्रेगरी भन्नुहुन्छ, “साँचो इसाई दर्शनशास्त्री जस्तो बहादुर र निडर अरू कोही पनि हुन सक्दैन। उनको हृदयको विशालताको अगाडि सबै कुराले बाटो दिन्छ; यदि एक जनाले उनलाई पृथ्वीले दिन सक्ने सम्पूर्ण कुराहरू इन्कार गरे पनि उनीकहाँ पखेटाहरू छन्, जसद्वारा उड्न सक्छन् र परमेश्वरमा आफ्नो शरणस्थान भेट्टाउन सक्छन्। उनलाई कुनै सीमा थाहा छैन; उनी भावनाहरूको आँधीको बिचमा अचल भएर  पृथ्वीमा पूर्ण रूपमा स्वर्गमा भएको मानिस जस्तै जिउँछन्। उनी सबै कुरामा झुक्छन् सिवाय आफ्नो साहसको महानतामा, र झुकेर उनलाई ढाक्न कल्पना गर्नेहरूलाई उछिन्छन्।

“उनी जीवनमा आवश्यक पर्ने कुराहरूलाई आवश्यकताले बाध्य पार्ने ठाउँसम्म प्रयोग गर्छन्। उनको एक मात्र बातचित परमेश्वरसँग हुन्छ। बाह्य इन्द्रियहरूका कुराहरूबाट माथि उठेको उनको प्राण अशुद्ध र सांसारिक कुराहरूको केहीलाई पनि नमिसाईकन दिव्यलाई प्रतिबिम्बित गर्ने एउटा निष्कलङ्क ऐना हो। दैनिक उनले उनमा भएका कुराहरूसित सद्‌गुणका

नयाँ ज्योतिहरू थप्छन्, जबसम्म अन्तमा उनी उहाँकहाँ आइपुग्दैनन्, जो ज्योतिको मूल हुनुहुन्छ, जसको ज्योतिमा उनले साँच्ची नै ज्योति देख्छन्, जब सत्यको महिमाले सबै रहस्यको अन्धकारलाई पूर्ण आनन्दको त्यो दिनमा हटाउँछ।" — यसमा हामीले हाम्रो साधारण दाजु र त्यस्तै मन र हृदय भएको सबैलाई समेट्न सक्छौँ।

दाजुले आफ्नो जीवनका दिनहरू बिताएको ठाउँ एउटा अति विकट कुना हो, यद्यपि उहाँको जीवनबाट ठुलो फाइदा उठाउन नसक्ने कुनै मानिस, ऊ जुनसुकै स्थान अथवा अवस्थाको भए पनि, छैन।

संसारका फिक्रीहरूले भरिएका मानिसहरूलाई तिनीहरूको कर्तव्यलाई विश्वासयोग्यता साथ पूरा गर्न परमेश्वरबाट अनुग्रह माग्न र उहाँको नजिक जान उहाँले सिकाउनुहुनेछ, कहिल्यै यो कुरालाई नबिर्सेर कि तिनीहरू परमेश्वरकहाँ जान सक्छन्, जब तिनीहरू अति व्यस्त छन्, बजारमा छन्, र मानिसहरू जम्मा हुने ठाउँमा छन्, अथवा विश्रामका घडीहरूमा। हाम्रो असल दाजुको उदाहरणद्वारा तिनीहरू आफ्नो गल्तीहरूको लागि उहाँको सामु आफूलाई विनम्र तुल्याउँदै परमेश्वरलाई उहाँका सबै अनुग्रहहरूको लागि र उहाँले तिनीहरूलाई गर्न प्रेरणा दिने असल कर्महरूको लागि धन्यवाद दिन प्रेरित हुनेछन्।

यी पानाहरूमा तिनीहरूले यस्तो एउटा भक्तिलाई भेट्टाउने छैनन्, जुन सिर्फ विचारमा आधारित छ, अथवा गोप्य कोठामा मात्र अभ्यास गर्न सकिन्छ। परमेश्वरलाई आराधना गर्ने र प्रेम गर्ने एउटा दायित्व हरेक मानिसमाथि राखिएको छ, र जबसम्म हाम्रा हृदयहरू परमेश्वरसित प्रेममा बाँधिँदैन, र हाम्रो सङ्गत हरेक क्षण उहाँकहाँ दौडेर जान बाध्य पार्ने गरी नजिक हुँदैन, साना बालकहरूजस्तै, जो आफ्नी आमाका प्रेमिलो हातहरूविना सिधा उभिन सक्दैनन्, हामीले यो गम्भीर कर्तव्यलाई पूरा गर्न सक्दैनौँ।

हाम्रो पितासँगको यो सङ्गत कठिन हुनुभन्दा धेरै टाढा यो अति सजिलो छ, र हरेकलाई अति खाँचो छ; यही कुराको बारेमा नै सन्त पावल भन्छन्, कि सबै इसाईहरू बाध्य पारिएका छन्। जसले यसलाई अभ्यास गर्दैन, जसले आफ्नो महान् आवश्यकतालाई महसुस गर्दैन, जसले एक्लै सही काम गर्न नसक्ने उसको असक्षमतालाई बुझ्दैन, ऊ आफ्नै बारेमा अनभिज्ञ छ, उसको पिताको परमेश्वरबारे अनभिज्ञ छ, उसको लागि भएको ख्रीष्ट येशूको आवश्यकताको बारेमा पूर्ण रूपमा अनभिज्ञ छ।

संसारको कुनै पनि काम वा फिक्रीहरूले हाम्रो यो कर्तव्यलाई बेवास्ता गर्न माफीको कारण बन्न सक्दैन। परमेश्वर जहाँ पनि हुनुहुन्छ, सबै ठाउँहरूमा र हामी उहाँको नजिक जान नसक्ने ठाउँ र हाम्रो हृदयमा उहाँको आवाजलाई सुन्न नसक्ने ठाउँ कुनै पनि छैन; एउटा सानो प्रेम सिर्फ एउटा अति सानो प्रेम, उहाँलाई भेट्टाउनु हामीलाई कठिन हुनेछैन।

जीवनका समस्याहरू र अन्यौलताहरूबाट अलग्गिएकाहरूलाई दाजु लरेन्सका पाइलाहरूलाई पछ्याउन अझ महान् अवसरहरू छन्। संसारका उद्देश्यहरू र प्रचलनहरूबाट, जुनचाहिँ त्यसको बोझले थिचिएकाहरूको लागि प्रायः तिनीहरूका चिन्ता र समस्याहरूको कारण बन्छ, प्रायः स्वतन्त्र भएकाले तिनीहरूलाई हाम्रो असल दाजुको उदाहरणलाई पछ्याउनुमा र – दाजु लरेन्सका आफ्नै शब्दहरूमा भन्नुपर्दा– सबै थोकको लागि उहाँलाई सबै थोक दिँदै जीवनको हरेक क्षणलाई र हरेक क्रियालाई परमेश्वरको प्रेमको खातिर जिउनु र गर्नुमा तिनीहरूलाई बाधा पुऱ्याउने कुरा केही छैन।

संसारबाट उहाँको पूर्ण अलग्याइ, स्वयम्लाई पूर्ण रूपमा बिर्सनु, जसले उहाँको मनलाई परमेश्वरले भरिनको लागि स्वतन्त्र राख्न आफ्नो उद्धारको बारेमा पनि सोच्न छोड्न लगायो, जीवनले ल्याउन सक्ने कुराहरूप्रतिको उहाँको उदासीनता र आत्मिक जीवनमा भएको उहाँको स्वतन्त्रता यी कुराहरूले मापनभन्दा बाहिरको आशिष्ले भरिएको परिणाम ल्याउनुमा असफल हुन सक्दैन।

दाजु लरेन्स, जसको खास नाम निकोलस हर्मन हो, एक साधारण भान्से र चप्पल मर्मत गर्ने व्यक्ति हुनुहुन्थ्यो जसले परमेश्वरको उपस्थितिलाई हरेक क्षणमा अनुभव गर्ने रहस्य पत्ता लगाउनुभयो। उहाँको साधारण जीवन स्थितिको बाबजुद पनि, उहाँको गहिरो शान्ति र स्वभावले धेरैलाई आकर्षित गऱ्यो, र प्रभावशाली व्यक्तिहरूले समेत उहाँबाट आत्मिक सल्लाह खोजे।

यो पुस्तक उहाँका तिनै कुराकानी र पत्रहरूमा व्यक्त गरिएका सरल तर गहिरो शिक्षाहरूको सङ्ग्रह हो। यसले हामीलाई देखाउँछ कि भान्साको कोलाहल होस् वा प्रार्थनाको शान्तिपूर्ण समय, हामी हरेक कामलाई कसरी परमेश्वरप्रतिको प्रेमको सुन्दर कार्यमा बदल्न सक्छौं र दिनभरको व्यस्तताको बिचमा पनि परमेश्वरको साथमा कसरी रहिरहन सक्छौं।

उहाँको यो अभ्यासको लागि न त समय, न त तालिम न त प्रतिभाको आवश्यकता छ, यो तपाईंको साँचो आनन्दको स्रोत हो।

**“यो सानो पुस्तक मलाई थाहा भएको मध्ये सबैभन्दा उपयोगी जस्तो लाग्छ।” - हन्ना विटल स्मित**

**“यस पतित ग्रहमा बसोबास गरेकामध्ये सबैभन्दा पवित्र प्राणहरूमा एक निकोलस हर्मन थिए, जो संसारभरि 'ब्रदर लरेन्स' का रूपमा परिचित सरल हृदयका इसाई थिए। उनले धेरै कम लेखे, तर उनले लेखेका ती थोरै कुराहरू इसाईहरूको धेरै पुस्ताले यति दुर्लभ र सुन्दर ठानेका छन् कि ती संसारका महान् भक्तिसम्बन्धी पुस्तकहरूमध्ये शीर्ष नजिकको स्थान पाउन योग्य भएका छन्।” – ए. डब्ल्यु. टोजर**

**Tabernacle of God Ministries**
**Bahrabise, Sindhupalchok, Nepal**
**Website : www.togmission.com**